# मध्यमकालीन खर्च संरचना

## आ.ब.२०८१/०८२-२०८३/०८४

# Medium Term Expenditure Framework

## F.Y-2024/025 - 2026/027

# लुम्बिनी सांस्कृतिक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### लुम्बिनी, रुपन्देही, लुम्बिनी प्रदेश ।

# परिच्छेद- १
# परिचय र उद्देश्य

## १.१ पृष्ठभूमि :

नेपालको संविधानले नागरिकको लागि प्रत्याभूत गरेको संबैधानिक हक, राज्यका नीति तथा निर्देशक सिद्धान्त, राष्ट्रिय सोच तथा अन्तराष्ट्रिय प्रतिबद्धता, संघीय तथा प्रादेशिक आवधिक योजना, नगरपालिकाको आवधिक योजना, बार्षिक बजेट तथा कार्यक्रम र बिभिन्न क्षेत्रगत रणनीतिक योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरु हासिल गर्न सार्वजनिक खर्च ब्यवस्थापनको महत्वपुर्ण भूमिका हुन्छ। आवधिक योजनालाई वार्षिक बजेट र कार्यक्रमसंग जोड्ने वित्तीय अनुशासनको औजारको रुपमा मध्यमकालीन खर्च संरचनाले विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक श्रोत ब्यवस्थापनलाई प्रभावकारी बनाउँन सहयोग गर्दछ।मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य तिनै तहका सरकारले गर्ने सबै खर्च प्राथमिकताका आधारमा बाडफाँड गरी खर्चको प्रभावकारिता बढाउनुका साथै नतिजासँग जोड्नु हो ।स्थानीय तहमा पनि यसले विकास योजनाको लक्षित नतिजा हासिल गर्न श्रोत-साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय अनुशासन जस्ता पक्षमा सुधार ल्याउँन महत्वपूर्ण भूमिका निर्बाह गर्दछ।

## १.२ अबधारणा र उद्देश्य

### १.२.१ अबधारणा

सार्वजनिक स्रोत ब्यवस्थापनको एक प्रयोगसिद्ध महत्वपूर्ण औजारको रुपमा मध्यमकालीन खर्च संरचनाले नगरपालिकासंग उपलब्ध सीमित श्रोत-साधनको वस्तुनिष्ठ आंकलन गर्ने र त्यसलाई आवधिक विकास योजनाले लिएका प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ।यस अन्तर्गत संघ तथा प्रदेशबाट नगरपालिका लाई विभिन्न शिर्षकमा प्राप्त हुने श्रोत, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य श्रोत समेत आंकलन गरी समष्टिगत बजेट खाका निर्धारण गरिन्छ।यसैको आधारमा खर्च क्षेत्रगत प्राथमिकता अनुरुप बिषयगत कार्यालय/शाखा र नगरपालिकाको अन्य निकायसंग सम्बन्धित नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक मध्यम अबधिको बजेट विनियोजन गर्न मध्यमकालीन खर्च अनुमानको विषयगत सीमा तयार गरिन्छ ।यसरी निर्धारण भएको बजेटको सीमा भित्र रहेर बिषयगत कार्यालय/शाखाले नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक खर्चको कार्यक्रम तथा आयोजनागत विनियोजन अनुमान गर्दछन्।यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ ।यसमा पहिलो वर्ष बजेटको वास्तविक अनुमान हुन्छ भने बाँकी दुई वर्षको बजेट प्रक्षेपण गरिन्छ।पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ ।जसमा पहिलो वर्षको प्रगति समिक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन गरी थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ ।यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आंकलन गर्नुपर्ने हुन्छ । यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र बस्तुनिष्ठ बनाउन महत्वपुर्ण भूमिका खेल्दछ ।

### १.२.२. उद्देश्यहरु;

नगरपालिकाले तर्जुमा गर्ने मध्यमकालीन खर्च संरचनाको मूख्य उद्धेश्य देहाय बमोजिम रहेका छन्;

१) बिभिन्न बिषय क्षेत्रगत रणनीतिक योजना, आवधिक योजना र बार्षिक बिकास कार्यक्रमलाई बजेटसँग सामान्जस्यता कायम गरी श्रोत-साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउनु,

२) उपक्षेत्र, कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकीकरण गर्न र प्राथमिकता प्राप्त आयोजनालाई श्रोतको सुनिश्चितता गर्नु,

३) सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व प्राप्त गर्नका लागि नगरपालिका लाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य श्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु,

४) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाइ लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

५) बजेट अनुमानलाई बढी वास्तविक बनाउनु,

### १.३ कानुनी तथा नीतिगत ब्यवस्थाः

सार्बजनिक खर्च ब्यबस्थापनको सन्दर्भमा संविधानले ब्यबस्था गरेको प्राबधानहरु एबं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक,सामाजिक, वाताबरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित बिभिन्न नीति,ऐन,नियमको कार्यान्वयन तथा दिर्घकालिन योजना,आवधिक योजना र बिषयगत रणनीतिक योजनाको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आबश्यक छ | सोहि मुताबिक यो मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित पक्षलाई आधार लिएको छ;

- नेपालको संबिधान
- स्थानीय सरकार संचालन ऐन,२०७४
- अन्तरसरकारी वित्त ब्यवस्थापन ऐन २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ र नियमावली २०७७,
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन,२०७८ (परिमार्जित)
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- लुम्बिनी सांस्कृतिक नगरपालिकाको प्रथम आवधिक योजना
- नगरपालिकाको नगर पार्श्वचित्र, बार्षिक नीति तथा कार्यक्रम एबम योजना र बिषयक्षेत्रगत नीति |

### १.४ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रियाः

लुम्बिनी सांस्कृतिक नगरपालिकाले आ.ब.०८१/०८२-०८३/०८४ अबधिको मध्यमकालीन खर्च संरचना तर्जुमा देहायको तालिका न.१ बमोजिमको प्रक्रिया बमोजिम गरेको छ |

तालिका न.१

| क्रियाकलाप | जिम्मेवारी |
|---|---|
| कार्यपालिकाका सदस्यहरु र विषयगत शाखा प्रमुखलाई अभिमुखीकरण गर्ने | कार्यदल |
| चालु आवधिक योजना तथा अन्य क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको समिक्षा | कार्यपालिका |
| त्रीवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र श्रोतको आंकलन तथा बजेट र मध्यमकालीन खर्च संरचना तर्जुमा मार्गदर्शन तयारी | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| मध्यमकालीन खर्च संरचनाको श्रोत अनुमान, बजेट सीमा र मार्गदर्शन पारित गर्ने | कार्यपालिका |
| क्षेत्रगत बजेट सीमा र मार्गदर्शन विषयगत समिति वडा कार्यालय र विषयगत शाखामा पठाउने | प्रमुख प्रशासकीय अधिकृत |

| | |
|---|---|
| बिषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी | बिषयगत शाखा/कार्यदल |
| विषयक्षेत्रगत रुपमा छलफल र प्राथमिकीकरण:<br>- आयोजना अन्तिम प्राथमिकताक्रम सहितको सुची तयार गर्ने (आयोजनाहरू गाभ्ने, हटाउने र आयोजनाको पुन प्राथमिकीकरण गर्ने) | विषयगत समिति |
| मध्यमकालीन खर्च संरचना, कार्यक्रम र बजेट प्रस्ताव गर्ने<br>- नयाँ आयोजना (श्रोतको अवस्था हेरी) छलफल गर्ने, पहिचान भएका आयोजनाको आवश्यकता, तयारी अबस्था र औचित्य हेरी बजेट छलफल गर्ने<br>- मध्यमकालीन प्रक्षेपण (बजेट स्रोत तथा खर्चको प्रक्षेपण) सहितको खाका तयार<br>- आयोजनाको विवरण तयारी<br>- नतिजा खाका तयारी, बजेट खाका, आर्थिक खाका र कार्यक्रम एवम आयोजनाको प्राथमिकीकरण तथा सान्केतिकरण | कार्यदल |
| मध्यमकालीन खर्च संरचना छलफल/परिमार्जन तथा आवश्यकता अनुसार सुझाब सहित कार्यपालिकामा पेश | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| बार्षिक बजेट तथा मध्यमकालीन खर्च संरचना उपर छलफल/परिमार्जन र स्वीकृत | कार्यपालिका |
| बार्षिक बजेट तथा मध्यमकालीन खर्च संरचना अनुमोदन | नगरसभा |

क) त्रिवर्षीय प्रक्षेपण सहित कुल बजेट र श्रोतको आकार निर्धारण: आ.ब.०७९/०८० को यथार्थ स्थिति, आ.ब.०८०/०८१ को संसोधित अनुमान, सङ्घ र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिंग, नगरपालिकाको राजश्व परामर्श समितिले सिफारिस गरेको आन्तरिक आय समेतको आधारमा आगामी ३ वर्षको बजेट तथा कार्यक्रम बारेमा वडा कार्यालय, सम्बन्धित बिषयगत कार्यालय, योजना तथा प्राविधिक महाशाखा र कार्यपालिकाले नीतिगत छलफल गरी आगामी आर्थिक वर्ष र थप २ आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रक्षेपण गरी प्रारम्भिक प्रतिवेदन तयार गरिएको छ । स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकाको समग्र आर्थिक अवस्थाको वर्तमान स्थिति, चालु आवधिक योजना, सङ्घ र प्रदेश सरकारवाट बिभिन्न शिर्षकमा प्राप्त हुने बजेट स्रोत, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम तथा रोयल्टी बापत प्राप्त हुने रकम, बाह्य एवम् आन्तरिक वित्तीय साधनको सम्भावना, करको लचकता, राजस्व प्रक्षेपण तथा कार्यगत नीति र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्ष र थप २ आर्थिक वर्षको कुल बजेटको आकार तयार गरेको।

ख) बजेट सीमा निर्धारण तथा बाँडफाँट : स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी ३ वर्षको स्रोत तथा खर्च अनुमान तथा प्रक्षेपणका आधारमा आर्थिक प्रशासन शाखा र योजना शाखाद्वारा निकायगत र विषयगत रुपमा चालु, पुँजीगत र वित्तीय व्यवस्थासहितको बजेटको सीमा र मार्गदर्शन तयार गरियो । माथि उल्लेख भएअनुसार तयार भएको निकायगत/विषयगत बजेट सीमा र मार्गदर्शन कार्यदलमा पेश भै आबश्यक छलफल तथा परिमार्जन गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति मार्फत कार्यपालिकामा स्वीकृतिको लागि पेश गरिएको थियो । कार्यपालिकावाट स्वीकृत बजेट सीमा र मार्गदर्शनलाई वडा कार्यालयसँगको प्रत्यक्ष सम्पर्क र सहयोग समेतको आधारमा

बिषय उपक्षेत्रगत र क्षेत्रगत रुपमा मध्यमकालीन खर्च संरचना तयार गर्न सम्बन्धित शाखामा प्रेषित भएको ।

ग) बिषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारीः

नगर कार्यपालिकाबाट स्वीकृत गरी पठाएको बजेट सीमा र मार्गदर्शनभित्र रही सम्बन्धित बिषयगत शाखाले आफ्नो बिषय क्षेत्रसँग सम्बन्धित कार्यक्रम तथा आयोजनामध्ये वडा कार्यालयसँगको समेत समन्वयमा आवश्यकता र प्राथमिकीकरणका आधारमा छनौट भएका आयोजना/कार्यक्रमहरूको त्रिबर्षीय खर्च प्रक्षेपण सहितको बिषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना विवरण तयार गरियो र यसरी उपक्षेत्रगत रुपमा तयार भएको मध्यमकालीन खर्च संरचनाको विवरणलाई कार्यदलले सम्बन्धित शाखा प्रमुखसँगको सहकार्यमा बिषयक्षेत्रगत रुपमा एकिकृत गरी बिषयक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयार गरी नगरपालिकाको आबाधिक योजना, नीति तथा कार्यक्रम, स्थानीय प्राथमिकता र बिषयक्षेत्रगत नीति तथा गुरुयोजना अनुरुप आबश्यक छलफल एबम् परिमार्जनको लागि सम्बन्धित विषयगत समितिमा पेश गरियो। बिषयक्षेत्रगत रुपमा प्रस्तावित मध्यमकालीन खर्च संरचनामा प्रस्तावित आयोजना/कार्यक्रम तथा उपक्षेत्रको रणनीतिक स्तम्भ, प्राथमिकीकरण, जलवायु संकेत, लैंगिक संकेत र दिगो विकास लक्ष्यका आधारमा सांकेतीकरण समेत गरिएको ।

घ) विषयगत समितिमा छलफल तथा परिमार्जनः बिभिन्न बिषयगत शाखाबाट प्रस्तावित भई कार्यदलले तयार गरेको आयोजना/कार्यक्रमहरूको त्रिबर्षिय खर्च प्रक्षेपण सहितको बिषयक्षेत्रगत मध्यमकालीन खर्च संरचना र बार्षिक बजेट माथी सम्बन्धित विषयगत समितिमा दफावार छलफल गरिएको। यसरी छलफल गर्दा नेपालको संविधान (मौलिक हक, राज्यका निर्देशक सिद्धान र नीतिहरू र सम्बन्धित स्थानीय तहको कार्यक्षेत्र/क्षेत्राधिकार), राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय आवधिक योजना, प्रादेशिक आबाधिक योजना, नगरपालिकाको आवधिक योजना, नीति तथा कार्यक्रम, आवश्यकता, समस्या र सम्भावना, क्रमागत आयोजना/कार्यक्रम, दिगो विकास लक्ष्य स्थानीयकरणका सवाल समेतको आधारमा छलफल गरी आयोजना/कार्यक्रम तथा उपक्षेत्रको प्राथमिकीकरण एवम् बजेट बाँडफाँट गरिएको।

ङ) एकिकृत मस्यौदा तयारः विषयगत समितिमा दफावार छलफल गरी प्रस्ताव भएका कार्यक्रम/आयोजना तथा उपक्षेत्रगत त्रिवर्षिय खर्च प्रक्षेपण सहितको बिषयक्षेत्रगत मध्यमकालीन खर्च संरचना र बार्षिक बजेट तथा कार्यक्रमलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले कार्यदलको सहयोगमा आबश्यक छलफल तथा परिमार्जन सहित मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा तयारी गरियो। सो क्रममा बजेट तथा कार्यक्रम तर्जुमा समितिले खर्चको माग र उपलब्ध स्रोत वीच सामन्जस्यता कायम हुनेगरी विश्लेषण गरी बिषय क्षेत्रगत माग र स्रोतको विवरण तयार गरिएको छ ।

च) कार्यपालिकामा पेश तथा स्वीकृतिः बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरेको मध्यमकालीनखर्च संरचनाको एकिकृत मस्यौदा स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्नुपर्दछ । पेश भएको एकिकृत मस्यौदा उपर नगर कार्यपालिकामा छलफल भई आबश्यकता अनुसार परिमार्जन सहित स्वीकृत गर्ने । कार्यपालिकाबाट स्वीकृत भएको मध्यमकालीन खर्च संरचनालाई अनुमोदनका लागि नगर सभामा पेश गर्ने ।

# परिच्छेद- २

## मध्यमकालीन खर्च संरचना

### २.१ पृष्ठभूमी

मध्यमकालीन खर्च संरचना तर्जुमा र कार्यान्वयनले सार्वजनिक बित्त ब्यवस्थापनलाई नतिजामुखी, बिबेकपूर्ण र आवश्यकता तथा औचित्यमा आधारित बनाउनुका साथै वित्तीय अनुशासन कायम गर्न मद्धत गर्दछ| मध्यमकालीन खर्च संरचना सार्बजनिक वित्त ब्यबस्थापनको एक महत्वपूर्ण औजारको रुपमा सरकारसँग उपलब्ध सीमित श्रोत-साधनको वस्तुनिष्ठ आंकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ ।मध्यमकालीन खर्च संरचनाको तर्जमा गर्ने सन्दर्भमा संघ तथा प्रदेशबाट नगरपालिकालाई विभिन्न शिर्षकमा प्राप्त हुने श्रोत, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य श्रोत समेत आंकलन गरी समष्टिगत बजेट खाका तयार गरिन्छ।यसैको आधारमा क्षेत्रगत र उपक्षेत्रगत प्राथमिकता अनुरुप बिषयगत शाखा र नगरपालिकाको अन्य निकायहरूसंग सम्बन्धित नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक मध्यम अबधिको बजेट विनियोजन गर्न मध्यमकालीन खर्च अनुमानको विषयगत सीमा तयार गरिन्छ।यसरी निर्धारण भएको बजेटको सीमा भित्र रहेर बिषयगत शाखाहरुले नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक खर्चको कार्यक्रम तथा आयोजनागत विनियोजन अनुमान गर्दछन्।यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ ।यसमा पहिलो वर्ष बजेटको वास्तविक अनुमान हुन्छ भने बाँकी दुई वर्षको बजेट प्रक्षेपण गरिन्छ।पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ।जसमा पहिलो वर्षको प्रगति समिक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन गरी थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ ।यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आंकलन गर्नुपर्ने हुन्छ।यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र बस्तुनिष्ठ बनाउन महत्वपुर्ण भूमिका खेल्दछ ।मध्यमकालीन खर्च संरचनाले नगरपालिकाको बजेट बिनियोजन तथा कार्यान्वयन कुशलता मार्फत नगरपालिकाको दिगो विकास तर्फ मार्गदर्शन गर्दछ |

नेपालको संविधानले परिकल्पना गरे बमोजिमको आर्थिक सामाजिक एबं भौतिक विकास प्राप्त गर्न नेपाल सरकारको दीर्घकालीन सोंच सहितको सोहौं आवधिक योजना, दिगो विकास लक्ष्यका स्थानीय सवाल, लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजना, नगरपालिकाको प्रथम आवधिक योजना र बार्षिक बजेट तथा कार्यक्रम र मध्यम अबधिमा हासिल गर्ने उपलब्धिको घोषणा तथा प्राथमिकतावीच तादात्म्यता कायम हुनेगरी आगामी ३ बर्षको प्रथम मध्यमकालीन खर्च संरचना (२०८१/८२-०८३/८४) तर्जुमा गरिएको छ |

## २.२ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा नगरपालिकाको आवधिक योजना, हालसम्मको बार्षिक बजेट तथा कार्यक्रम र नीतिलाई प्रमुख आधारको रुपमा लिइएको छ ।नगर विकासको आवधिक योजनामा उल्लिखित सोच, लक्ष्य तथा उद्देश्य, प्राथमिकता तथा रणनीति र विषय क्षेत्रगत सोच, लक्ष्य तथा उद्देश्य र रणनीतिलाई यस चक्रीय योजनाको समष्टिगत सोच, लक्ष्य उद्देश्य तथा रणनीति विषय क्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिका रुपमा उल्लेख गरिएको छ ।नगर स्थिति पत्र, तथा चालु आर्थिक बर्षको नीति तथा कार्यक्रम, सोहौं राष्ट्रिय योजना, लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजना एवं राष्ट्रिय, प्रदेश र नगरपालिकाको आवधिक योजना र विषयगत नीतिलाई समावेश गरिएको छ।सो अनुसार मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ |

### २.२.१ नगर विकासको दीर्घकालीन सोच

"समृद्ध, सुखी र खुशी नगरपालिका"

प्राकृतिक सम्पदाको उच्चतम सदुपयोग मार्फत तीव्र उत्पादनमुखी व्यवसायिक सम्पदा, पर्यटन, कृषि र उद्योगको विकास गरी आर्थिक समृद्धि हासिल गर्ने ।

### २.२.२ नगर विकासको लक्ष्य

"भूमिको वैज्ञानिक सदुपयोग गरी आधुनिक र व्यवसायिक पर्यटन र कृषिको विकास मार्फत कृषिमा आधारित उद्योगको स्थापना गरी आर्थिक क्रान्ति गर्ने ।"

### २.२.३ नगर विकासको उद्देश्य

नगरपालिकाको समग्र आर्थिक, सामाजिक तथा भौतिक बिकासको लागि लगानी बृद्धि गरी उपरोक्त लक्ष्य हासिल गर्न देहायअनुसारको उद्देश्य लिईएको छः

१. कृषि, उद्योग, पर्यटन लगायत आर्थिक सम्भावनाका क्षेत्रहरुको विकास मार्फत आर्थिक सम्वृद्धि हासिल गर्नु,

२. गुणस्तरीय शिक्षा र स्वास्थ्य प्रबर्द्धन मार्फत स्वस्थ, सृजनशील र सीपयुक्त मानव पुँजीको निर्माण गर्नु,

३. विकासका लागि अपरिहार्य सम्पूर्ण भौतिक पूर्वाधारको दिगो र सन्तुलित विकास गर्नु ।

४. वन, जैविक विविधता तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापन र विपद् उत्थानशिलता प्रवद्र्धन गर्नु,

५. पर्यटन क्षेत्रको विकास र बिस्तार मार्फत रोजगारी प्रबर्द्धन गर्नु,

६. सार्वजनिक सेवा प्रवाहलाई चुस्त र दुरुस्त पारी असल शासन स्थापित गर्नु ।

## २.२.४ रणनीति

नगर विकासको उल्लिखित सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्ने देहायअनुसारका सात प्रमुख रणनीतिहरू अबलम्बन गरिनेछ :

१ आर्थिक क्षेत्रका मूल स्तम्भहरु जस्तै कृषि, उद्योग र पर्यटन क्षेत्रको समुचित विकास गर्न ती क्षेत्रहरुलाई बैज्ञानिक र व्यवसायिक बनाई यसमा संलग्न मानव स्रोतलाई सक्षम र प्रतिस्पर्धि तुल्याउने ।

२ हरेक क्षेत्रको विकासमा अपरिहार्य आधारको रुपमा रहेका आधारभूत भौतिक पूर्वाधार जस्तै सडक, उर्जा, सिंचाई, खानेपानी आदिको विकासलाई उच्च प्राथमिकता दिने ।

३ सम्पूर्ण क्षेत्रको दीर्घकालीन विकासलाई प्रत्यक्ष प्रभाव पार्ने शिक्षा र स्वास्थ्य क्षेत्रको संस्थागत विकास गरी मानव स्रोत निर्माण, अध्ययन र अनुसन्धान तर्फ केन्द्रित नीति तथा कार्यक्रमलाई महत्वका साथ कार्यान्वयन गर्ने ।

४ सामाजिक न्याय स्थापित गरी समावेशिकरण र पछाडि परेका वर्गलाई मूल प्रवाहीकरण गर्न सहभागितामूलक विकास पद्धति अबलम्बन गरी राज्यको नजरमा कोही पछि नपर्ने नीति कार्यान्वयन गर्ने ।

५ विकास निर्माणका हरेक क्रियाकलापमा वातावरण संरक्षण र प्रवद्र्धन हुने क्रियाकलाप समेत गर्न सोको सुनिश्चितता गर्ने ।

६ जनमुखी असल शासन स्थापित गर्न सङ्घीय र लोकतान्त्रिक सफल राज्यहरुमा अवलम्बन गरिएका असल अभ्यासहरूलाई हाम्रो विशिष्टिकृत परिस्थिति अनुरुप अनुशरण गर्ने ।

## २.२.५ नगर विकासको प्राथमिकता तथा तुलनात्मक लाभको क्षेत्र (स्रोतः आवधिक योजना)

नगर विकासको उल्लिखित सोच, लक्ष्य तथा उद्देश्य र रणनीति हासिल गर्न देहायअनुसारका प्रमुख प्राथमिकता तथा तुलनात्मक लाभको क्षेत्र पहिचान गरिएको छ :

### कृषिक्षेत्र (कृषि ग्राम)

१३ वटै वडाको माटोको नमुनाहरु परीक्षण रिपोर्ट हेर्दा धेरैजसो जग्गाको माटो क्षारिय देखिन्छ । तसर्थ पि.एच को हिसाबले यहाँको माटो लगभग सबैजसो बालीको लागि उपयुक्त देखिदैन । क्षारियमाटो सुधार गर्न प्राङ्गारिक मल बढी मात्रामा प्रयोग गर्नुको साथै हरियो मलको प्रयोग गर्न सकिन्छ । यसका लागि बाह्रै महिना सिंचाइको सुविधा पुग्ने क्षेत्रको विकास र विस्तार गरी वैज्ञानिक, व्यवसायिक र तीव्र उत्पादनमुखि कृषिको प्रवद्र्धन गरी समग्र नगरपालिकालाई एक नमुना कृषि गा्रमको रुपमा विकास गर्न सकिन्छ ।

### पर्यटन

यस नगरपालिकाको केन्द्रमा विश्वभरका बौद्ध धर्मालम्बीको आस्थाको केन्द्र शाक्यमुनि गौतम बुद्धको जन्म भुमी र मायादेवि मन्दिर रहेको छ । बौद्ध धमार्वलम्बीको आस्थाको केन्द्र र अन्य पवित्र तिर्थ स्थलहरु पनि रहेको कारण यहा राष्ट्रिय र अन्तराष्ट्रिय बौद्ध धमार्वलम्बीका तथा आन्तरिक एव्म वाह्य पर्यटकहरुको अत्यधिक आगमन हुने गरेको छ । यस नगरपालिकामा रहेको मायादेवीको मन्दिर, कालि मन्दिर, रामजानकि मन्दिर, मस्जिद, समय माई स्थान, सिद्धेश्वर महादेव, कालीथान, दुर्गा मन्दिर, समय स्थान, लक्ष्मी मन्दिर, हनुमान मन्दिर, शिव मन्दिर, नाला, पोखरी, ताल, पार्क, पिकनिक स्थल, खेलकुद मैदान, संग्रहालय, लगायतका प्रर्यटकिय र धार्मिक स्थलहरु

रहेका छन । यति मात्र नभएर यहाँको लोकप्रिय संस्कृति, भाषा, कला, साहित्य, भेषभुषा, चाडपर्व, रिसोर्ट, होम स्टे जस्तोठाँउहरु विद्यमान रहनुका साथै कृषि ग्रामको रुपमा विकास गर्न सके कृषि पर्यटनको समेत व्यापक संभावना रहेकोले यस नगरलाई सम्पदा पर्यटकीय नगरका रुपमा विकास गर्न सकिने प्रशस्त आधार हरु रहेका छन ।

**स्थानीय कच्चा पर्दाथमा आधारित उद्योगहरु**

यस नगरपालिकाको प्रमुख विकास संवाहकको रुपमा रहेको कृषि क्षेत्रको समुचित विकास पश्चात कृषि उपजमा आधारित प्याकेजिङ, प्रशोधन र गुणस्तर कायम गरी त्यस्ता बस्तुहरूको ब्रान्डिङ गर्न, उद्योगहरु खोल्न सकिने दोस्रो ठूलो संभावना रहेको छ ।

## २.३ समष्टिगत आर्थिक खाका

लुम्बिनी सांस्कृतिक नगरपालिकाले तय गरेको दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य अनुरुप नगर क्षेत्रभित्र उत्पादन, रोजगारी, आय र लगानी लगायत सूचकहरुमा विगत आर्थिक वर्षको अवस्था, उपलब्धी, चालु आर्थिक वर्षको समीक्षाका आधारमा मध्यमअवधिको समष्टिगत आर्थिक खाका तयार गरिन्छ। खाका तयार गर्ने सिलसिलामा आवधिक योजनाको आधारमा बार्षिक योजनाको प्रभाव र असर तहको प्रमुख नतिजा सूचकलाई समेत आधार लिइएको हुन्छ।यस नगरपालिकाको समष्टिगत आर्थिक खाका देहायअनुसार रहेको छः

**तालिका २.१ प्रमुख समष्टिगत आर्थिक खाका (स्रोतः आवधिक योजना)**

| सि.नं. | सूचक/लक्ष्य | एकाई | गत आ.व. को उपलवधी | चालु आव. को अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ |
| १ | बार्षिक उत्पादन | | | | | | |
| १.१ | बार्षिक उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | ३४ | ३७ | ३९ | ४० | ४३ |
| १.२ | बार्षिक उत्पादनमा गैर कृषि क्षेत्रको योगदान | प्रतिशत | ६६ | ६३ | ६१ | ६० | ५७ |
| २ | औषत पारिवारिक आय | रु.लाखमा | १.४ | १.५५ | १.७ | १.७५ | १.८३ |
| ३ | उद्योग,व्यापार र व्यावसाय | संख्या | ५५० | ६१० | ६७५ | ७५० | ८४० |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | २२ | २५ | २८ | ३० | ३५ |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ८५ | ८८ | ९३ | ९५ | ९८ |

## २.४ प्रमुख नतिजा सूचक तथा समस्टिगत मध्यमकालीन नतिजा खाका

"समृद्ध नेपाल र सखी नेपाली" को राष्ट्रिय सोच तथा संकल्प र लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना तथा नगरपालिकाको आवधिक योजनाको सोच र लक्ष्य अनुरुप आगामी तिन आर्थिक बर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार समष्टिगत लक्ष्यहरुको विद्यमान स्थिति तथा आगामी ३ वर्षको अपेक्षित उपलब्धि तालिका २.२ मा प्रस्तुत गरिएको छ ।

तालिका २.२ प्रमुख समस्टिगत नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य(स्रोत:आवधिक योजना)

| क्र.स. | सूचक/लक्ष्य | एकाई | गत आ.व. को उपलवधी | मध्यमकालीन लक्ष्य | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | चालु आ.व. ०८०/८१ को संसोधित अनुमान | ०८१/०८२ | ०८२/८३ | ०८३/०८४ |
| १ | आफ्नो उत्पादनले ९ देखि १२ महिनासम्म खान पुग्ने कृषक परिवार | प्रतिशत | ३५ | ३९ | ४३ | ४७ | ५१ |
| २ | बार्षिक थप रोजगारी सिर्जना | संख्या | २०० | ३०० | ३५० | ४०० | ४८५ |
| ३ | खाद्यान्न बाली उत्पादन | मे.टन | १६८० | १७५० | १८२० | २०१० | २१९० |
| ४ | वार्षिक ३ लाख भन्दा बढी आम्दानी हुने घरपरिवार | प्रतिशत | २७ | ३१ | ३३ | ३६ | ४० |
| ५ | पर्यटन तथा सेवा क्षेत्रमा रोजगार | प्रतिशत | २० | २७ | ३१ | ३५ | ३९ |
| ६ | खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ८८ | ९० | ९४ | ९६ | ९८ |
| ७ | १२ है महिना सिंचाई हुने क्षेत्र (जम्मा खेतीयोग्य जमिनको) | प्रतिशत | ४० | ४५ | ५२ | ६० | ६८ |
| ८ | १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि | १२० | १३० | १५० | १७० | २१० |
| ९ | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ४८ | ५४ | ६० | ६८ | ७२ |
| १० | माध्यमिक शिक्षामा कुल भर्नादर | प्रतिशत | ८८ | ९० | ९२ | ९५ | ९८ |
| ११ | आधारभूत तहमा बिद्यालय छाड्ने दर | प्रतिशत | २० | १५ | १२ | १० | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | कम तौल भएका ५ बर्षमूनीका बालबालिका | प्रतिशत | ९ | ८ | ६.५ | ५ | ४ |
| १३ | पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने गर्भवती | प्रतिशत | ७४ | ८० | ८५ | ९० | ९४ |
| १४ | सुरक्षित शौचालय भएका घरधुरी | प्रतिशत | ३५ | ४२ | ४८ | ५४ | ६३ |

*स्रोतः प्रथम **आवधिक योजना***

## २.५ समष्टिगत मध्यमकालीन बजेट खाका

नगरपालिकाको खर्च अनुमान तथा स्रोत आँकलन गर्दा देहायका आधार अपनाइएको छ;

१. आर्थिक बर्ष २०७९/८० र २०८०/८१ को बार्षिक बजेट तथा कार्यक्रमको विवरण र खर्च को आधारमा आर्थिक बर्ष ०८१/८२ को खर्च तथा आयको प्रक्षेपण गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा नगरपालिकाको नीति तथा कार्यक्रम, लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ ।

२. यसै गरी ३ आर्थिक बर्षको स्रोत अनुमानको सन्दर्भमा सङ्घ सरकारबाट प्राप्त ३ आर्थिक बर्षको बिभिन्न अनुदान शिर्षकमा प्राप्त हुने बजेट सिलिंग,, सङ्घ र प्रदेशको राजस्व बाँडबाँटवाट प्राप्त हुने रकम, प्रदेश सरकारवाट प्राप्त हुने अनुदान, आन्तरिक आय र उपलब्ध हुने अन्य स्रोत को अनुमान तथा प्रक्षेपण गरिएको छ भने सोहि आधारमा आयोजना/कार्यक्रम तथा प्रशासनिक खर्चको लागि आवश्यक चालु एबं पुँजीगत खर्च अनुमान गरिएको छ ।

३ . उल्लेखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. २ अर्ब ८० करोड ४३ लाख २४ हजार ( सबै किसिमका सशर्त अनुदान समेत गरी प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ।यस मध्ये चालु खर्च रु.१ अर्ब ७३ करोड ८७ लाख ४२ हजार (सशर्त अनुदानको चालु खर्च समेत) र पुँजीगत खर्च रु. १ अर्ब ६ करोड ५५ लाख ८२ हजार रुपैया रहने प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तालिका २.३ मा उल्लेख गरिएको छ ।

तालिका न. २.३ आगामी तीन आर्थिक बर्षकोलागि नगरपालिकाको आय-व्यय विवरण (स्रोतः आर्थिक प्रशासन शाखा, नगरपालिकाको वित्त विश्लेषण)

| क्र.स. | विवरण | आ.व. ०७९/८०को यथार्थ | आ.व. ०८०/०८१ को संशोधित अनुमान | मध्यमकालीन वजेट अनुमान र प्रक्षेपण (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आ.ब.२०८१/०८२ | आ.ब.२०८२/०८३ | आ.ब.२०८३/०८४ | तीन वर्षको कूल |
| १ | खर्च अनुमान | १०३५९११ | ११४३५१० | ८७४९८४ | ९१८७३३ | १०१०६०७ | २८०४३२४ |
| | चालु खर्च | ६४१९५८ | ६३८२४६ | ५४२५०९ | ५६९६३५ | ६२६५९८ | १७३८७४२ |
| | पुँजीगत खर्च | ३९३९५३ | ५०५२६४ | ३३२४७५ | ३४९०९९ | ३८४००९ | १०६५५८२ |
| | वित्तीय व्यवस्था | ० | ० | ० | ० | 0 | ० |
| | कुल | १०३५९११ | ११४३५१० | ८७४९८४ | ९१८७३३ | १०१०६०७ | २८०४३२४ |
| २ | आय अनुमान | | | | | | |
| २.१ | आन्तरिक आय | २५२०३८ | ३९४९८० | ७१६०० | ७५१८० | ८२६९८ | २२९४७८ |
| २.२ | राजस्व बाँडफाँटबाट प्राप्त रकम (सङ्घीय सरकार) | १४७१६० | १४४१९७ | १५३१०० | १६०७५५ | १७६८३१ | ४९०६८६ |
| २.३ | राजस्व बाँडफाँटबाट प्राप्त रकम (प्रदेश सरकारवाट) | २८३०१ | २३८३४ | १९५६४ | २०५४२ | २२५९६ | ६२७०३ |
| २.४ | रोयल्टी बाँडफाँट (बिधुत) | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.५ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | ५५१५११ | ५४११८३ | ५८२१५१ | ६११२५९ | ६७२३८४ | १८६५७९४ |
| | समानिकरण अनुदान | २००७०० | १७३१०० | १७५००० | १८३७५० | २०२१२५ | ५६०८७५ |
| | ख.सशर्त अनुदान (चालु र पूँजीगत ) | ३४०८११ | ३४३५८३ | ४०११५१ | ४२१२०९ | ४६३३२९ | १२८५६८९ |
| | विषेश अनुदान | ० | ११५०० | ० | ० | 0 | ० |
| | समपुरक अनुदान | १०००० | १३००० | ६००० | ६३०० | ६९३० | १९२३० |
| २.६ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | ५०३४६ | ३९३१७ | ४८५६९ | ५०९९७ | ५६०९७ | १५५६६४ |
| | क.समानीकरण अनुदान | ११३४६ | १३१६७ | १२५६९ | १३१९७ | १४५१७ | ४०२८४ |
| | ख.सशर्त अनुदान (चालु र पूँजीगत ) | ११००० | १११५० | ११००० | ११५५० | १२७०५ | ३५२५५ |
| | ग. विशेष अनुदान | ८००० | ० | ५००० | ५२५० | ५७७५ | १६०२५ |
| | घ. समपूरक अनुदान | २०००० | १५००० | २०००० | २१००० | २३१०० | ६४१०० |
| २.७ | आन्तरिक ऋण | ० | ० | ० | ० | ० | ० |
| २.८ | जनसहभागिता | ० | ० | ० | ० | ० | ० |
| ३ | मौज्दात रकम ( आन्तरिक आयमा गणना गरिएको) | | | | | | |
| | कुल | १०२९३५६ | ११४३५११ | ८७४९८४ | ९१८७३३ | १०१०६०७ | २८०४३२४ |

## २.६ वजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड

विभिन्न आधारमा गरिएको मध्यमकालीन अबधिको (आ.ब.०८१/८२-०८३/०८४) बजेट अनुमान र प्रक्षेपणको तुलनात्मक विवरण तथा सांकेतिकरण देहायबमोजिम रहेको छ ।

**क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट**

रणनीतिक स्तम्भको आधारमा आगमी तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण को लागि लुम्बिनी सांस्कृतिक नगरपालिकाको आवधिक योजनामा उल्लेख भएको रणनीतिको आधारमा गर्नु पर्दछ ।

**ख. प्राथमिकताको आधारमा बाँडफाँट**

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ ।

तालिका २.५ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| प्राथमिकता क्रम | आयोजना/ कार्यक्रम | २०८१/८२ को व्यय अनुमान | | २०८२/८३ को खर्च प्रक्षेपण | | २०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | | ५५७९०० | ६४ | ५९७१७६ | ६५ | ६७७१०७ | ६७ |
| प्राथमिकता पहिलो (P2) | | ३१७०८४ | ३६ | ३२१५५७ | ३५ | ३३३५०० | ३३ |
| जम्मा | | ८७४९८४ | १०० | ९१८७३३ | १०० | १०१०६०७ | १०० |

नोटः *नगरपालिकाको आवधिक योजना बार्षिक बजेट तथा कार्यक्रम र आर्थिक प्रशासन शाखासँग (SuTRA) को समन्वयमा तयार गरिएको छ ।*

**ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट**

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ ।

तालिका २.६ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| सं. नं. | दीगो विकासका लक्ष्यहरु | आयोजना कार्यक्रम संख्या | २०८१/८२ को व्यय अनुमान | | २०८२/८३ को खर्च प्रक्षेपण | | २०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | | ३६४४९ | ४.१७ | ४०,०९४ | ४.३६ | ५०,११७ | ४.९६ |
| २ | शुन्य भोकमरी | | ५५४२४ | ६.३३ | ५५,४२४ | ६.०३ | ६०,९६६ | ६. |
| ३ | स्वस्थ्य जीवन | | ११५५४० | १३.२ | १२७,०९४ | १३.८३ | १४६,१५८ | १४.४६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | गुणस्तरीय शिक्षा | | २९३९२९ | ३३.५९ | ३०८,६२५ | ३३.५९ | ३३९,४८८ | ३३.५९ |
| ५ | लैंगिक समानता | | ९८४३ | १.१२ | १०,३३५ | १.१२ | १०,८५२ | १.०७ |
| ६ | सफा पानी र स्वच्छता | | २७४५९ | ३.१४ | २८,८३२ | ३.१ | २८,८३२ | २.८५ |
| ७ | आधुनिक उर्जामा पहुँच | | १२१०० | १.३८ | १२,१०० | १.३२ | १२,१०० | १.२ |
| ८ | समावेशी आर्थिक बृद्धि र मर्यादित काम | | ५२०५२ | ५.९५ | ५४,६५५ | ५.९ | ६२,८५३ | ६.२ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | | ४२१०८ | ४.८१ | ४३,३७१ | ४.७२ | ४८,१४२ | ४.७६ |
| १० | असमानता न्यूनीकरण | | ६६०५ | ०.७५ | ६,६०५ | ०.७२ | ६,९३५ | ०.६९ |
| ११ | दीगो शहर र समुदाय | | ३९२१५ | ४.४८ | ४२,४०६ | ४.६२ | ४८,०१८ | ४.७५ |
| १२ | दीगो उपभोग र उत्पादन | | १५००० | २ | १५,७५० | १.७१ | १७,३२५ | १.७१ |
| १३ | जलबायु परिवर्तन अनुकुलन | | ८५६० | ०.९८ | ८,९८८ | ०.९८ | ९,४३७ | ०.९३ |
| १४ | पानी मुनीको जीवन | | 0 | ०. | ० | ०. | ० | ०. |
| १५ | जमीन माथिको जीवन | | 0 | ०. | ० | ०. | ० | ०. |
| १६ | शान्ति तथा न्यायपूर्ण र सशक्त समाज | | १६०७०० | १८.३७ | १६४,४५४ | १७.९ | १६९,३८३ | १६.७६ |
| १७ | दीगो विकासका लागि साझेदारी | | | ०. | ० | ०. | ० | ०. |
| | जम्मा | | ८७४९८४ | १०० | ९१८,७३३ | १०० | १,०१०,६०७ | १०० |

*स्रोत: प्रथम आवधिक योजना, गत आ.ब तथा चालू आ.ब.को बार्षिक बजेट तथा कार्यक्रम र आर्थिक प्रशासन शाखा* **(SuTRA)**

**घ. लैंगिक संकेतको आधारमा बाँडफाँटः**

लैंगिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत गरिएको छ।

तालिका २.७ लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

*स्रोतः आवधिक योजना, गत आ.व तथा चालू आ.ब.को बार्षिक बजेट तथा कार्यक्रम र आर्थिक प्रशासन शाखा (SuTRA)*

| लैंगिक संकेत | आयोजना / कार्यक्रम संख्या | २०८१/८२ को व्यय अनुमान | | २०८२/८३ को खर्च प्रक्षेपण | | २०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिस्ट | | २४५०६७ | २८.०१ | २६९५७४ | २९.३४ | ३२३४८८ | ३२.०१ |
| प्रतक्ष्य | | ३१५३५० | ३६.०४ | ३३५३५० | ३६.५ | ३६२१७८ | ३५.८४ |
| तटस्थ | | ३१४५६७ | ३५.९५ | ३१३८०९ | ३४.१६ | ३२४९४१ | ३२.१५ |
| जम्मा | | ८७४९८४ | १०० | ९१८७३३ | १०० | १०१०६०७ | १०० |

**ङ. जलवायु संकेतको आधारमा बाँडफाँट**

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत गरिएको छ ।

तालिका २.८ जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

*स्रोतः आवधिक योजना, गत आ.व तथा चालू आ.ब.को बार्षिक बजेट तथा कार्यक्रम र आर्थिक प्रशासन शाखा*

(रु. हजारमा)

| जलबायु संकेत | आयोजना/ कार्यक्रम संख्या | २०८१/८२ को व्यय अनुमान | | २०८२/८३ को खर्च प्रक्षेपण | | २०८३/८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अति सान्दर्भिक | | १२१,५०५ | १३.८९ | १३३६५६ | १४.५५ | १६०३८७ | १५.८७ |
| सान्दर्भिक | | १७७,१५१ | २०.२५ | १९४८६६ | २१.२१ | २२४०९६ | २२.१७ |
| तटस्थ | | ५७६,३२८ | ६५.८७ | ५९०२११ | ६४.२४ | ६२६१२४ | ६१.९६ |
| जम्मा | | ८७४९८४ | १०० | ९१८७३३ | १०० | १०१०६०७ | १०० |

## २.६ विषय क्षेत्रगत बाँडफाँड

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ । विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान तथा प्रक्षेपण सम्बन्धी विस्तृत विवरण अनुसूची १ र २ मा उल्लेख गरिएको छ ।

तालिका २.९ आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाट तथा प्रक्षेपण (रकम रु. हजारमा)

| क्र.स. | क्षेत्र | २०८१/८२ को व्यय अनुमान | | | २०८२/८३ को खर्च प्रक्षेपण | | | २०८३/८४ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजिगत | कूल | चालु | पुँजिगत | कूल | चालु | पुँजिगत |
| १ | आर्थिक विकास | ४५५४७ | २७३२८ | १८२१९ | ४७८२४ | २८६९५ | १९१३० | ५२६०७ | ३४१९४ | १८४१२ |
| २ | सामाजिक विकास | ४१०१०४ | ३६७२२५ | ४२८७९ | ४३०६०९ | ३८५५८६ | ४५०२३ | ४७३६७० | ४१२५७७ | ६१०९३ |
| ३ | पूर्वाधार विकास | २५१५४७ | १२५७७ | २३८९७० | २६४१२४ | १३२०६ | २५०९१८ | २९०५३७ | १४५२७ | २७६०१० |
| ४ | वन,वाताबरण तथा विपद ब्यबस्थापन | २१९८ | २१९८ | ० | २३०८ | २३०८ | ० | २५३९ | २५३९ | ० |
| ५ | सार्बजनिक सेवा प्रबाह तथा संस्थागत सुशासन | १६५५८८ | १४०७५० | २४८३८ | १७३८६७ | १४७७८७ | २६०८० | १९१२५४ | १६८३०४ | २२९५० |
| | जम्मा | ८७४९८४ | ५५००७८ | ३२४९०६ | ९१८७३३ | ५७७५८२ | ३४११५१ | १०१०६०७ | ६३२१४१ | ३७८४६६ |

*स्रोत : आवधिक योजना बार्षिक बजेट तथा कार्यक्रम र आर्थिक प्रशासन शाखा* **(SuTRA)**

**आर्थिक वर्ष २०८१/०८२ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ । यसैगरी कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र संकेतको आधारमा बिषय क्षेत्रगत ३ आर्थिक बर्षको खर्च र स्रोतको अनुमान तथा प्रक्षेपण अनुसूची ३ मा समावेश गरिएको छ ।**

# परिच्छेद ३

# आर्थिक विकास

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमी

तराइको समथर भूभाग रहेको यो नगरपालिकामा मलिलो जमिनको प्रधानता रहेकोले नगरपालिकाको समृद्धिको प्रमुख संवाहकनै कृषि क्षेत्र हो ।यो नगरपालिका समुद्री सतहबाट ९६ मिटर देखि १०० मिटरको उचाइमा फैलिएको छ । कुल ११२.२१ वर्ग कि.मी क्षेत्रफल मध्ये ९०.६१ प्रतिशत जमिनमा हाल खेतीपाती भैरहेको छ । त्यसैगरी जल क्षेत्रको १.७१ प्रतिशत, वनजंगल (बगैचा) क्षेत्रले ४.९९प्रतिशत भू—भाग ओगटेको छ ।नगरपालिकाका १३ वटै वडामा खेतीपाती हुनसक्ने र भैरहेका प्रसस्त कृषि क्षेत्रहरु छन् ।हाल खेतीपाती भैरहेको क्षेत्र मलिलो र सघन खेतीपाती गर्न सकिने उर्वर क्षेत्रमा पर्ने भएकोले यो भूमिको पूर्ण सदुपयोग गर्न सके यो नगरपालिकालाई कृषिको नमूना क्षेत्रको रुपमा विकास गर्न सकिन्छ । नगरपालिकाको कुल जनसंख्याको ६० प्रतिशत भन्दा बढी कृषि पेशामा संलग्न रहेकोले नगरपालिकाको दीर्घकालीन विकास र समृद्धिका लागि यो क्षेत्रलाई बैज्ञानिकिकरण र व्यवसायिकीकरण गर्न सकिने प्रबल संभावना रहेको छ ।

नगरपालिकाको प्रमुख नगदे बाली उखु, मास, मुसुरो, अरहर, तोरी र अन्न बालीहरु धान, गहुँ, मकै, आदी हुन । यी क्षेत्रहरूमा समान प्रकृतिको भू—बनोट भएकाले एकीकृतरूपमा जलवायु अनुकूल माटोको प्रकृतिअनुसार बालीनाली तथा फलफूल र तरकारीको खेती सघन रुपमा गर्नु उपयुक्त देखिन्छ । यस्ता क्षेत्रहरूलाई उपयुक्तताको आधारमा कृषि पकेट क्षेत्र घोषणा गर्न सकिन्छ । विशेषगरीवडा नं. १ मा धान पकेट (खुनगाई) र तोरीको पकेट क्षेत्र भगवानपुर, वडा नं. ९ मा स्मार्ट तरकारी खेती, स्मार्ट धान खेती, वडा नं. १० मा धान, तरकारी (महिलवारी) र केरा खेती (लक्ष्मीपुर), वडा नं. ११ मा तोरी, काला निमक उन्नत धान र तोरी, कृषि पकेट क्षेत्रका रुपमा रहेका छन । तथा उष्ण क्षेत्रमा लगाइने सबै प्रकारका तरकारी बालीहरुको यहाँ प्रचुर संभावना रहेको छ ।

### ३.१.२ संभावना तथा अवसर

तराईको समथर एबम उर्भर भुमिमा र ठुलो बजार क्षेत्रको समिपमा रहेको यस नगरपालिकाको कृषि तथा खाद्ध सुरक्षा उपक्षेत्रको सम्भाबना र अवसरलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ :

- प्रसस्त मलिलो खेतीयोग्य जमिनको उपलब्धता हुनु ।
- भूमिगत जलस्रोतको उपलब्धता हुनु ।
- अधिकांश जनसंख्याको मुख्य पेशा कृषि रहनुु ।
- कृषिसम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरु अनुकूल हुनु ।
- वैदेशिक रोजगारीबाट फर्केको युवा जनशक्तिमा शिप हुनु तथा कृषि तर्फ आर्कषण बढ्नु ।
- स्थानीय सरकारले स्थानीय विशिष्टता र आवश्यकता अनुसार कृषि क्षेत्रलाई प्राथमिकता प्रदान गर्न सक्ने अधिकार हुनु ।
- मुख्य खाद्यान्न बालीमा धान, मकै, गहुँ लगायत उष्ण क्षेत्रमा पाइने सबैखाले फलफूल तरकारी र नगदेबालीको उत्पादन हुनु ।
- नगरपालिकामा विभिन्न हाट बजारहरूबाट कृषि लगायतका वस्तुहरूको बजारीकरण हुने गरेको ।

## ३.१.३ समस्या तथा चुनौती

यस नगरपालिकाका कृषि विकासका संभावनाका बाबजुत समस्या र चुनौती समेत रहेका छन् जुन देहाय बमोजिम रहेका छनः

- कृषिको वैज्ञानिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण हुन नसक्नु ।
- बैज्ञानिक भू—उपयोग योजना लागू गरी सम्पूर्ण खेतीयोग्य जमिनको पूर्ण सदुपयोग हुन नसक्नुले जमिन बाँझो रहनु ।
- बाढी, डुवान र कटानको समस्या हुनु ।
- बाह्रै महिना सिंचाइको सुविधा नहुनु तथा आकाशे खेतीमा भर पर्नु ।
- शीत भण्डारणको उपलब्धता नहुनु र कृषि बिमालाई पूर्ण प्रभावकारी बनाउन नसक्नु ।
- यूवाशक्ति कृषि पेशामा आर्कषित हुन नसक्नु ।
- किसानको कृषि सामाग्री, मल, वीउ, किटनाशक औषधि, औजार, ज्ञान र सिपको अपर्याप्तता र पहुँच कम हुनु ।
- खुल्ला सीमाका कारण भारतिय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्नु ।
- विचौलियाको बिगबिगी हुनुका साथै बजारको साथै बिक्री मूल्यको सुनिश्चितता नहुनु ।
- परम्परागत खेती प्रणाली हुनाले निर्वाहमुखी हुनु र उच्च प्रतिफल प्राप्त हुने उत्पादन तर्फ किसानहरुलाई आकर्षण गर्ने ठोस योजना नहुनु ।

## ३.१.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### सोच

"वैज्ञानिक, व्यवसायिक, उच्च प्रतिफल यूक्त निर्यातमुखी कृषि"

### लक्ष्य

नगरपालिकाको आर्थिक समृद्धिको मूल संवाहकको रुपमा कृषिको विकास गर्ने

### उद्देश्य

नगरपालिकाको कृषि तथा खाध सुरक्षा उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१ व्यवसायिक र उच्च प्रतिफलमुखी उत्पादनमा केन्द्रित हुनु ।

२ नमूना कृषि ग्रामको रुपमा विकास गर्नु ।

३ वातावरण मैत्री दिगो कृषि र कृषिमा आधारित उद्योगहरूको विकास गर्नु ।

४ व्यवसायिक जडीबुटी उत्पादनको सुरुवात गर्नु ।

## रणनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्य र बिषय उपक्षेत्रगत लक्ष्य-उद्धेश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति अवलम्बन गरिनेछ;

१. व्यवसायिक सोचको अभिवृद्धि गर्न कृषक अभिमुखीकरण तथा तालिमको व्यवस्था गर्ने

२. कृषि पकेट क्षेत्रको विकास गरी उच्च, प्रतिफलमुखी सघन खेती प्रणालीको अबलम्बन गर्ने

३ अत्यावस्यकिय कृषि सामाग्रीको पहुँच र उपलब्धता सुनिश्चित गर्ने

४ सहुलियत पूर्ण कृषि कर्जाको व्यवस्था गर्दै कृषि बिमालाई प्रभावकारी बनाउने

५ सघन कृषि उत्पादन क्षेत्रको वर्गीकरण र घोषणा गर्न्ने

६ कृषि ग्रामको विकासका लागि आवश्यक भौतिक कृषि पूर्वाधारको क्रमश विकास गर्ने

७ निजी क्षेत्र र अगुवा कृषकको समन्वय र सहकार्यमा कम्तीमा "एक वडा एक कृषि" मा आधारित उद्योगको निर्माण गर्न्ने

८ कृषि र पर्यावरणमैत्री मौरीपालन व्यवसाय प्रर्वद्धन गर्ने

९ जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री तथा प्रतिस्पर्धात्मक कृषि प्रविधिको विकास र विस्तार गर्ने ।

### ३.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

कृषि तथा खाद्य सुरक्षा उपक्षेत्रको उपक्षेत्रगत सूचक र मध्यम अवधिको लक्ष्य देहायअनुसार तालिका ३.१.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.१.१ नतिजा सूचक तथा लक्ष्य (स्रोतः प्रोफाइल, आवधिक योजना र सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| वैकल्पिक सिंचाइ प्रविधि प्रयोगकर्ता कृषक | प्रतिशत | ७० | ७५ | ८० | ८४ |
| कृषिमा आधारित उद्योग | संख्या | २ | ३ | ५ | ७ |
| कृषक समूह | संख्या | ६५ | ७२ | ८२ | ८५ |
| दुध चिस्यान तथा डेरी | संख्या | १६ | १८ | २१ | २३ |
| कृषि पकेट जोन/सुपर जोन | संख्या | ५ | ७ | ९ | ११ |
| खाद्यन्न गोदाम | संख्या | ० | १ | २ | ३ |
| कृषि क्षेत्रले ओगटेको पूर्ण रोजगारी | प्रतिशत | ७० | ७२ | ७५ | ७८ |
| उन्नत नश्लका पशुपन्छी स्रोत केन्द्र | संख्या | ० | १ | २ | ४ |
| रैथाने पन्छी तथा पशुपालक फार्म | संख्या | ० | १ | १ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| माछा पोखरीले ओगटेको क्षेत्रफल | हेक्टर | ११० | १२० | १३५ | १४५ |

### ३.१.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

आर्थिक बिकास क्षेत्रको खर्च र स्रोतको अनुमान समग्रमा अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

### ३.१.७ आगामी ३ आर्थिक बर्षको अबधिमा कार्यान्वयन गरिने कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

आर्थिक विकास क्षेत्र अन्तर्गतका कृषि तथा खाध सुरक्षा उपक्षेत्रगत रुपमा मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिका ३.१.३ मा प्रस्तुत गरिएको छ।

(आवधिक योजनामा समाबेश भएका क्रियाकलापलाई समुहिकृत तथा एकीकृत बनाई प्रस्तुत गरिएको छ

तालिका ३.१.३ कृषि तथा खाध्य सुरक्षा उपक्षेत्रका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.न. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत(रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | कृषि तथा पशु तथ्याङ्क र विकास योजना तर्जुमा कार्यक्रम | कृषि सम्बन्धी तथ्याङ्कको आधार तयार गर्ने तथा कृषि सम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउने | २०८१/८२ | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | कृषि क्षेत्रको स्थिति पत्र र कृषि विकास योजना तयार हुनेछ । |
| २ | कृषि प्राविधिक तथा कृषक अनुदान कार्यक्रम | कृषि प्राविधिक सेवा र कृषि अभ्यासलाई व्यवहारिक बनाउने | २०७९/८० देखी निरन्तर | | | कृषि उत्पादनको व्यवसायीकरण र उत्पादकत्व बृद्धि हुनेछ । |
| ३ | सामुदायिक विउ बैंक र कृषि सेवाकेन्द्रको स्थापना | स्थानीय जातका विउको संरक्षण तथा विउको उपलब्धता सहज बनाउने | सालबसाली | | | १/१ वटा नगरस्तरीय सामुदायीक विउ बैंक स्थापना र संचालन हुनेछ |
| ४ | तरकारी पकेट क्षेत्र विकास एबम एक वडा एक कृषि उद्योग विकास कार्यक्रम | आयात कम गरी निर्यात बृद्धि गर्न | सालबसाली | | | प्रत्येक वडामा तुलनात्मक लाभको कृषि उद्योग स्थापना एबम संचालन भएको हुनेछ । |
| ५ | नमूना कृषि फार्म र व्यवसायिक खेती प्रवद्र्धनका लागि अनुदान तथा सघन कृषि प्रबर्द्धन कार्यक्रम | कृषि प्रसार सेवा र उत्पादनलाई विविधिकरण गर्ने | सालबसाली | | नगरपालिकाको प्रथम आवधिक | कृषकको आत्म निर्भरता, कषि उत्पादनको बृद्धि र उपजको बिविधिकरण हुनेछ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | कृषि तथा पशु प्राबिधिक शिक्षा प्रवद्र्धन | विद्यार्थीलाई जीवनपयोगी र प्राविधिक शिक्षा प्रदान गर्ने र ज्ञान हस्तान्तरण गर्ने | २०७८/७९ देखी २०८३/०८४ | | योजनाको प्राथमिकता | स्थानीयस्तरमा दक्ष जनशक्तिको उपलब्धता हुनेछ । |
| ७ | कृषि सहकारी, उपजको बजारीकरण र प्रवद्र्धनको लागि अनुदान वितरण कार्यक्रम | उत्पादित कृषि उपजहरुको बजारीकरण, भण्डारण तथा विक्रि वितरण सहजीकरण गने । | सालासाली | | | कृषि संकलन केन्द्र, शीत भण्डार, कृषि सहकारी र कृषि एम्बुलेन्स स्थापना र संचालन हुनेछ |
| ८ | कृषक, समूह तथा सहकारी क्षमता विकास कार्यक्रम | समुह तथा सहकारीमार्फत कृषिको व्यवसायिकरण गर्न | सालवसाली | | आवधिक योजनाको प्राथमिकता | कृषक समूह तथा सहकारी संस्था कृषि उत्पादन, व्यवसाय र प्रसोधनमा संलग्न हुनेछन् । |
| ९ | व्यवसायिक फूल नर्सरी र खेती विस्तार कार्यक्रम | फुलको निर्यातमा बृद्धि गर्न | सालबसाली | | आवधिक योजनाको प्राथमिकता | व्यवसायिक फूल नर्सरी र खेती विस्तार भएका हुनेछन् । |
| १० | खाद्यान्न बाली विकासको लागि बिभिन्न कार्यक्रम ( मकै, धान, गहुँ, कोदो आदी ) | खाद्यान्य बालीको उत्पादन बृद्धि गर्न | सालबसाली | | | खाद्यान्न बालीको उत्पादनमा १० प्रतिशले बृद्धि हुनेछ । |
| ११ | व्यवसायिक मौरीपालन कार्यक्रम | नगरमा मह उत्पादन बृद्धि गर्न | सालबसाली | | | महको उत्पादमा बृद्धि भएको हुनेछ । |
| १२ | जैविक मल प्रवद्र्धन कार्यक्रम | जैविक मलको उत्पादनमा बृद्धि गर्ने | सालबसाली | | आवधिक योजनाको प्राथमिकता | जैविक मल उत्पादन बृधि हुनुका साथै रोग एबं किरा फट्यांग्रावाट बालिनाली उत्पादनमा हुने नोक्सानी न्यूनीकरण हुनेछ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | कृषि उपजको गुणस्तर तथा विषादी परीक्षण, नियन्त्रण र नियमन सम्बन्धि कार्यक्रम | नागरिकको गुणस्तरीय खाद्यन्य उपलब्ध गराउन | सालबसाली | | | एक वटा गुणस्तर परिक्षण केन्द्रको स्थापना हुनेछ । |
| १४ | कृषि क्षेत्र अनुदानका अन्य सालबसाली कार्यक्रम | कृषि व्यवसाय र उत्पादनमा बृद्धि गर्ने | सालबसाली | | | वास्तविक कृषक लाभान्वित हुनेछन् । |

### ३.१.८ जोखिम पक्ष तथा अनुगमन

यस उपक्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ। नगरपालिका क्षेत्रमा कृषिको व्यवसायीकरण, कृषि पर्यटन, जैविक तथा वातावरणमैत्री कृषि प्रवद्र्धन, फूलखेती समेत उच्च मूल्यका कृषि उपजको प्रवद्र्धन, खाद्य स्वच्छता, पोषण र माटो व्यवस्थापन लगायत कृषि क्षेत्रको तथ्याङ्क व्यवस्थापन प्रणालीद्धारा कृषि उत्पादन, व्यवसायीकरण र औद्योगीकरणको वातावरण निर्माण हुनेछ|

संघ र प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन, कृषि प्रविधि, विउविजन, यान्त्रिकीकरण, भरपर्दो सिंचाई प्रणाली, भूस्वामित्व, पूर्वाधार र बजारीकरण जस्ता कार्यहरुको एकीकृत व्यवस्थापन हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम उत्पन्न हुन सक्दछ ।यसका अलवा जलवायु परिवर्तनको असर, कृषि उपजको आयात र कृषि जमीन उपयोगमा परिवर्तन यस क्षेत्रका संभावित जोखिम पक्षको रुपमा रहेका छन् । छिमेकी मूलक भारतबाट आयातित उपजसँग प्रतिष्पर्धा र कृषि उपजको गुणस्तर र न्यून उत्पादन परिमाण पनि यस क्षेत्रका जोखिम पक्षका रुपमा देखिएका छन् ।

## ३.२ पशुपंक्षी विकास

### ३.२.१ पृष्ठभूमी

नेपालका अन्य स्थानहरुमा जस्तै यस नगरपालिकाका अधिकांश घरपरिवारहरूले पशुपंक्षी पाल्ने गरेका छन् । उष्ण क्षेत्रमा उपयूक्त हुने जातका गाई, भैसी , बाख्रा, भेडा, बगुंर, कुखुरा, हाँस, ब्रोइलर कुखुरा, बट्टाई, मौरी लगायतका पशुपंक्षीहरुको यहाँ व्यवसायीक उत्पादनको राम्रो संभावना रहेको छ । पशुपन्छी पालनमा आधुनिकिकरण र व्यवसायीकरण हुन नसकेकोले यिनीहरुको बिक्री वितरणबाट प्राप्त हुने आम्दानी भने न्यून रहेको छ । अर्कोतर्फ, यस नगरपालिकामा माछापालनबाट आर्थिक आम्दानीको राम्रो सम्भावना भएतापनि केही फाट्टफुट्ट बाहेक ठूलोस्तरको व्यवसायिक माछापालन भने यो नगरपालिका रहेको छैन । माछा हरुमा विगहेडकार्प, कमन, ग्रासकाप, सिल्भरकार्प, प्रजाती र स्थानिय प्रजातीमा मङ्गुर, रोहु हुन । नगरपालिकामा भूमिगत जलस्रोतको पर्याप्त उपलब्धता भएकोले स्थानीय जलवायू अनुकूल माछा पालन गर्न उपयूक्त देखिन्छ ।

### ३.२.२ संभावना तथा अवसर

पशुपंक्षी तथा मत्स्य विकास उपक्षेत्रको सम्भाबना र अवसरलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

- समथर भू—धरातल र उष्ण क्षेत्रमा उपयूक्त जातका पशुपन्छी र माछा उत्पादन गर्न सकिने ।
- दुध, माछा, मासु र अण्डाको खपत बढिरहेकोले राम्रो आम्दानी गर्न सकिने ।
- राष्ट्रिय राजमार्ग प्रणालीसंग जोडिएको र ठूला उपभोक्ता बजारहरू समेत नजिक भएको ।
- पशुपन्छी जन्य उत्पादनमा आधारित उद्योगहरु सञ्चालन गर्न सकिने ।
- व्यवसायीक उत्पादन बढाउन सके माछाको बजारको समेत राम्रो सम्भावना रहेको ।
- विभिन्न वडाहरुमा व्यवसायिक कृषि तथा पशु फर्म सञ्चालनमा रहनुका साथै प्रधानमन्त्री कृषि कार्यक्रम अन्तर्गतका परियोजनाहरु सञ्चालनमा रहेको ।
- वडा नं. २ को समुहलाई स्प्रे ट्याङ्की, पम्पिङसेट—१, उन्नत बिउ, कुखुरा पालन तालिम तथा कुखुरा वितरण, माछाका भुरा वितरण रु २०००० हजार (पुरै गाँउ) तरकारी खेती अनुदान ६५ जनाले पाएको ।
- धेरै पोखरी भएकोले माछापालन पकेट बनाउन सकिने

### ३.२.३ समस्या तथा चुनौती

पशुपालन तथा मत्स्य विकास उपक्षेत्रको समस्या र चुनौतीलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

- यस क्षेत्रको व्यवसायीकरण र आधुनिकिकरण हुन नसकेको ।
- कृषि पूर्वाधार विकासमा चुनौती रहेको ।
- युवा तथा व्यवसायीक सोचका कृषि उद्यमीहरुलाई यस क्षेत्रमा आर्कषण गर्नुपर्ने ।
- पशुपन्छी तथा मत्स्य सेवा केन्द्र तथा प्राविधिकहरुको पर्याप्त व्यवस्था नभएको ।
- दुध, मासु, अण्डा, माछाको माग अनुसार आपूर्ति पर्याप्त गर्न नसकिएको ।
- भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्नुपरेको ।

## ३.२.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

"व्यवसायिक पशुपन्छी तथा मत्स्यपालनमार्फत आर्थिक समृद्धि"

**लक्ष्य**

आधुनिक, वैज्ञानिक र व्यवसायिक पशुपन्छी तथा मत्स्यपालनमार्फत निर्यातमुखी उत्पादनलाई बढावा दिने

**उद्देश्य**

नगरपालिकाको पशुपंक्षी तथा मत्स्य विकास उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

१ पशुपन्छी पालनलाई व्यवसायिकरण र औधोगिकीकरण गर्नु ।

२ पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु ।

३ माछाको व्यवसायिक उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रर्वद्धन गर्नु ।

४ गोठ सुधार र पशु बिमा प्रबर्द्धन गर्नु ।

**रणनीति**

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत एबम बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति अवलम्बन गरिनेछ (आवधिक योजनामा भएको रणनीति र कार्यनीतिको अध्ययन मार्फत थप परिष्कृत बानाइएको);

१. पशुपंक्षी तथा माछा विकास क्षेत्रको आधुनिकीकरण र विविधिकरण गरी उत्पादनमा वृद्धि गर्ने,

२ आवश्यक पूर्वाधारको विकास सहित पशुपंक्षी तथा माछाजन्य उपजको बजार प्रवद्र्धन गर्ने ।

३ पशुपंक्षी तथा माछाजन्य रोगको निदानको लागि स्वास्थ्य तथा उपचार सेवा र बिमाको प्रभावकारी व्यवस्थापन गर्ने ।

४ युवा उद्यमी ततहा कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने ।

५ कृषक एवं पशुपालनमा आधारित समूह तथा संस्थाहरुको क्षमता अभिवृद्धि गरी कृषकलाई उद्यमी बनाउने।

६ पशुपन्छी तथ्याङ्क प्रणालीको विकास गरी पशुपन्छी उत्पादनलाई आवश्यक कृषि सामाग्री तथा प्रविधिको उपलब्धता वृद्धि गर्ने

## ३.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

आर्थिक विकास क्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.२.१ पशुपंक्षी विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| पशपंक्षी तथा माछा विकास विकास | | | | | |
| पंक्षीजन्य उत्पादन (बार्षिक) | रु.लाखमा | २२० | २४५ | २७५ | २९६ |
| माछाको बार्षिक उत्पादन (बार्षिक) | रु.लाखमा | १२० | १३० | १४२ | १५५ |
| खसी, वोका, रागा, बंगुर लगायत पशुको बार्षिक मासु उत्पादन | रु.लाखमा | ६८०० | ७५०० | ८५०० | ९३०० |
| कृत्रिम गर्भादान सेवा संख्या | वार्षिक | २८०० | २१०० | २३०० | २५०० |
| उन्नत घाँसको उत्पादन क्षेत्र | हेक्टर | ३२५ | ३७५ | ४२५ | ४६५ |

### ३.२.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

आथिक विकास क्षेत्रको समग्र खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ३.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

आर्थिक विकास क्षेत्र अन्तर्गतको पशुपंक्षी तथा मत्स्य विकास उपक्षेत्रगत रुपमा आगामी ३ बर्ष अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिका ३.२.२ मा प्रस्तुत गरिएको छ।

(आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण तयार गर्दा आवधिक योजनाको कार्यनीति तथा क्रियाकलाप र बजेटलाई मुख्य आधार बनाई समुहिकृत गरी एकीकृत रुपमा तयार गरिएको छ )

तालिका ३.२.२ पशुपंक्षी तथा मत्स्य विकास उपक्षेत्रका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.न | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमकोअवधि (शुरु र समाप्ती) | अनुमानित लागत(रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | पशुपंछी श्रोत केन्द्रको स्थापना कार्यक्रम (गाई, भैसी ,वाखा, कुखुरा, बंगुर, भेडा ) | पशुपंक्षी व्यवसाय बृद्धि रोजगारीको अवसर सृजना गर्न | निरन्तर | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | पशुपंछी श्रोत केन्द्रको स्थापना र संचालन हुनेछ । |
| २ | पशु स्वास्थ्य तथा बिमा कार्यक्रम | पशुपालन व्यवसायलाई प्रबद्धन तथा प्रोत्साहन गर्न | सालवसाली | | | व्यवसायिक कृषकहरु प्रतक्ष्य लाभान्वित हुनेछन । |
| ३ | पशु आहार व्यवस्थापन कार्यक्रम | व्यवसायिक पशुपालनमा बृद्धि गर्ने | सालवसाली | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | पशुपंक्षी बिकासमा सहयोग पुग्ने । |
| ४ | व्यवसायिक पशुपंक्षी र मत्स्य पालन तथा पकेट क्षेत्र अनुदान कार्यकम | पशुपंक्षी जन्य उत्पादन बृद्धि गर्ने | सालवसाली | | | नमूना पशुपंक्षी फर्म संचालन हुनेछन् । |
| ५ | क्षमता विकास कार्यक्रम | पशु व्यवसाय र उत्पादन बृद्धि गर्ने | सालवसाली | | | प्राबिधिक तथा कृषकहरुको क्षमता विकास हुनेछ । |
| ६ | पशुपंक्षी सेवा सालवसाली कार्यक्रम | निरन्तर कार्यक्रम | सालवसाली | | नीति तथा कार्यक्रम | कृषक लाभान्वित हुनेछन् |

### ३.२.८ जोखिम पक्ष तथा अनुमान

नगरपालिका क्षेत्रमा पशु नश्ल सुधार र पशु आहार व्यवस्थापन लगायत पशुपंक्षी विकास क्षेत्रको तथ्याङ्क व्यवस्थापन प्रणालीद्धारा पशुपंक्षीजन्य उत्पादनको ,व्यवसायीकरण र औद्योगीकरणको वातावरण निर्माण हुनेछ।

संघ र प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन पशु आहार, पूर्वाधार र बजारीकरण जस्ता कार्यहरुको एकीकृत व्यवस्थापन हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम उत्पन्न हुन सक्दछ। छिमेकी मूलक भारतबाट आयातित उपजसँग प्रतिष्पर्धा र पशुपंक्षीजन्य उपजको गुणस्तर र न्यून उत्पादन परिमाण पनि यस क्षेत्रका जोखिम पक्षका रुपमा देखिएका छन् ।

## ३.३ पर्यटन तथा संस्कृति

### ३.३.१ पृष्ठभूमी

वर्तमान संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासबाट समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको निर्माण गर्ने राज्यको आर्थिक उद्देश्यका रुपमा अङ्गीकार गरेको। रोजगारीको हक लाई मौलिक हक अन्तरगत राखिएको छ । नेपाल सरकार र प्रदेश सरकारको साथसाथै स्थानीय सरकारको सहकार्यमा उक्त अधिकार सुनिश्चित गर्न योजनावद्ध ढंगले प्रयास गर्न आवश्यक छ । यस तथ्यलाई मनन गर्दै नगर क्षेत्रको योजनाबद्ध र सन्तुलित विकासको लागि पर्यटन क्षेत्रको विकास र प्रवद्र्धन मार्फत रोजगारी र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एबम् सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ । विश्व सम्पदा सूचीमा सूचीतकृत वृहत लुम्बिनी क्षेत्रका कारण यो नगरपालिका अत्यन्त महत्वपूर्ण छ । हालसम्म पर्यटनका आधारभूत पूर्वाधारको विकास थोरै भएपनि नगरपालिका पर्यटनको सम्भावना रहेको क्षेत्र हो । विश्व बौद्ध धर्मालम्बीहरुको पवित्र तिर्थस्थल तथा गन्तब्य लुम्बिनी यस नगर बासीको समृद्धिको आधार बन्न सक्तछ | यस नगरपालिकाको सन्दर्भमा पर्यटन विकासका प्रयासहरुलाई मार्गदर्शन गर्न यस सम्बन्धी संभावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहितको संक्षिप्त विश्लेषण देहायअनुसार प्रस्तुत गरिएको छ ।

### ३.३.२ संभावना तथा अवसर

लुम्बिनी सांस्कृतिक नगरपालिकाको पर्यटन क्षेत्रको सम्भाबना र अवसरलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

- बुद्धको जन्मस्थल लुम्बिनी यसै नगरपालिकामा रहेको
- नगरपालिका क्षेत्रभित्र विभिन्न मन्दिर, मश्जिद तथा चर्च साथै विभिन्न प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरू रहेका ।
- नगरपालिका क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्वका सम्पदाहरूको संरक्षण गरी यस क्षेत्रलाई आकर्षक पर्यटकीय नगरको रूपमा विकास गर्ने नीति लिइएको ।
- नगरपालिकामा रहेका आदिबासी, जनजाति तथा अन्य जातजातिको संस्कृति र धर्मको संरक्षण कार्यक्रम सञ्चालन गर्न सकिने ।
- पर्यटनका विभिन्न आयामहरू जस्तै सम्पदा पर्यटन, धार्मिक पर्यटन, साँस्कृतिक पर्यटन, शैक्षिक पर्यटनको विकास र विस्तार गर्न सकिने
- विभिन्न जातजातिको मौलिक संस्कृति, नाच, गीत, संगीत तथा अन्य अमूर्त साँस्कृतिक सम्पदाले सम्पन्न रहेकाले साँस्कृतिक पर्यटनको विकास गर्न सकिने
- प्रत्येक वर्ष विविध जातजाति महोत्सव आयोजना गरी साँस्कृतिक झाँकी, भेषभूषा प्रदर्शनी, खानपान तथा परम्परागत सिपहरूको प्रदर्शनी गर्न सकिने ।
- धुपही ताल, प्राकिृतिक प्राचिन ताल, पुन्नोहवा ताल चैनपुरवाको संरक्षण तथा सौन्दर्यकरण गरी पर्यटन भित्राउन सकिने
- नौखनिया तालमा बोटिङ्ग, स्टीमा चलाउन सकिने, पार्क बनाउन सकिने

### ३.३.३ समस्या तथा चुनौती

ऐतिहासिक एवं धार्मिक क्षेत्रको संरक्षण एवं प्रवद्र्धन प्रभावकारी नहुनु, पर्यटकीय क्षेत्रको पहिचान एवं संभावनाका लागि कुनै योजना नहुनु, व्यवस्थित रुपमा होमस्टे लगायत पर्यटकीय सुविधाहरुको उपलव्धतामा कमी, सुरक्षित पर्यटनप्रति आश्वस्त पार्न नसक्नु एवं व्यवस्थित होटल नहुनु, पर्यटन प्रवद्र्धनको निम्ति आवश्यक नीतिनियम तथा ज्ञानको अभाव, पर्यटकीय विकासको लागि आवश्यकीय सूचना, बाटो, धारा, पथ प्रदर्शकहरु होटल व्यवसाय, बैंक,

वित्तिय संस्था आदिको अभाव प्रमुख समस्याको रुपमा रहेको छ ।सांस्कृतिक परिवर्तन तथा मौलिकतामा ह्रास हुँदै गएको छ।स्थानीय प्रतिभाको सम्मान तथा प्रोत्साहनमा कमी रहेको छ ।यसका अलवा पर्यटन क्षेत्रको समस्या र चुनौती देहाय बमोजिम रहेका छनः

- समथर भूधरातल र पर्याप्त सडक सञ्जाल हुँदा हुँदै पनि पर्यटकीय हिसाबले सडक यातायात पर्याप्त र भरपर्दो नभएका तथा अधिकांश सडकहरू कच्ची अवस्थामा रहेका
- पर्यटन सूचना केन्द्र लगायतका सञ्चारका साधनहरूको पर्याप्त विकास नभएको
- पर्यटकको सुरक्षाको उचित प्रबन्ध तथा आपतकालीन उद्धारको उचित व्यवस्था नभएको
- एकीकृत पर्यटन विकासको योजना नबनेको
- लुम्बिनी बाहेक नगरपालिकाका अन्य प्राकृतिक, धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वका स्थलहरूका बारेमा पर्याप्त प्रचारप्रसार नभएको ।
- नगरपालिकाको सीमित आयस्रोतका कारण पर्यटकीय पूर्वाधार विकास गर्न चुनौती पूर्ण भएको
- लुम्बिनी क्षेत्रमा ओइरिने पर्यटकहरूलाईआकर्षित गर्न व्यापक प्रचारप्रसार चुनौतीपूर्ण रहेको

## ३.३.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

"लुम्बिनी सांस्कृतिक क्षेत्र समृद्धिको अर्को आधारः धार्मिक, सांस्कृतिक तथा पर्या पर्यटन र पर्यटन पूर्वाधार"

**लक्ष्य**

"आर्थिक, सामाजिक र साँस्कृतिक सम्पन्नताका लागि आगामी ५ वर्षमा पर्यटन क्षेत्रलाई एक आधारशिलाको रुपमा विकास गर्ने"

**उद्देश्य**

नगरपालिकाको पर्यटन विकास उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१ आधारभूत पर्यटन पूर्वाधारको विकास गर्नु

२ सम्पदा पर्यटन र धार्मिक पर्यटनको विकास गर्नु

३ कृषि तथा शैक्षिक पर्यटनको आधार विकास गर्नु

**रणनीति**

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत तथा बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति अवलम्बन गरिनेछ (आवधिक योजनाको रणनीति तथा कार्यनीतिको आधारमा थप परिष्कृत पारिएको छ) ;

१ पर्यटन क्षेत्र स्तरीय योजना र पर्यटन विकास समिति निर्माण गर्ने

२ विश्व सम्पदा सूचीमा रहेको लुम्बिनी र यस सँग सम्बन्धी सम्पूर्ण सम्पदाको संरक्षण,

सम्वदन र प्रचार प्रसार गर्ने

३ लुम्बिनी क्षेत्रबारे प्रचार गर्न शैक्षिक संघ संस्था, शिक्षण संस्थासंग सहकार्य गर्ने

४ स्थानीय प्राकृतिक एबम् धार्मिक सम्पदा तथा सांस्कृतिक विशिष्टताको पहिचान, अध्ययन, अनुसन्धान, संरक्षण एवं प्रवद्र्धन र प्रचार प्रसार मार्फत पर्यटन क्षेत्रको विकास गर्ने ।
६ पर्यटन क्षेत्रको विशिष्टीकरण तथा दिगो पर्यटन पूर्वाधारको विकासको माध्यमद्वारा रोजगारी सिर्जना र आय वृद्धि गर्ने ।
७ सबै जात जाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र पुरातात्विक एवम् मौलिक सम्पदा तथा परम्पराको संरक्षण, सम्वर्द्धन र विकास गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने

## ३.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

पर्यटन तथा संस्कृति विषय उपक्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.३.१ पर्यटन तथा संस्कृति उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| पर्यटन विकास | | | | | |
| भ्रमण गर्ने वार्षिक पर्यटक (आन्तरिक/वाह्य) संख्या | लाखमा | ८.५ | १० | १२ | १३ |
| व्यवस्थित होमस्टे/ग्रामीण पर्यटकीय नगर | संख्या | १ | २ | ३ | ४ |
| रोजगारीमा योगदान | प्रतिशत | २३ | २८ | ३० | ३२ |
| मुख्य पर्यटकीय स्थल/क्षेत्र | संख्या | ४ | ६ | ७ | ८ |
| तालिम प्राप्त पर्यटक गाइड | संख्या | ६० | ७५ | ८५ | १०५ |

## ३.३.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

आर्थिक विकास क्षेत्रको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ३.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

पर्यटन तथा संस्कृति विकास उपक्षेत्र अन्तर्गतका आयोजना तथा कार्यक्रम र बिषय उपक्षेत्रगत रुपमा आगामी ३ बर्ष अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिका ३.३.२. मा प्रस्तुत गरिएको छ (आवधिक योजनामा उलीख गरिएका आयोजना तथा कार्यक्रम र बजेटलाई आधार मानेर तयार गरिएको छ)।

## तालिका ३.३.२ पर्यटन तथा संस्कृति विकास उपक्षेत्रका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.न. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत(रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | पर्यटकहरु आकर्षण तथा आवागमनमा वृद्धि गर्ने | सालवसाली | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | पर्यटकीय स्थल निर्माण भई सुचारु हुनेछ । |
| २ | पर्यटकीय सेवा क्षमता विकास कार्यक्रम | पर्यटनलाई व्यवसायको रुपमा विकास गर्ने | सालवसाली | | | पर्यटकीय व्यवसायीको सीप तथा क्षमता विकास हुनेछ । |
| ३ | मौलिक संस्कृति, धार्मिक क्षेत्र, मेला तथा पर्व संरक्षण एवं प्रवद्र्धन कार्यक्रम | स्थानीय संस्कृति संरक्षण र प्रवद्र्धन गर्ने | सालवसाली | | | मौलिक संस्कृति एवं धार्मिक क्षेत्रको संरक्षण र प्रबर्धन भएको हुने |
| ४ | ग्रामिण पर्यटन तथा होमस्टे संचालन तथा प्रबर्द्धन | रोजगारी तथा स्थानीय आय वृद्धि गर्नु | सालवसाली | | | रोजगारीको अवसरमा वृद्धि हुने |
| ५ | कृषि पर्यटन कार्यक्रम एवं अन्य सालबसाली कार्यक्रम | कृषि उत्पादनमा बृद्धि तथा प्रचार गर्न | सालवसाली | | | नगरमा कृषि पर्यटन सुरुवात हुनेछ । |

## ३.३.८ जोखिम पक्ष तथा अनुगमन

यस क्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ। नगरपालिका क्षेत्रमा सांस्कृतिक तथा पर्यापर्यटनको विकास गर्न सकिने अनुमान गर्न सकिन्छ तर संघ र प्रदेश सरकार स्थानीय नागरिक र निजि क्षेत्र बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन, निजि क्षेत्रसँगको समन्वय, सहकार्य, सेवा व्यवस्थापन र अन्य क्षेत्रसँग एकीकृत अनुगमन सहितको कार्य संचालन नभएमा अपेक्षित उपलब्ध हासिल नहुने जोखिम रहन्छ।

## ३.४ सिंचाई

### ३.४.१ पृष्ठभूमी

तराईको समथर मैदानमा रहेको अवस्थितिका कारण यस नगरपालिकामा पर्याप्त मात्रामा कृषियोग्य जमिन रहेको छ । यहाँ धान, गहुँ, मकै, मुसुरो, तोरी, तरकारी, जस्ता कृषि उत्पादन प्रचुर मात्रामा हुने गरेको पाइन्छ । नगरपालिकामा हाल डीप बोरीङ्ग सिँचाई आयोजनाहरुबाट, तथा भूमिगत जलस्रोत मार्फत कृषियोग्य जमीनमा सिंचाई गर्रिँदै आइरहेको छ , तथापि अपर्याप्त सिंचाई सुबिधाका कारण सम्पूर्ण खेतीयोग्य जमिन सिंचित हुन सकेको छैन । सिंचाई कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार भएको हुँदा उच्च प्राथमिकताका साथ नहर तथा सिंचाई आयोजनाहरू निर्माण गरी सिंचाई कार्य गर्नु नितान्त जरुरी छ ।

### ३.४.२ संभावना तथा अवसर

यस लुम्बिनी सांस्कृतिक नगरपालिकाको सिंचाई उपक्षेत्रको सम्भाबना र अवसर देहाय बमोजोम रहेको छ :

- पर्याप्त भूमिगत जलस्रोतको भण्डार रहेकोले बोरिंग तथा डिप बोरिङ मार्फत नगरपालिकाका सबै वडाहरुलाई सहजै सिंचित गर्न सकिने
- नगरपालिकामा हाल डीप बोरीङ्ग सिँचाई आयोजनाहरुबाट, तथा भूमिगत जलस्रोत मार्फत कृषियोग्य जमीनमा सिंचाई गर्रिँदै आइरहेको
- नगरपालिकामा रहेका पानीका मुहानहरुलाई संरक्षण गरी उक्त क्षेत्रहरूको सम्भाव्यता अध्ययन गरी सिंचाई योजना निर्माण गरी कृषि उत्पादनमा व्यापक वृद्धि गर्न सकिने
- प्रत्येक वडामा रहेका परम्परागत सिंचाई कुला र नहरहरूको मर्मतसम्भार तथा स्तरोन्नति गरी सुविधायुक्त बनाउन सकिने
- कृषि विद्युतीकरण मार्फत सिंचाई सहजीकरण गर्न सकिने
- एकीकृत सिंचाई कार्यक्रमको सम्भाव्यता अध्ययन गरी स्रोतको बहु उपयोग गर्न सकिने
- भौगोलिक अवस्थालाई हेर्दा कृत्रिम जलाशयहरु निर्माण गरेर समेत खेतीयोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउन सकिने

### ३.४.३ समस्या तथा चुनौती

- परम्परागत प्रविधिमा आधारित कुलो तथा नहरहरूको मर्मत संभार नियमित हुन नसकेको
- नदीजन्य प्रकोपका कारण कुलो तथा सिंचाइका आयोजनाहरुमा प्रत्येक वर्ष क्षति पुग्ने गरेको
- पोखरी र परम्परागत तलाउहरुमा मानवीय क्रियाकलापका कारण अतिक्रमण बढ्दो
- भूमिगत सिंचाई परियोजनाहरु खर्चिलो भएका कारण प्रभावकारी हुन नसकेको
- कृषि विद्युतीकरणमार्फत खेतखेतमा बिजुलीको लाइन लगेर सिंचाइका मेसिन चलाउन खर्चिलो रहेको र सिंचाइका लागि उपयोग हुने मोटरहरुबाट उत्पन्न हुने धुवाले प्रदूषण बढाउने

### ३.४.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

"बाह्रै महिना पूर्ण सिंचाईयुक्त नगरपालिका"

**लक्ष्य**

सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा दिगो सिंचाईको व्यबस्थापन गरी उच्च प्रतिफल युक्त कृषि उत्पादनमा योगदान पुऱ्याउने

**उद्देश्य**

नगरपालिकाको सिंचाई विकास उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्ः

१ सम्पूर्ण खेतीयोग्य तथा बाँझो जमिनमा सिंचाई सुविधा पुऱ्याउनु

२ सिंचाई प्रणालीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु

**रणनीति**

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत तथा बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति अवलम्बन गरिनेछ;

१ परम्परागत तथा वैकल्पिक प्रविधिको प्रयोग गरी खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउने

२ उच्च प्रतिफल युक्त कृषि उत्पादनको सम्भावना बोकेका क्षेत्रलाई प्राथमिकतामा राखेर सिंचाई प्रणालीको विकास गर्ने।

३ कृत्रिम जलाशयहरु निर्माण गरी वैकल्पिक सिंचाई प्रर्वद्धन गर्ने

४ संस्थागत संरचना सुदृढीकरण गर्ने ।

### ३.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

सिंचाई विकास उपक्षेत्रको सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.४.१ सिंचाई विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना, सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| कुल खेतीयोग्य जमीनको सिंचाई सुविधा पुगेको क्षेत्र | प्रतिशत | २८ | ३७ | ४२ | ४९ |
| १२ है महिना सिंचाई हुने क्षेत्र (जम्मा खेतीयोग्य जमिनको) | प्रतिशत | २३ | ३२ | ३५ | ३९ |
| प्रयोग भएका सिंचाईका प्रविधि (लिफ्ट, सतह) | संख्या | ३ | ४ | ४ | ५ |

### ३.४.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

आर्थिक विकास क्षेत्रको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ३.४.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सिंचाई विकास बिषय उपक्षेत्रगत रुपमा आगामी ३ बर्ष अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिका ३.४.२ मा प्रस्तुत गरिएको छ (आवधिक विकास योजनामा समावेश क्रियाकलाप तथा आयोजना र बजेटलाई मुख्य आधार मानिएको छ )।

तालिका ३.४.२ सिंचाई विकास बिषय उपक्षेत्रका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| **सि.न.** | **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती)** | **अनुमानित लागत (रु. हजारमा)** | **पुष्ट्याई** | **आगामी ३ बर्षको उपलब्धी सूचक** |
|---|---|---|---|---|---|---|
| १ | सिंचाई सुविधा विस्तार तथा स्तरोन्नति र संरक्षण कार्यक्रम | थप सिंचाई सुविधा विस्तार गर्न | सालबसाली | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | उत्पादकत्व वृद्धि हुनेछ । |
| २ | बैकल्पिक सिँचाई सुविधा विस्तार लिप्टिङ्ग, पोखरी निर्माण तथा थोपा सिंचाई प्रबर्द्धन) | सिँचाई सुबिभा बृद्धि गर्न | सालबसाली | | | सिंचाई सुविधा विस्तार भई उत्पादकत्व हुनेछ । |
| ३ | कुलो तथा पोखरी संरक्षण, मर्मतसंभार र स्तरोन्नति | उपलब्ध श्रोतको समुचित उपयोग गर्ने | सालबसाली | | | परम्परागत कुलो तथा पोखरी निर्माण र संरक्षण हुनेछ। |

## ३.४.८ जोखिम पक्ष तथा अनुमान

यस क्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ । नगरपालिका क्षेत्रमा प्रस्तावित कार्यक्रम तथा आयोजना प्रभाबकारी कार्यन्वयन हुँदा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि हुन गई नगर वासीको जीवनस्तरमा आर्थिक सामजिक सुधार हुनेछ ।

संघ र प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन भरपर्दो सिंचाई प्रणाली, संघ, प्रदेश र स्थानीय सरकार, सहकारी, सहयोगी संस्था नीजि क्षेत्रसँगको समन्वय, सहकार्य, सेवा व्यवस्थापन र अन्य क्षेत्रसँग एकीकृत अनुगमन सहितको कार्य संचालन नभएमा अपेक्षित उपलब्ध हासिल नहुने जोखिम रहन्छ।

## ३.५ उद्योग, ब्यापार तथा ब्यबसाय, श्रम र रोजगारी

### ३.५.१ पृष्ठभूमी

वर्तमान संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासबाट समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको निर्माण गर्ने राज्यको आर्थिक उद्देश्यका रुपमा अङ्गीकार गरेको। खाद्य सुरक्षा, सम्पति तथा रोजगारीको हक लाई मौलिक हक अन्तरगत राखिएको छ । नेपाल सरकार र प्रदेश सरकारको साथसाथै स्थानीय सरकारको सहकार्यमा उक्त अधिकार सुनिश्चित गर्न योजनावद्ध ढंगले प्रयास गर्न आवश्यक छ मुख्यतया कृषि पेशामा संलग्न घरपरिवारको संख्या बढी भएको इलाका भएकोले मध्यम र ठूलो स्तरका उपभोक्ता बजारहरूको यहाँ विकास भएको छैन तसर्थ उद्योग, व्यापार र वाणिज्य क्षेत्रको आधारभूत तहबाट नै विकास हुन बाँकी छ । यद्यपि कृषिमा आधारित केही उद्योगहरु भने हाल यहाँ सञ्चालनमा रहेका छन् । नगरपालिकामा धेरैजसो मिल, ग्रिल, डेरी जस्ता उद्योगहरु रहेका छन् ।नगरपालिकामा ठूला उद्योगहरु सञ्चालनमा आउन नसके पनि नगरपालिकामा उपलब्ध स्थानीय स्रोत र साधनको उपयोग गरी विभिन्न साना तथा घरेलु तथा कृषिजन्य उद्योगहरु रहेका छन् जसले नगरपालिकाको आर्थिक विकासमा टेवा पुऱ्याएको छ ।नगरपालिको वडा नं ६ मा पाउरोटी उद्योग, राइसमिल उद्योग, आइसक्रिम उद्योग, ग्रील उद्योग, काष्ठ उद्योग, वडा नं. ७ मा काष्ठ उद्योग , राइस मिल, ग्रील उद्योग , वडा नं. १० मा हिरा इट्टा उद्योग , ग्रील उद्योग , लगायतका उद्योगहरू रहेका छन् ।नगरपालिकामा भएका उद्योगहरु सबल र विस्तार भएको भने देखिदैन । कृषिमा आधारित उद्योगहरुको राम्रो सम्भावना भने भएकोले उद्योग वाणिज्य क्षेत्रको विकासका लागि ठोस कदम चाल्नुपर्ने देखिन्छ ।

### ३.५.२ संभावना तथा अवसर

नगरपालिकाको उद्योग, ब्यापार तथा ब्यबसाय क्षेत्रको सम्भाबना तथा अवसर देहाय बमोजिम रहेका छनः

- नगरपालिकाको वडा नं ६ मा पाउरोटी उद्योग, राइसमिल उद्योग, आइसक्रिम उद्योग, ग्रील उद्योग, काष्ठ उद्योग, वडा नं. ७ मा काष्ठ उद्योग , राइस मिल, ग्रील उद्योग , आइस उद्योग, वडा नं. १० मा हिरा इट्टा उद्योग , न्यू अहमद फर्निचर, ग्रील उद्योग , लगायतका उद्योगहरू रहेका
- नगरपालिकामा खुनगाई, मुजाहाना, पडरिया, लोखडीया , अमारी , महिलबार चोक जस्ता थुप्रै बजारकेन्द्रहरुको रूपमा रहेका छन् |
- नगरपालिकाका विभिन्न वडाहरूमा साप्ताहिक तथा अर्धसाप्ताहिक हाटबजार लाग्ने गरेको
- पशुजन्य उत्पादनमा आधारित डेरी तथा मासु, हाड, छाला प्रशोधन उद्योगहरूको स्थापना गर्न सकिने
- कपडा उद्योग, हस्तकला, काष्ठकला तथा ललितकलामा आधारित उद्योगहरू सञ्चालन गर्न सकिने
- स्थानीय सम्भाव्यताका आधारमा धान खेती, गहुँ खेती, मुँग खेती, केरा खेती, कुखुरापालन, पशुपालन र तरकारी खेती उत्पादनलाई प्रर्वद्धन गर्न सकिने
- स्थानीय कच्चा पदार्थमा आधारित कृषि उद्योगहरूको स्थापना गर्न सकिने
- औद्योगिक पूर्वाधारहरूको यथोचित विकास गर्न सके नगरपालिकामा रोजगारीको सम्भावना र अवसरहरूको प्रचुरता रहेको
- डेरी उद्योग र हस्तकलामा आधारित घरेलु उद्योगहरूको विकास गर्न सकिने
- प्रस्तावित औद्योगिक क्षेत्रहरू बिस्तार गरी नगरपालिकाभित्र रोजगारी सिर्जना गर्न सकिने
- सिलाइ/कटाइ/बुनाइ, मैनबत्ती बनाउने तालिम, मोटरसाईकल तथा साइकल मर्मत तालिम, कृषिजन्य तालिम प्रदान गरी साना तथा घरेलु उद्योगको लागि दक्ष जनशक्ति तयार गर्न सकिने
- लुम्बिनीसंग जोडिएको ले पर्यटन क्षेत्र संग सम्बन्धित उद्योग व्यवसाय र आपूर्तिलाई सुधार गर्न सकिने
- स्थानीय तहमै रोजगार केन्द्रको प्रबन्ध गरिएको

- वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सिपलाई गरीबी निवारणमा सदुपयोग गर्न सकिने
- रोजगारी श्रृजना, सिपमूलक तालिम आदिमा नगरपालिकाले प्रत्यक्ष सहयोग गर्न सक्ने वैद्यानिक र नीतिगत आधार तयार भएको

### ३.५.३ समस्या तथा चुनौती

उद्योग तथा व्यवसाय संचालन सम्बन्धी प्रर्याप्त सीप तथा जानकारीको कमी हुनु, उद्योग सिर्जना, विकास र संचालन सम्बन्धी एकिकृत सेवा प्रवाह नहुनु, तालीम प्रर्याप्त नहुनु, परम्परागत व्यवसायलाई आधुनिकीकरण गर्न नसक्नु, उद्योग संचालनका लागि वित्तिय पहुँच नहुनु तथा स्थानीयस्तरमा दक्ष जनशक्तिको उपलव्धता नहुनु प्रमुख समस्याको रुपमा रहेको देखिन्छ। त्यसै गरी नगरपालिकामा भित्रिएको विप्रेषण पाउँने परिवारलाई समेटी उत्पादनमूलक कार्यमा लनगरन नसक्नु र उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यवसायिक परामर्श सेवा तथा सूचना कमिजस्ता उद्योग व्यवसाय विकासको चुनौतिको रुपमा रहेका छन् । श्रमको सम्मान गर्ने संस्कृतिको विकास हुन नसक्नु तथा रोजगारमूलक शिक्षाको उचित प्रबन्ध हुन नसक्नु समेत चुनौतिको रुपमा रहेको छ ।

### ३.५.४ विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

"स्थानीय श्रोत तथा साधनको उपयोगबाट उद्यम र रोजगारीमा वृद्धि, लुम्बिनी सांस्कृतिक नगरपालिकाक्षेत्रका नागरिकको समृद्धि" ।

**लक्ष्य**

"आगामी पाँच वर्षमा नगरपालिकाको कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान कम्तीमा २० प्रतिशत पुऱ्याई रोजगारी श्रृजना गर्ने"

**उद्देश्य**

नगरपालिकाको उद्योग, व्यापार तथा व्यवसाय एबम् श्रम तथा रोजगारी उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

१ उद्योगका लागि आवस्यक आधारभूत पूर्वाधारको क्रमिक विकास गर्नु

२ नगरपालिकामा उत्पादने हुने स्थानीय कच्चा पदार्थ तथा कृषि उपजमा आधारित उद्योग स्थापनामार्फत आर्थिक वृद्धिदर हासिल गर्नु

३ स्थानीय बजार प्रबद्र्धन र व्यवस्थापनमार्फत वाणिज्य बजार र आपूर्ति प्रणाली सुदृढ गर्नु

४ उद्यम तथा व्यवसाय सिर्जना र विकासका लागि उद्यमशिलताको तालिम प्रदान गरी छरिएर रहेको स्रोत साधन, जनशक्ति र सम्पदाहरुलाई अवसरहरुको रुपमा अधिकतम उपयोग हुँने गरी उद्यम स्थापना गर्नु।

**रणनीति**

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत तथा बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति अवलम्बन गरिनेछ;

१: लघु, साना, मझौला तथा ठूला उद्योग सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा वातावरण तयार गर्ने ।

२ अत्यावस्यक सामाग्रीको सहज आपूर्तिको सुनिश्चितता गर्ने ।

३ स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन गर्न तथा उद्योग सञ्चालन गर्न सहजिकरण एवम् प्रोत्साहन मार्फत रोजगारीको अवसर सिर्जना गर्ने ।

४ स्थानीय उत्पादनको गुणस्तरीयता सुनिश्चित गर्दै बजार प्रवद्र्धन गर्ने ।

५ वैदेशिक रोजगारी बाट फर्केका युवाको परिवारलाई उद्यम स्थापनामा सहजिकरण र प्रोत्साहित गर्ने |

### ३.५.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

उद्योग, ब्यापार तथा ब्यबसाय र रोजगार उपक्षेत्रको सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३.५.१ आर्थिक विकास क्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना, सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| साना उद्योग संख्या | संख्या | ८८ | ९२ | ९५ | १०५ |
| चालू मझौला तथा ठुला उद्योग | संख्या | ९ | १० | ११ | १३ |
| प्राविधिक मानव संशाधन | संख्या | १६५ | १७५ | १९० | २३० |
| रोजगारमूलक नयाँ आयोजना/कार्यक्रम | संख्या | ७ | ८ | १० | १२ |
| बार्षिक थप रोजगारी सिर्जना | संख्या | १५० | २०० | २५० | ३०० |

### ३.५.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

आर्थिक विकास क्षेत्रको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ३.५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

उद्योग, ब्यापार तथा ब्यबसाय र रोजगार उपक्षेत्रको बिषय उपक्षेत्रगत रुपमा आगामी ३ बर्ष अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिका ३.५.२ मा प्रस्तुत गरिएको छ।

तालिका ३.५.२ उद्योग, ब्यापार तथा ब्यबसाय, श्रम र रोजगार उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.न. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | डिजिटल प्रणालीमा आधारित ब्यापार व्यवसाय प्रोफाइल तयारी | ब्यापार तथा ब्यवसाय संचालन सहज तुल्याउनु | २०८१/०८२ | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | डिजिटल प्रणालीमा आधारित व्यवसाय प्रोफाइल तयारी हुनेछ । |
| २ | स्थानीय कच्चा पदार्थ, ज्ञान, सीप र प्रविधि सम्बन्धी अध्ययन, संरक्षण र प्रवद्र्धन बिबिध कार्यक्रम | उद्योग व्यवसाय सिर्जनाको वातावरण तयार गर्ने | सालवसाली | | | नयाँ उद्यम तथा व्यवसाय सिर्जना र विकास हुनेछन् । |
| ३ | ब्यबसायिक सिप बिकास सम्बन्धि बिबिध तालिम (कुटानी, मिस्त्री, कूक, वेटर, प्लम्बिङ्ग, अचार बनाउने आदि) | रोजगार सृजना गर्न | सालवसाली | | | बार्षिक करिब १०० जनाले सिपमुलक तालिम पाउनेछन् । |
| ४ | व्यवसाय दर्ता तथा नविकरण कार्यविधि/निर्देशिका तर्जुमा | व्यवसाय दर्ता तथा नविकरणको व्यवस्था गर्ने | २०७८/०७९ | | | व्यावसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा र कार्यान्वयन हुनेछ |
| ५ | उद्यमशीलता, व्यवसाय सिर्जना र विकास कार्यक्रम | रोजगारी सृजना गर्न | सालवसाली | | नगरपालिकाको प्राथमिकता | |
| | श्रम तथा रोजगार | | | | | |
| ६ | नगरस्तरीय रोजगार योजना तर्जुमा | तत्कालिन ताथ दीर्घकालिन रोजगारीको आधार तयार गर्ने | २०८१/०८२ | | | रोजगार योजना तर्जुमा भएको हुनेछ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | स्थानीय रोजगार प्रवद्र्धन तथा सिपमुलक तालिम र प्रविधि हस्तान्तरण संचालन कार्यक्रम | सीपयुक्त, अनुभवी र दक्ष स्थानीय व्यक्तिको पलायन रोक्ने | सालवसाली | | नगरपालिकाको आवधिक योजनाको प्राथमिकता | करिब ७५० जना रोजगार कार्यक्रमबाट लाभान्वित भएका हुनेछन् । |
| ८ | श्रमिक सामाजिक सुरक्षा कार्यक्रम | श्रमिकको न्युनतम सुरक्षा सुनिश्चित हुने व्यवस्था गर्ने | सालवसाली | | | करिब ६५० श्रमिक सामाजिक सुरक्षाबाट लाभान्वित हुनेछन् । |
| ९ | बैदेशिक रोजगारीवाट फर्किएका युवा लक्षित रोजगार प्रबर्द्धन कार्यक्रम | रोजगारी मार्फत गरिवी निवारण गर्नु | सालबसाली | | | बार्षिक करिब २५ जना युवा प्रत्यक्ष लाभान्वित हुने । |

### ३.५.८ जोखिम पक्ष तथा अनुमान

यस क्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ । नगरपालिका क्षेत्र भित्रका युवाहरुलाई स्थानीय, राष्ट्रिय अन्तराष्ट्रिय बजारको माग अनुसारको ज्ञान, सीप र प्रविधि प्रदान गर्न, क्षमता तथा उद्यमशिलता विकास गरी रोजगारीको अवसरमा परिचालन गर्न आवश्यक छ ।

संघ र प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन, जस्ता कार्यहरुको एकीकृत व्यवस्थापन हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम उत्पन्न हुन सक्दछ । संघ, प्रदेश र स्थानीय सरकार, सहकारी, सहयोगी संस्था नीजि क्षेत्रसँगको समन्वय, सहकार्य, सेवा व्यवस्थापन र अन्य क्षेत्रसँग एकीकृत अनुगमन सहितको कार्य संचालन नभएमा अपेक्षित उपलब्ध हासिल नहुने जोखिम रहन्छ।

## ३.६ सहकारी तथा वित्तीय सेवा

### ३.६.१ पृष्ठभूमी

नगर क्षेत्रको सहकारी र यसमा आवद्ध नागरिकको एकीकृत योजना तर्जुमा तथा कार्यान्वयन र प्रवद्र्धन मार्फत उत्पादन, रोजगारी र आय वृद्धि गर्न उपयुक्त योजना तर्जुमा एबम् सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ । बैङ्किङ कारोबार चलायमान हुन स्थानीय स्तरमा व्यापक रुपमा पूँजीप्रवाह भैरहने वातावरण हुनुपर्दछ । हाल यहाँ यस नगरपालिका मा विभिन्न सहकारी, बैङ्क तथा वित्तीय संस्थाहरुले सेवा दिइरहेका छन्| हाल नगरपालिकाका थोरै घरधुरी परिवारका सदस्यको बैङ्क खाता रहेकोमा त्यसको विस्तारको कार्यक्रम नगरपालिकाले अघि बढाइरहेको छ । यसले सबै नागरिकको वित्तिय पहुँच विस्तार हुने देखिन्छ। यस नगरपालिकाको कार्यक्षेत्र रहनेगरी हाल सम्म ९२ वटा सहकारी संस्थाहरु दर्ता भई कोपोमिसमा प्रविष्टि रहेका छन् । यी संस्थाहरुमा महिला, ऋण तथा बचत, कृषि, बहुउद्देश्यीय गरी सबै प्रकारका छन् । यी सहकारीहरू मुख्य गरी घना वस्ती भएका मुख्य बजार केन्द्रहरू जस्तै वडा नं. १ मा मकरध्वज कृषि सहकारी सस्था,न्यु स्टार कृषि सहकारी संस्था, वडा नं. ३ मा श्री कमलपोखरी कृषि सहकारी संस्था, वडा न १० मा ज्योति कृषि सहकारी संस्था ,वडा नं ६ मा योगदान कृषि सहकारी संस्था र बद्रीनाथ सहकारी संस्थाहरु बजारहरुमा केन्द्रित भएर रहेका छन |

### ३.६.२ संभावना तथा अवसर

यस नगरपालिकाको सहकारी तथा वित्तीय उपक्षेत्रको सम्भाबना र अवसर देहाय बमोजिम रहेका छनः

- नगरपालिकामा महिला बचत समुह तथा महिला सहकारीहरूको विकास तथा क्षमता अभिवृद्धि गर्न सकिने
- अति विपन्न वर्गमा नियमित बचत गर्ने बानीको विकास गर्न प्रोत्साहन गर्न सकिने
- नगरपालिकाभित्र रहेका सहकारीहरूको सञ्चालन, व्यवस्थापन र नियमन कार्यलाई प्रभावकारी गर्ने नीति लिइएको
- उद्योग, कलकारखाना, बजार केन्द्र, व्यापारिक कारोबारको विस्तार गर्दै बैङ्क तथा वित्तीय संस्थाहरूको विकास गर्न सकिने
- सहकारीको विकासमार्फत ग्रामीण अर्थतन्त्रको उचित विकास गर्न सकिने
- सहकारीहरूको स्थापना भएकाले स्थानीय सहकारी नीतिअनुरूप “नगरनगरमा सहकारी घर–घरमा रोजगारी” अभियान सञ्चालन गर्न सकिने

### ३.६.३ समस्या तथा चुनौती

सहकारी संचालनमा कर्मचारी एवं पदाधिकारीहरुको क्षमतामा कमी, सहकारीहरुको नियमित एवं प्रभावकारी अनुगमन नहुनु, वित्तिय संस्थाबाट लिइने ऋणको सदुपयोग हुन नसक्नु एवं व्यवसायको लागि ऋणको जोखिम उठाउने क्षमतामा कमी, स्थानीयहरुमा आम्दानी तथा बचतको मात्रामा अत्यन्तै कमी रहनु यस क्षेत्रको विस्तारका लागि चुनौतीको रुपमा रहेको छ।

### ३.६.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

“वित्तीय पहुँच वृद्धिमार्फत आर्थिक क्षेत्रको गतिशिलता”

**लक्ष्य**

प्रत्येक घरधुरीमा बैङ्क तथा वित्तीय संस्थाहरूको सहज पहुँच स्थापित गर्ने

**उद्देश्य**

१ बैङ्क तथा वित्तीय संस्था तर्फ आम सर्वसाधारणलाई आर्कषण गर्नु

२ सहज कर्जा प्रवाह र बचत परिचालनमार्फत उद्योग, कृषि पर्यटन क्षेत्रमा लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि हासिल गर्नु ।

**रणनीति**

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत तथा बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति अवलम्बन गरिनेछ;

१ वित्तीय पहुँच नपुगेका घरपरिवारमा बैङ्क तथा वित्तीय संस्थाको पहुँच पुऱ्याउने

२ व्यवसायिक, उत्पादनमूलकसाना तथा मझौला उद्योगमा ऋण प्रवाह अभिवृद्धि गर्ने ।

३ सहकारी क्षेत्रलाई ब्यबस्थित, भरोसायोग्य र सदस्यको अधिकतम हितमा परिचालन गर्ने गरी प्रबर्धन एबं विकास गर्ने ।

## ३.६.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

सहकारी तथा वित्तीय सेवा क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यम अबधिको लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.६.१ सहकारी तथा वित्तीय सेवा क्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना, सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| ८. बैक तथा वित्तिय सेवा | संख्या | | | | |
| बैक तथा वित्तीय संस्था शाखा | संख्या | २३ | २५ | २६ | २६ |
| बैंक वित्तीय संस्थामा खाता भएका परिवार | संख्या | ६०० | ६५०० | ६८०० | ७००० |
| सहकारी र वित्तीय संस्थामा आवद्ध | प्रतिशत | ४९ | ५३ | ६० | ६५ |
| सहकारीमा महिला सहभागिता | प्रतिशत | ५५ | ५७ | ६० | ६४ |

## ३.६.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

आर्थिक विकास क्षेत्रको खर्च र स्रोतको त्रिबर्शीय अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ३.६.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सहकारी तथा वित्तीय सेवा बिषय उपक्षेत्रगत रुपमा आगामी ३ बर्ष अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिका ४.७.३ मा प्रस्तुत गरिएको छ।

तालिका ४.७.३ सहकारी तथा वित्तीय सेवा उपक्षेत्रका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.न. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | सहकारी सुपथ व्यवसाय तथा पसल सञ्चालन तथा साझेदारी अनुदान कार्यक्रम | नगरमा सुलभ मुल्यका पसल सञ्चालन गर्न सान्झेदारी गर्ने | सालवसाली | | नगरपालिकाको आवधिक योजनाको प्राथमिकता | सुलभ पसल स्थापना हुनेछन् । |
| २ | लक्षित वर्ग सहकारी सचेतना तथा प्रबद्र्धन र सहकारी तालिम कार्यक्रम | लक्षित वर्गमा वित्तीय सेवा तथा सुविधाको पहुँच बृद्धि गर्ने | सालवसाली | | | लक्षित क्षेत्र, वर्ग तथा समुदायमा वित्तीय सेवा र सुविधाको सहज पहुँच बृद्धि हुनेछ। |
| ३ | कर शिक्षा तथा व्यवसाय योजना तर्जुमा तालिम | नगरमा आम्दानी बृद्धि गर्न | सालवसाली | | | वर्षमा १ पटक हुनेछन् |

### ३.६.८ जोखिम पक्ष तथा अनुगमन

यस क्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ | संघ, प्रदेश र स्थानीय सरकार, सहकारी, सहयोगी संस्था नीजि क्षेत्रसँगको समन्वय, सहकार्य, सेवा व्यवस्थापन र अन्य क्षेत्रसँग एकीकृत अनुगमन सहितको कार्य संचालन नभएमा अपेक्षित उपलब्ध हासिल नहुने जोखिम रहन्छ।

# परिच्छेद — ४

# सामाजिक विकास क्षेत्र

## ४.१ शिक्षा

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधानले सामाजिक विकास क्षेत्र अन्तर्गतको आधारभुत एबम् माध्यमिक शिक्षाको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ | राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा सबै वर्ग तथा क्षेत्रका जनताको शिक्षा तथा स्वास्थ्यमा पहुँच सुनिश्चिताका लागि निर्देशित गरेको छ भने सामाजिक, आर्थिक, भौगोलिक तथा सांस्कृतिक रुपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरेको छ।नेपालले लिएको दिगो विकास लक्ष्य अन्तरगत सबैको लागि गुणस्तरीय शिक्षा समाबेश गरिएको छ।वर्तमान १५ औं राष्ट्रिय योजनाले समतामूलक सामाजिक, आर्थिक तथा सांस्कृतिक संरचना निर्माण र गुणस्तरीय जीवनयापनको लागि अवसर प्रदान गर्ने कुरालाई महत्व दिएको छ ।

हाल नगरपालिकामा १ वटा सरकारी क्याम्पस, ६ वटा उच्च मा.वि, ९ वटा मा.वि, ८ वटा आधारभुत र प्रा.वि १४ समेत गरी ३२ वटा सामुदायिक तथा २९ वटा संस्थागत (निजी) विद्यालयहरु तथा ३५ वटा मदरसा रहेका छन् । राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरपालिकाको साक्षरता दर ५४.३० प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ । लैंगिक हिसाबले यो नगरपालिकामा पनि अन्यत्र जस्तै धेरै विभेद रहेको पाईन्छ । जस्तैः यस नगरपालिकाको पुरुषको साक्षरता दर ६७.०५ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ४१.७७ प्रतिशत मात्र रहेको छ । पुरुष र महिलाको साक्षरता दरमा लगभग २५.२८ प्रतिशतको फरक देखिन्छ । यस तथ्याङ्कलाई हेर्दा आधारभूत तहको साक्षरताको समेत पूर्णता हुन नसकेको अवस्था रहेकोले शिक्षामा प्रशस्त काम गर्नुपर्ने देखिन्छ । अर्कोतर्फ आधारभूत र माध्यमिक तहमा विद्यालय पाठ्यक्रममा रहेको विज्ञान र प्रविधिको सामान्य औपचारिक अध्यापन बाहेक विज्ञान र प्रविधि विकासमा थप प्रयासहरू हुन सकेका छैनन् ।

### ४.१.२ संभावना र अवसर

शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमूखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने राज्यको मुल नीतिअनुसार संरचनागत तथा नीतिगत आधारहरु परिपक्क बन्दै गएका छन्।लुम्बिनी सांस्कृतिक नगरपालिकाको समृद्धिका लागि शैक्षिक विकासका क्षेत्रमा नगरपालिकामा भएका सम्भावना तथा अवसरलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ :

- नगरपालिकामा १ वटा विश्वविद्यालय, १ वटा सरकारी क्याम्पस, ६ वटा उच्च मा.वि, २ वटा मा.वि, ९ वटा आधारभुत, १४ वटा प्रा.वि गरी ३२ वटा सामुदायिक तथा ३० वटा संस्थागत (निजी) विद्यालयहरु तथा ३६ वटा मदरसा रहेका
- नगरपालिकाले संस्थागत विद्यालयको अनुमति, नियम र अनुगमन तथा मूल्यांकन प्रणालीलाई व्यवस्थित गर्ने नीति लिएको

- नगरपालिकाले सबै बालबालिकालाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा उपलब्ध गराई सक्षम नगरपालिका बनाउने नीति अवलम्बन गरेको
- नगरपालिकाले विपन्न तथा निम्न आय भएका अभिभावकका बालबच्चाहरुलाई विद्यालय पठाउनका लागि पोशाक, खाजा र पाठ्यसामाग्रीको व्यवस्था गर्ने नीति लिएको
- विगत वर्षहरूका तुलनामा शिक्षामा सर्वसाधारणहरूको पहुँच बढेको
- माध्यमिक तहमा कम्प्युटर शिक्षा तथा नगरपालिकामा आवश्यक जनशक्ति उत्पादन गर्न तद्अनुरुपका कार्यक्रम सञ्चालन गर्न विद्यालयहरूलाई प्रोत्साहन गर्न सकिने
- सम्पूर्ण विद्यालयहरूमा आवश्यक मात्रामा शैक्षिक सामग्रीहरूको थप व्यवस्था, पुस्तकालय तथा विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्था गरी व्यवहारिक शिक्षा प्रदान गर्न सकिने
- शिक्षकहरूलाई तालिम दिई गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने

### ४.१.३ समस्या र चुनौती

शिक्षाको पूर्वाधारको अवस्था राम्रो भए तापनि विद्यायलय जाने उमेरका सबै बालबालिका अझै पनि विद्यालय नगएको अवस्था छ । यसका अतिरिक्त नगरपालिकाको शिक्षा क्षेत्रको अन्य समस्या र चुनौती देहाय बमोजिम रहेका छन्ः

- बालविकास, आधारभूत, र सीमित माध्यमिक शिक्षाको सुविधा भए पनि स्नातक र स्नातकोत्तर वा सो भन्दा माथिको उच्च शिक्षालयको अभाव
- नगरपालिकामा प्राविधिक धारको विद्यालय नरहेका कारण प्राविधिक शिक्षाबाट नगरपालिका वञ्चित रहेको
- विद्यालयहरूमा स्थानीय आवश्यकता समेट्ने पाठ्यक्रम निर्माण गरी लागू नगरिएको
- विषयगत शिक्षकको कमी तथा विद्यालयहरूमा विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दी मिलान नगरिएको
- विद्यालयहरूमा किताब–कापी–कलम, स्वच्छ खानेपानी, समावेशी शौचालय, पुस्तकालय, सुरक्षित भवन, फर्निचर तथा समय सापेक्ष सूचना प्रविधिमैत्री पूर्वाधारको अपर्याप्तता वा अभाव
- विद्यालय भवन कच्ची र असुरक्षित साथै आवश्यक पूर्वाधार नभएको र भूकम्प तथा प्राकृतिक विपत्तिले क्षति गर्न सक्ने

### ४.१.४ विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

#### सोच

"राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी मानव स्रोतको निर्माण"

#### लक्ष्य

निरक्षरता शुन्यमा झारी आधारभूत देखि उच्च तह सम्मको गुणस्तरीय शिक्षा नगरपालिकाभित्र उपलब्ध गराउने

#### उद्देशय

नगरपालिकाको शिक्षा विकास उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छनः

१ न्यूनतम शैक्षिक पूर्वाधारको विकास गरी आधारभूत र माध्यामिक शिक्षामा सबैको पहुँच सुनिश्चित

२ निरक्षरता शुन्यमा झार्नु

३ व्यवहारिक, प्राविधिक, जीवनोपयोगी र नैतिक मूलयमा आधारित शिक्षा प्रदान गर्नु

४ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा प्रदान गर्नु

५ विज्ञान तथा प्रविधिको आधारभूत खोज र अन्वेषणलाई स्थान दिनु ।

### रणनीति

शिक्षा तथा प्रबिधि विकास उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछ (आवधिक योजनाको रणनीति र कार्यनीतिको आधारमा तयार गरिएको) :

१ गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संरचनागत र संस्थागत क्षमता अभिवृद्धि गर्ने।

२ प्रारम्भिक बाल विकास तह देखि उच्च शिक्षा र प्राविधिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्न तालिम तथा क्षमता अभिवृद्धिको संस्थागत विकास गर्ने।

३ बिद्यालय उमेर समुहका सबै बालबालिकाका लागि शिक्षाको पहुँच सुनिश्चित गर्ने।

४ विद्यालय शिक्षालाई गुणस्तरीय व्यवहारिक, व्यवसायिक, सीपमूलक र जीवनपयोगी बनाउने

५ शिक्षण सिकाई, प्रशासनीक कार्य तथा अनुगमनमा विद्युतीय सूचना प्रविधिको उपयोग गर्ने

६ न्यूनतम भौतिक पूर्वाधारहरूलाई प्राथमिकताको आधारमा निर्माण गर्दै लैजाने

७ विज्ञान र प्रविधिमा रुचि भएका विद्यार्थी बालबालिका तथा युवाहरूको पहिचान तथा प्रोत्साहन गर्ने

## ४.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

शिक्षा विकास उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.१.१ शिक्षा विकास उपक्षेत्रगत नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना , सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| शिक्षा | | | | | |
| प्राथमिक तहमा खुद भर्नादर | प्रतिशत | ९६.५ | ९७ | ९८ | ९८.५ |
| प्राथमिक तह पुरा गर्ने दर | प्रतिशत | ९८.५ | ९९ | ९९.५ | १०० |
| WASH सुविधा भएका आधारभूत विद्यालयहरु | प्रतिशत | ९३ | ९५ | ९८ | १०० |
| अपाङ्गमैत्री विद्यालयहरु | प्रतिशत | १३ | २० | २५ | २७ |
| न्यूनतम रुपमा संगठित/व्यवस्थित शिक्षक तालिम प्राप्त गरेका आधारभूत शिक्षा क्षेत्रमा कार्यरत शिक्षकहरु | संख्या | २५० | २५५ | २६० | २७० |
| प्राविधिक शिक्षा सञ्चालन हुने विद्यालय | संख्या | २ | ३ | ३ | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| आधारभूत शिक्षा उत्तीर्ण जनसंख्या | प्रतिशत | ८८ | ९१ | ९५ | ९६ |
| माध्यमिक शिक्षा उत्तीर्ण बिद्यार्थी | प्रतिशत | ८३ | ८६ | ९० | ९२ |
| स्नातक तह उत्तीर्ण गर्ने बिद्यार्थी | प्रतिशत | ४५ | ५० | ५८ | ६१ |
| विज्ञान प्रयोगशाला सुविधा भएका विद्यालय | संख्या | ११ | १२ | १२ | १३ |

### ४.१.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको त्रिबर्षीय अनुमान

सामाजिक विकास क्षेत्रको समग्र त्रिबर्षीय खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ४.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

शिक्षा विकास उपक्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ४.१.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१.२ शिक्षा विकास तर्फका कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण (स्रोतः आवधिक योजनामा समाबेश गरिएका बिस्तृत क्रियाकलाप तथा आयोजनालाई एकीकृत गरि तयार गरिएको छ)**

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रम अवधि (शुरु र समासी) | अनुमानित लागत(रु हजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १.१ | विद्यालय भवन निर्माण, मर्मत तथा संरचना सुधार कार्यक्रम | सामुदायिक विद्यालयको आकर्षण वृद्धि गर्ने | सालवसाली | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | सामुदायिक विद्यालयमा भौतिक पूर्वाधार विकास हुने |
| १.२ | प्रारम्भिक बाल विकास केन्द्र व्यवस्थापन कार्यक्रम | बालवालिकाको सिकाइ वातावरण तयार गर्ने | सालवसाली | | | बाल विकास केन्द्रहरु व्यवस्थित हुनेछन् |
| १.३ | सूचना प्रविधिमैत्री पठन-पाथान विस्तार कार्यक्रम | प्रविधिमैत्री विद्यालय तयार गर्न | सालवसाली | | | सवै विद्यालयहरु प्रविधिमैत्री हुनेछन् |
| १.४ | नमुना विद्यालय सञ्चालन कार्यक्रम | शैक्षिक गुणस्तर बृद्धि गर्ने | सालवसाली | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | नमुना विद्यालय तयार हुनेछन् |
| १.५ | शैक्षिक गुणस्तर अभिबृद्धिको लागि सुधार कार्यक्रम | सिकाई उपलब्धी दर बृद्धि गर्ने | सालवसाली | | | सवै विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धि हुनेछन् । |
| १.६ | विद्यालय जनशक्ति व्यवस्थापन कार्यक्रम | विद्यालय शिक्षाको गुणस्तर बृद्धि गर्ने | सालवसाली | | | सवै विधालयमा आवश्यक जनशक्ति पुगेको हुनेछ । |
| १.७ | विद्यार्थी प्रोत्साहन कार्यक्रम | विधार्थीको निरन्तता दर बृद्धि गर्ने | | | | विद्यार्थीको बिद्यालय टिकाउ डर र निरन्तरता बृद्धि हुनेछ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.८ | प्रतिभा पहिचान तथा प्रोत्साहान कार्यक्रम | सिर्जनशीलताका साथै अध्ययनको प्रभावकारित बढाउने | सालबसाली | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | बिद्यार्थी प्रतिभा प्रोत्साहित हुनेछन। |
| १.९ | शिक्षा क्षेत्र सालबसाली कार्यक्रम | शैक्षिक सेवा सुचारु गर्ने | सालवसाली | | | विद्यालय व्यवस्थित रुपमा संचालन हुनेछन् । |

## ४.१.८ जोखिम पक्ष तथा अनुगमन

शैक्षिक संस्थाहरुमा आबश्यक पर्याप्त भौतिक पूर्वाधार विकास र दक्ष जनशक्तिको उपलब्धता सहित गुणस्तरीय, प्रबिधिमैत्री, रोजगारमुलक, जिवनउपयोगी, प्रतिष्पर्धी शिक्षा प्रणाली विकास गर्नु आजको मुख्य चुनौती रहेको छ| आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सुबिधा अझैसम्म पनि सवै वर्ग, समुदाय र क्षेत्रका जनतामा सहज, सुलभ तथा सरल रुपमा पुग्न सकेको छैन। माथि उल्लेखित समस्याहरू तथा चुनौतीहरूलाई सम्वोधन गर्न लागत प्रभावकारी कार्यक्रम तयार गरी लागू गरिनेछ। तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हालिल नहुन सक्छ ।

## ४.२ जनस्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

नेपालको संविधानले सामाजिक विकास क्षेत्र अन्तर्गतको आधारभुत स्वास्थ्य तथा पोषणको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ | राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा सबै वर्ग तथा क्षेत्रका जनताको शिक्षा तथा स्वास्थ्यमा पहुँच सुनिश्चिताका लागि निर्देशित गरेको छ भने सामाजिक, आर्थिक, भौगोलिक तथा सांस्कृतिक रुपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरेको छ ।१५ औं राष्ट्रिय आवधिक योजनाले समतामूलक सामाजिक, आर्थिक तथा सांस्कृतिक संरचना निर्माण र गुणस्तरीय जीवनयापनको लागि अवसर प्रदान गर्ने कुरालाई महत्व दिएको छ।लुम्बिनी प्रदेशको पहिलो आवधिक योजनाले स्वास्थ्य तथा पोषणको सुनिस्चितताालाई विकासको मुख्य शर्तका रुपमा लिएको देखिन्छ।नगरपालिकामा निजी अस्पताल र नर्सिङ्गहोम —२,स्वास्थ्य चौकी ७, सहरी स्वास्थ्य केन्द्र १ खोप केन्द्र — ३५, नगरघर क्लिनीकहरु २४, टि. वी. उपचार केन्द्र— ९, बर्थीङ सेन्टर— १ साथै केही पोलिक्लिनिक, क्लिनिक, फार्मेसी,सञ्चालनमा रहेका छन् । वडा नं. २, ४,६,७ र १३ मा आधारभुत स्वास्थ्य इकाई भवन बन्दै गरेको छ । यी संस्थाहरुबाट सीमित मात्रामा मात्र स्वास्थ्यका आधारभूत सेवा सञ्चालन भएतापनि धेरै जसो आधारभूत स्वास्थ्य सेवाको अपर्याप्तता रहेको छ । नेपाल सरकारको "एक स्थानीय तह एक अस्पताल निर्माण" अभियानअन्तर्गत नगरपालिकामा एक १५ शैयाको हस्पिटल निर्माण गरी सो हस्पिटललाई सुविधा सम्पन्न बनाउन सके स्वास्थ्य सेवा प्राप्तीमा केही राहत मिल्ने देखिन्छ ।

### ४.२.२ संभावना र अवसर

नगरपालिकाको स्वास्थ्य तथा पोषण उपक्षेत्रको सम्भाबना र अवसर देहाय बमोजिम रहेको छः

- नगरपालिकामा स्वास्थ्य चौकी, बर्थिङ सेन्टर र नगरघर क्लिनिकहरु तथा प्राइभेट स्तरबाट संचालित २ वटा अस्पताल र नर्सिङ्गहोम रहेका
- नगरपालिकाका सबै वडाहरू पूर्ण खोप सुनिश्चितता घोषणा भई दिगोपन सुनिश्चितता गर्ने नीति लिएको
- नगरपालिकाले सबैको पहुँचमा सर्वसुलभ तवरले स्वास्थ्य सेवा उपलब्ध गराउन सबै वडामा स्वास्थ्य संस्था स्थापना तथा स्तरोन्नति र व्यवस्थापन प्रभावकारी गर्ने नीति लिएको
- गुणस्तरीय आधारभूत स्वास्थ्यमा नागरिकको सरल र सहज पहुँच स्थापना गर्न सामुदायिक स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइएको
- निःशुल्क वितरण गरिने औषधीको आपूर्तिलाई सहज गराउन सकिने
- वैकल्पिक चिकित्सा पद्दति जस्तै जडीबुटी, होमियोप्याथी, प्राकृतिक चिकित्सा तथा योग तथा ध्यान केन्द्रको व्यवस्था गर्न सकिने
- विद्यमान स्वास्थ्य पूर्वाधारहरूलाई स्तरोन्नति गरी तिनीहरूको सेवा प्रभावकारी बनाउन सकिने
- खोप केन्द्रलाई चुस्त दुरुस्त बनाउन सकिने
- लुम्बिनी क्षेत्र विकास कोष तथा प्राथमिक स्वास्थ्य केन्द्र लंकापुर संग नजिक रहने गरी प्याथोलोजी, परिवार योजन सम्वन्धि सेवा तथा बर्थिङ्ग सेन्टर बनाउन सकिने

### ४.२.३ समस्या र चुनौती

- २४ सै घण्टा आकस्मिक सेवा, आपतकालीन उपचार तथा शल्यक्रिया सेवा र रक्तसञ्चार सेवाको अभाव
- सुविधासम्पन्न अस्पताल तथा विज्ञ डाक्टर, सर्जिकल सामग्री तथा अन्य आवश्यक उपकरणको अभाव
- महामारी प्रतिकार्य इकाई तथा संयन्त्रको व्यवस्था नभएको
- स्वास्थ्य चेतनाको अभावका कारण बालबालिका स्वास्थ्य, महिला तथा प्रजनन् स्वास्थ्य, जेष्ठ नागरिकहरूको स्वास्थ्य र समग्र सामुदायिक स्वास्थ्य जोखिममा पर्न सक्ने
- समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि ठूलो आकारको बजेट तथा कर्मचारी र विशेषज्ञहरूको प्रबन्ध गर्नुपर्ने
- स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीको स्तर वृद्धि गरी सुविधा सम्पन्न बनाउनु पर्ने
- आधारभूत तहबाट नै पूर्वाधारहरूको विकास गर्न ठूलो बजेटको व्यवस्थापन गर्ने चुनौती रहेको
- दरबन्दी अनुसारको जन शक्ति नहुनु, सर्प र कुकुरको टोकाइको औषधी अभाव

### ४.२.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

"गुणस्तरीय स्वास्थ्य सेवा तथा दिगो पोषणको घरदैलो मै सुनिश्चितिता"

**लक्ष्य**

आगामी पाँच वर्ष भित्र आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण सम्पन्न गर्ने

**उद्देशय**

नगरपालिकाको स्वास्थ्य तथा पोषण उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन

१ आकस्मिक र आधारभूत स्वास्थ्य सेवा नगरपालिका मै उपलब्ध गराउनु

२ स्वास्थ्य चेतना र आहार विहारमा सुधार ल्याई प्रर्वद्धनात्मक र निरोधात्मक जनस्वास्थ्य सुदृढ गर्नु।

**रणनीति**

स्वास्थ्य तथा पोषण उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछ (आवधिक योजनाको रणनीति तथा कार्यनीतिको आधारमा तयार गरिएको):

१ आधारभूत स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय बनाउने

२ स्थानीय स्वास्थ्य संस्थाको सुदृढीकरण तथा जनशक्ति व्यवस्थापनलाई प्रभावकारी गराउने ।

३ पोषण विशेष सेवाहरुमा समान पहुँच वृद्धि तथा उपभोगमा सुधार गर्ने |

४ बैकल्पिक चिकित्सा प्रणालीको विकास र विस्तार गर्ने।

५ जनस्वास्थ्य प्रवद्र्धनका लागि समुदायस्तर सम्मको संरचना र कार्यक्रमलाई प्रभावकारी गराउने ।

६ पूर्ण खोपको सुनिस्चितता गर्ने |

## ४.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

जनस्वास्थ्य तथा पोषण उपक्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.२.१ जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना , सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| स्वास्थ्य ताथ पोषण | | | | | |
| दक्ष प्रसुती कर्मीहरुको सहयोगमा भएको जन्मको (अनुपात) | प्रतिशत | ४५ | ५५ | ७० | ७५ |
| पाँच वर्षमूनिको बाल मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | ६ | ४ | ३ | २ |
| नवजात शिशु मृत्युदर (प्रतिहजार जिवित जन्ममा) | जना | २ | १ | १ | १ |
| हेपाटाइटिस बी भ्याक्सिन पुरा (३ डोज) गर्ने शिशु | प्रतिशत | ९७ | ९९ | १०० | १०० |
| स्वास्थ्य बिमामा आबद्ध विपन्न परिवार | प्रतिशत | २१ | ४० | ५० | ५५ |
| राष्ट्रिय खोप कार्यक्रममा समावेश भएका सबै खोपद्वारा समेटिएको लक्षित जनसंख्या | प्रतिशत | ९६ | ९७ | ९८ | ९९ |
| सम्पूर्ण आधारभूत सुविधायुक्त स्वास्थ्य चौकी | संख्या | ३ | ७ | ११ | १२ |
| कुपोषण भएका बालबालिका दर | प्रतिशत | ३ | २ | १ | १ |
| चौबिसै घण्टा आकस्मिक स्वास्थ्य सेवा भएका स्वास्थ्य संस्था | संख्या | १ | २ | ३ | ५ |
| चौबिसै घण्टा एम्बुलेन्स सेवा भएका स्वास्थ्य संस्था | संख्या | ३ | ४ | ५ | ७ |
| घुम्ती स्वास्थ्य शिविर वार्षिक | संख्या | ७ | ९ | ११ | १२ |
| स्वास्थ्य प्रयोगशाला | संख्या | ५ | ९ | ११ | १२ |

## ४.२.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको त्रिबर्षीय अनुमान

सामाजिक विकास क्षेत्रको समग्र त्रिबर्षीय खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ४.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ४.२.२ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.२.२ **जनस्वास्थ्य तथा पोषण तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रम अवधि (शुरु र समाप्ती) | अनुमानित लाग(रु हजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य संस्था सुदृढिकरण तथा स्वास्थ्य पूर्वाधार निर्माण कार्यक्रम | स्वास्थ्य सेवालाई व्यवस्थित तथा सहज बनाउन | निरन्तर | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरु निर्माण हुनेछन् । |
| २ | स्वास्थ्य सेवा प्रवद्र्धन कार्यक्रम | स्वास्थ्य सेवा दिगो, सुपथ र सहँज बनाउन | सालवसाली | | | नगरवासीलाइ स्वास्थ्य सेवा लिन सहँज हुनेछ । |
| ३ | पोषण सुधार कार्यक्रम | मातृ तथा नवजात स्वास्थ्य सुधार गर्न | सालवसाली | | | नगरमा २५ प्रतिशतले पोषणमा सुधार भएको हुनेछ । |
| ४ | स्वास्थ्य संस्था जनशक्ति व्यवस्थापन कार्यक्रम | व्यवस्थित तथा सुलभ सेवा प्रवाह गर्न | सालवसाली | | | सवै स्वास्थ्य संस्था जनशक्ति व्यवस्थापन भएको हुनेछ । |
| ५ | लक्षित वर्ग स्वास्थ्य सेवा कार्यक्रम | स्वास्थ्य सेवामा सवैको सहज पहुँच बृद्धि गर्न | सालवसाली | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | सवै वडामा विपन्न तथा जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन हुनेछ । |
| ६ | मातृशिसु तथा गर्भवती स्याहार कार्यक्रम | मातृ स्वास्थ्य सुधार गर्न | सालवसाली | | | सुरक्षित मातृत्व र पोषण सेवा २५ प्रतिशतले बृद्धि हुनेछ । |
| ७ | विद्यालय नर्स कार्यक्रम | स्वास्थ्यमैत्री विद्यालय निर्माण गर्न | सालवसाली | | | विद्यालयमा नर्सको व्यवस्था हुनेछ । |
| ८ | महामारी नियन्त्रण पूर्वतयारी | सजह स्वास्थ्य उपाचार अभिबृद्धि गर्न | सालवसाली | | | महामारी नियन्त्रण पूर्वतयारी युनिट तयार हुनेछ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | स्वास्थ्य विमा प्रवद्र्धन | जडिबुटीको प्रयोग बढाउने | सालवसाली | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | ८० प्रतिशत नागरिकले स्वास्थ्य बिमा गरेका हुनेछन् |
| १० | परिवार नियोजन सेवा विस्तार कार्यक्रम | सवै वर्गको स्वास्थ्यमा सहज पहुँच बृद्धि गर्न | सालवसाली | | | ३० प्रतिशतले परिवार नियोजनको साधन प्रयोगमा बृद्धि हनेछ । |
| ११ | बाल स्वास्थ्य सुधार कार्यक्रम | साधन प्रयोगमा बृद्धि गर्न | सालवसाली | | | सवै वडामा सञ्चालन हुनेछन् । |
| १२ | स्वास्थ्य सेवासँग सम्बन्धित बिबिध सालवसाली कार्यक्रम सशर्त समेत | सवै प्रकारको स्वास्थ्य सेवा उपलब्ध गराउन | सालवसाली | | | स्वास्थ्य सेवा सहज र गुणस्तरीय भएको हुनेछ। |

### ५.१.८ जोखिम पक्ष तथा अनुमान

आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सुबिधा अझैसम्म पनि सबै वर्ग, समुदाय र क्षेत्रका जनतामा सहज, सुलभ तथा सरल रुपमा पुग्न सकेको छैन। बढ्दो अव्यवस्थित शहरीकरणका कारण एकातिर सरूवा रोगको नियन्त्रणमा चुनौती रहेको छ भने बदि्लदो खानपान र जीवनशैलीका कारण नसर्ने रोगको भार बढदो छ। साथै जलवायु परिर्वतनका कारण नयाँ रोग तथा प्राकृतिक प्रकोपका कारण स्वास्थ्य प्रणालीमा ठूलो चुनौती थपिएको छ। कोभिड १९ विश्वव्यापी महामारीले स्वास्थ्य क्षेत्रमा ठूलो चूनौति ल्याएको र मानवीय, आर्थिक र सामाजिक क्षति पुगेको छ। विद्यमान स्वास्थ्य सेवा प्रणाली कोभिड १९ लगायत अन्य माहामारी र अन्य स्वास्थ्य समस्यालाई सम्बोधन गर्न नसक्ने अवस्था देखिएको छ। माथि उल्लेखित समस्याहरू तथा चुनौतीहरूलाई सम्वोधन गर्न लागत प्रभावकारी कार्यक्रम तयार गरी लागू गरिनेछ। तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हालिल नहुन सक्छ ।

## ४.३ खानेपानी तथा सरसफाई

### ४.३.१ पृष्ठभूमि

नेपालले लिएको दिगो विकास लक्ष्य अन्तरगत गुणस्तरीय शिक्षा, तथा स्वास्थ्य समुन्नत समाज, लैङ्गिक समानता, स्वच्छ खानेपानी तथा सरसफाई र असमानता न्यूनीकरणलाई समेत समावेश गरिएको छ । खानेपानी तथा सरसफाईको क्षेत्रमा संघीय सरकार प्रदेश सरकार तथा नगरपालिकाले उच्च प्राथमिकता रहेको छ । लुम्बिनी प्रदेशको पहिलो आवधिक विकास योजनाले स्वच्छ खानेपानी आपूर्ती र सरसफाईमा घरधुरीहरुको पहुँच सत प्रतिशत पुर्याउने उद्देश्य लिएको छ । लुम्बिनी साँस्कृतिक नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना २०२० का अनसार, यस नगरपालिकामा रहेका करिब १०६५१ घरधुरी मध्ये ९७.५७ प्रतिशत परिवारले पिउने पानीको मुख्य स्रोतको रुपमा टयुबवेल/ हातेपम्प प्रयोग गरेको देखिन्छ भने इनारको पानीको प्रयोग गर्ने घरधुरी १.९१ प्रतिशत र ०.५२ प्रतिशत परिवारले पाइपधारा प्रयोग गरेको पाइन्छ । नगरपालिकामा उपलब्ध पिउने पानीको स्रोत मध्ये ०.७८ प्रतिशत मात्र पूर्णरुपले पिउन सुरक्षित रहेको पाइन्छ भने बाँकी स्रोतमा धमिलो फोहोर मिसिएको, गन्ध आउने, आइरनयुक्त, आर्सेनिक युक्त हुनाले पिउनका लागि पूर्ण रुपले सुरक्षित नरहेको पाइन्छ । साथै नगरपालिकाका अधिकांश घरपरिवारले पिउने पानीलाई कुनै शुद्धीकरण नगरी सिधैं पिउने गरेको देखिन्छ जुन जनस्वास्थ्यको दृष्टिकोणले जोखिमपूर्ण हो ।

### ४.३.२ संभावना र अवसर

नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई स्वच्छ पिउने पानी र सरसफाईलाई महत्वपूर्ण रुपमा उठान गरेको छ। बढ्दो स्वास्थ्य सम्बन्धि चेतना, उपलब्ध बजेट तथा ग्राभिटी फ्लो तथा भूमिगत स्रोतमा आधारित पानीका मुहानको उपलब्धता तथा ग्राभिटी फ्लोको संभावना नरहेका स्थानमा लिफ्ट गर्न समेत नदिको उपलब्धताले गर्दा एक घर एक धारको अवधारणलाई साकार गराउँन सकिने संभावना छ। यसका अतिरिक्त नगरपालिकाको यस उपक्षेत्रको सम्भाबना र अवसर देहाय बमोजिम रहेको छ :

- नगरपालिकाको वडा नं. ३ को पडरिया, वडा नं. ६ को तेनुहवा, र वडा नं. ७ को कर्महवा जस्ता खानेपानी आयोजना निर्माणाधीन अवस्थामा रहेको
- स्वच्छ खानेपानी र सरसफाईको सुविधा उपलब्ध गराउने कार्यलाई प्राथमिकीकरण गरिएको
- नगरपालिकामा पानी संरक्षण गरी दिगो रुपमा पानीको सदुपयोग गर्ने योजना कार्यान्वयन गर्न सकिने
- घरघरमा पानी संकलन टयांकी राख्न प्रोत्साहन गरेमा दीर्घकालीन हिसाबले पिउने पानीको समस्या समाधान गर्न सकिने
- फोहोरको वर्गीकरण, न्यूनीकरण र व्यवस्थापन गर्न विभिन्न कार्यक्रमहरु संचालनमा ल्याउने नीति लिएको |

### ४.३.३ समस्या र चुनौती

- प्रचुर मात्रामा भूमिगत जल स्रोतको उपलब्धता भए तापनि पिउने पानी शुद्धीकरण गरी पिउने उचित प्रबन्ध नभएको
- सम्पूर्ण घरपरिवारलाई सुरक्षित र स्वच्छ पिउने पानी वितरण प्रणालीमा जोड्न नसकिएको
- टयुबवेलको पानीमा गन्ध आउने साथै आइरन, आर्सेनिक जस्ता तत्वहरु देखिएको
- पानीका उपलब्ध प्रमुख स्रोतहरूको वैज्ञानिक हिसाबले संरक्षण र व्यवस्थापन गर्न नसकिएको
- फोहोरमैला संकलन केन्द्र तथा ल्याण्डफिल साइटको व्यवस्था भइनसकेको

- अधिकांश घरहरुमा व्यवस्थित शौचालयको साथै नगरपालिकाको अधिकांश सार्वजनिक स्थलमा शौचालयको व्यवस्था नभएको
- वैज्ञानिक फोहोरमैला व्यवस्थापन हुन नसकेको
- कच्ची सडकका कारण धुलोले गर्दा वायु प्रदूषण हुने गरेको
- फोहोर व्यवस्थापनको ठोस योजना नबन्दा विशेषगरी बजार क्षेत्रमा दीर्घकालीन हिसाबले जटिलता सिर्जना हुन सक्ने
- पिउने पानी तथा सरसफाइको उचित व्यवस्थापन नहुँदा विभिन्न सरुवा रोगको संक्रमण हुन सक्ने ।

## ४.३.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### सोच

"स्वच्छ, स्वस्थ र सुन्दर नगरपालिका निर्माणका लागि गुणस्तरीय खानेपानी तथा सरसफाई"

### लक्ष्य

"नगरपालिका सम्पूर्ण वडाहरुमा/बस्तीहरुमा स्वच्छ खानेपानी पुऱ्याउने तथा सरसफाइको प्रभावकारी व्यवस्थापन गर्ने।

### उद्देशय

नगरपालिकाको खानेपानी तथा सरसफाई उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छनः

१ नगरपालिकाबासीहरुलाई सुरक्षित खानेपानी सुविधा पुऱ्याउनु

२ नगरपालिकाका सम्पूर्ण वडाहरुमा सरसफाइको सुविधा पुऱ्याउनु ।

### रणनीति

खानेपानी तथा सरसफाई उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछः

१. आधारभूत खानेपानी सुविधा नपुगेका घरपरिवारमा खानेपानी सुविधा विस्तारका लागि प्राथमिकता दिने ।

२. मूहान संरक्षण तथा खानेपानी सेवाको स्तर वृद्धि गर्ने

३. हरेक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाइ सुविधाको व्यवस्था गर्ने ।

४ सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सरसफाइ सेवाको व्यवस्थापन गर्ने ।

५ सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

## ४.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

खानेपानी तथा सरसफाई उपक्षेत्रको विषय उपक्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.३.१ खानेपानी तथा सरसफाई उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| खानेपानी तथा सरसफाई | | | | | |
| पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार ) | प्रतिशत | ४ | ६ | १० | १५ |
| आधारभूत खानेपानी सेवामा पहुँच पुगेका जनसंख्या | प्रतिशत | ९८ | ९९ | १०० | १०० |
| सुरक्षित खानेपानीमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ७५ | ८२ | ९० | ९२ |
| उन्नत सुधारिएका सरसफाइसम्बन्धी सुविधाहरू प्रयोग गर्ने परिवार | प्रतिशत | ४० | ५० | ६२ | ७० |
| आधारभूत शौचालय प्रयोग गर्ने जनसंख्याको अनुपात | प्रतिशत | ८८ | ९२ | ९६ | ९७ |
| संरक्षणमा समेटिएका खानेपानी मुहान | संख्या | १ | २ | ३ | ७ |

### ४.३.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको त्रिबर्षीय अनुमान

सामाजिक विकास क्षेत्रको समग्र त्रिबर्षीय खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ४.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

खानेपानी तथा सरसफाई उपक्षेत्रको आगामी ३ बर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ४.३.२ मा प्रस्तुत गरिएको छ ।(आवधिक योजनामा समावेश गरिएका आयोजना तथा क्रियाकलापलाई एकीकृत तथा संश्लेषण गरी तयार गरिएको छ )

## तालिका ४.३.२ खानेपानी तथा सरसफाई उपक्षेत्रका कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रम अवधि(शुरु र समाप्ती) | अनुमानित लागत(रु हजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | खानेपानी आयोजना मर्मत तथा सुधार कार्यक्रम | सुरक्षित खानेपानी सुविधा सहज उपलब्ध गराउने | सालबसाली | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | मौजुदा साना तथा ठूला आयोजनाको मर्मत सुधार भई सूचारु र दिगो हुनेछन् |
| २ | सार्वजनिक शौचालय निर्माण | पूर्ण सरसफाई र खुला दिशामुक्त क्षेत्र कायम राख्ने | निरन्तर | | | थप सार्वजनिक शौचालय निर्माण भई संचालन हुनेछ |
| ३ | खानेपानी गुणस्तर परिक्षण तथा सुधार | स्वच्छ खानपानीको व्यवस्था गर्ने | सालवसाली | | | घरपरिवारमा पानीको स्वक्ष खानेपानीको सहज रुपमा उपलब्ध हुनेछ |
| ४ | सरसफाई सचेतना कार्यक्रम | स्वच्छता र स्वच्छ व्यवहारको अभिबृद्धि गर्ने | सालवसाली | | | बार्षिक रुपमा समुदायको स्वस्फुर्त सहभागितामा कार्यक्रम संचालन हुनेछ |
| ५ | फोहोरमैला व्यवस्थापन | फोहोर विसर्जन परिमाण घटाउने र व्यवस्थापन सहज बनाउने | सालवसाली | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | शहरी क्षेत्रमा बसोबास गर्ने घरपरिवारलाई उपयुक्त प्रविधि हस्तान्तरण हुनेछ । |
| ६ | सालवसाली कार्यक्रम सशर्त समेत | निरन्तर कार्यक्रम | सालवसाली | | | प्रत्येक वर्ष सञ्चालन हुनेछ । |

## ४.३.८ जोखिम पक्ष तथा अनुमान

प्रस्तावित कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यन्वयन मार्फत लक्षित उपलब्धि हासिल गर्न लागत प्रभावकारी कार्ययोजना तयार गरी लागू गरिनेछ। तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हालिल नहुन सक्छ ।

## ४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानले सामाजिक न्याय समावेशी प्रतिनिधित्वको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ | राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा सामाजिक, आर्थिक, भौगोलिक तथा सांस्कृतिक रुपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरेको छ। नेपालले लिएको दिगो विकास लक्ष्य अन्तरगत गुणस्तरीय शिक्षा, तथा स्वास्थ्य समुन्नत समाज, लैङ्गिक समानता, स्वच्छ खानेपानी तथा सरसफाई र असमानता न्यूनीकरणलाई समेत समावेश गरिएको छ ।

### ४.४.२ संभावना र अवसर

सामाजिक न्याय तथा सामाजिक सुरक्षामा सबैको पहुँच कायम गर्दै स्वस्थ तथा सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्नु आजको मुख्य आवश्यकता रहेको छ । सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधारका रुपमा लिई संघ सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपुर्ण प्रयास गर्नु पर्ने आवश्यकता रहेको छ ।

### ४.४.३ समस्या र चुनौती

लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि नीतिगत तथा व्यवहारिक तहबाट प्रयत्नहरु भएता पनि आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको अर्थपूर्ण सहभागितामा कमी रहनुका साथै प्रभावशाली उपस्थिति हुन सकेको छैन । बिपन्न बर्गको परिवारमा महिला हिंसा, बाल हिंसा तथा घरेलु हिंसाका घटना दिनहु घट्ने गरेका छन्। लक्षित वर्गको स्वरोजगारीका अवसर तथा आत्म निर्भरतामा कमी रहेको छ। लक्षित वर्गको क्षमता विकास तथा जनचेतना अभिवृद्धिका कार्यक्रम प्रयाप्त हुन सेकेका छैनन् ।

### ४.४.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

#### सोच

- सबै प्रकारका बिभेदमूक्त सभ्य, समतामूलक र समाबेशी नगरपालिका

#### लक्ष्य

- नगरपालिका क्षेत्रमा हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी लक्षित वर्गको क्षमता विकास, सामाजिक न्यायको स्थापना तथा सम्मानित जीवन यापनका अवसर सृजना गर्ने |

#### उद्देशय

नगरपालिकाको महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छनः

- आर्थिक-सामाजिक तथा सास्कृतिक र शारीरिक रुपमा सिमान्तिकृत वर्गको क्षमता, सहभागिता र आत्मविश्वासमा अभिवृद्धि गर्नु,

- महिला, बालबालिका तथा किशोर किशोरीहरुको विकास तथा सामाजिक सुरक्षाको सुनिश्चितता गरी भेदभाव मुक्त बनाउनु ।

रणनीति

- महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछ|
- महिलाको हक अधिकार संरक्षण तथा लैङ्गिक समानता वृद्धि गर्ने ।
- संबिधान प्रदत्त बाल अधिकारको संरक्षण तथा प्रबर्द्धन मार्फत बालमैत्री स्थानीय शासनको प्रत्याभूत गर्ने
- ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु
- अपाङ्गता भएका व्यक्तिकालागि आधारभूत सेवा, स्रोत र प्रविधिमा सहज पहुँचको वृद्धि गर्दै आर्थिक तथा सामाजिक सशक्तीकरण मार्फत् जीवन यापनमा सहजता तथा आत्मसम्मान प्रदान गर्ने।
- दलित, आदिवासी जनजाति लगायत आर्थिक सामाजिक रुपमा पिछडिएको वर्गलाई विकासको मूल प्रबाहमा समाहित गराउन समुदायसँगको सहकार्यमा संस्थागत संरचना तथा व्यावहारिक प्रयत्नलाई प्रभाबकारी बनाउने
- लक्षित वर्गको क्षमता विकास गरी स्थानीय नीति निर्माण तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता गराउने ।

## ५.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना तथा सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष ०८०/८१ | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| महिला, बालबालिका र सामाजिक समावेशीकरण | | | | | |
| पूर्णरूपमा आत्मनिर्भर एकल महिला | प्रतिशत | ४ | ५ | ६ | ८ |
| बाल सुरक्षा/संरक्षण गृह | संख्या | १ | १ | १ | २ |
| जेष्ठ नागरिक सत्सङ्ग केन्द्र | संख्या | १ | १ | २ | ३ |
| सामाजिक सुरक्षामा योजनामा समावेश भएका नागरिक | संख्या | ६७०० | ७२०० | ७५०० | ९००० |
| असहाय बालबालिका (संख्या) | संख्या | २५० | २०० | १५० | १०० |
| बालगृह संख्या | संख्या | १ | १ | १ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| बाल उद्यान संख्या | संख्या | २ | ४ | ६ | ९ |
| बालबालिका केन्द्रित वार्षिक बाल कार्यक्रम | संख्या | ४८ | ५२ | ५५ | ५७ |

### ४.४.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको त्रिबर्षीय अनुमान

सामाजिक विकास क्षेत्रको समग्र त्रिबर्षीय खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ४.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ४.४.२ मा प्रस्तुत गरिएको छ । (आवधिक योजनामा समाबेश गरिएका आयोजना तथा क्रियाकलापलाई एकीकृत गरी तयार गरिएको)

## तालिका ४.४.२ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्र तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रम अवध(शुरु र समासी) | अनुमानित लागत(रु हजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | लक्षित वर्ग स्वरोजगार र आयमूलक कार्यक्रम (महिला, दलित, आर्थिक बिपन्न, अपांग तथा सिमान्तिकृत समुदायका नागरिक) | स्थानीय स्तरमा रोजगार सृजना गरी आय आर्जन वृद्धि गने | सालवसाली | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | विभिन्न स्वरोजगार र आयमूलक कार्यक्रमबाट लक्षित वर्ग तथा समुदायका व्यक्तिहरु लाभान्वित हुनेछन् |
| २ | मानव बेचविखन अन्त्य, लैङ्गिक हिंसा तथा घरेलु हिंसा न्यूनिकरण कार्यक्रम | सवै प्रकारका हिंसाको अन्त्य गर्न | सालवसाली | | | मानव बेचविखन अन्त्य, लैङ्गिक हिंसा तथा घरेलु हिंसा न्यूनिकरण भएको हुनेछ |
| ३ | लक्षित बर्ग केन्द्रित बिभिन्न बार्षिक कार्यक्रम | भेदभावको अन्त्य गर्न र लक्षित बर्गको सशक्तिकरण गर्ने | सालवसाली | | | नगरमा सवै प्रकारका भेदभावमा कमि आहेको हुनेछ । |
| ४ | बालमैत्री, ज्येस्ठ नागरिक मैत्री तथा अपांगमैत्री नगर कार्यक्रम | बाल विकास लगायत वाल अधिकारको संरक्षण गर्ने | सालवसाली | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | बाल विकास केन्द्र, बाल कक्षा, ज्येस्ठ नागरिक सेवा केन्द्र, शारीरिक रुपमा असक्त नागरिक सेवा केन्द्र तथा मनोरञ्जनका क्रियाकलाप व्यवस्थित हुनेछन् |
| ५ | लक्षित वर्ग सञ्जाल परिचालन तथा सामाजिक सुरक्षा कार्यक्रम संचालन | लक्षित सामुदायिक, सहकारी भवन, चौतारी, अध्ययन केन्द्र, पुस्तकालय आदी निर्माण गर्ने | सालवसाली | | | बार्षिक २ वटाका दरले भवन, चौतारी, केन्द्र वा पुस्तकालय निर्माण भई संचालन हुनेछन साथै लक्षित बर्ग लाभान्वित हुनेछन । |

### ४.४.८ जोखिम पक्ष तथा अनुगमन

माथि उल्लेखित समस्याहरू तथा चुनौतीहरूलाई सम्वोधन गर्न लागत प्रभावकारी कार्यक्रम तयार गरी लागू गरिनेछ। तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हालिल नहुन सक्छ ।

## ४.५ युवा तथा खेलकुद र नवप्रवर्तन

### ४.५.१ पृष्ठभूमि

नेपालको संविधानको सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने उल्लेख गरिएको छ। युवा शक्तिको पहिचान र परिचालन गर्नसकेमा समग्र विकास प्रक्रियामा युवाले योगदान गर्न सक्छन्। यसका साथै स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकूद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकूदलाई राष्ट्रिय एकतासँग सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने भनिएको छ ।

### ४.५.२ संभावना र अवसर

युवा, खेलकुद तथा नवप्रबर्तन उपक्षेत्रको सम्भाबना र अवसरलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

- नगरपालिकामा १५ देखि ३९ उमेर समूहको जनसंख्या ४०.३० प्रतिशत भएको ।
- नगरपालिकाले सिलाइ कटाई, च्याउखेती, वेटर तालिम, प्लम्बर तालिम, तरकारी खेती, मोवाइल मर्मत, मोटर साइकल सर्विसिङ्ग, इलेक्ट्रिसीयन तालिम आदि संचालन गर्ने गरेको ।
- नगरपालिकामा बेरोजगार युवाका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नाला तथा सार्वजनिक स्थल सरसफाई कार्यक्रम, नहर सुधार कार्यक्रम सञ्चालन भएको ।
- युवासँग सम्बन्धित क्लव, खेलकुद मैदान तथा साँस्कृतिक टोलीहरू नगरपालिकामा रहेको ।
- नियमित रुपमा खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिका लागि रंगशाला, खेलकुद मैदान तथा मनोरञ्जनात्मक गतिबिधीहरुलाइ प्राथमिकतामा राखेर क्रमशः स्तरोन्नती गर्न सकिने ।
- नगरपालिकामा विभिन्न प्रयोगात्मक कार्यक्रमहरु आयोजना गरी युवाहरुलाइ प्रतिश्पर्धात्मक तथा जागरुक वनाउन सकिने ।
- उच्च तथा प्राविधिक शिक्षाका अवसरहरु नगरपालिकामै सिर्जना गरी नवप्रबर्तनमा आधारित रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने ।

### ४.५.३ समस्या र चुनौती

वर्षेनी श्रम बजारमा थपिने युवालाई रोजगारमूलक र व्यावसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु, युवा प्रतिभा पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृतिप्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु, युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, उपयुक्त खेल पूर्वाधार आधारशीला निर्माण गर्नु तथा समुदायदेखि नै खेलकुदलाई आत्मसात् गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र अनुशिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्नु चुनौतीका रुपमा रहेका छन।

## ४.५.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### दीर्घकालिन सोच

"श्रमशिल, कर्मठ र दक्ष युवा जनशक्ति निर्माण"

### लक्ष्य

"नगरपालिकाको युवा जनसंख्यालाई पूर्ण रोजगार तथा नवप्रबर्तनमा आधारित भई उत्पादनमुखि बनाउने"

### उद्देश्य

नगरपालिकाको युवा तथा खेलकुद र नवप्रवर्तन उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छनः

१ युवा वर्गको सृजनशिल तथा उद्यमशील क्षमता अभिवृद्धि र उपयोग गर्नु ।

२ खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।

### रणनीति

युवा तथा खेलकुद र नवप्रवर्तन उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछः

१ युवा वर्गमा अग्रसरता, नवप्रर्वतन तथा उद्यमशिल संस्कृतिको विकास गर्ने ।

२ क्षमता विकास तथा स्वरोजगारीका अवसरको माध्यमबाट युवा वर्गको आत्मविश्वास र सकारात्मक सोंचमा अभिवृद्धि गर्ने ।

३. खेलकुदका पूर्वाधार विकास तथा खेलाडी प्रोत्साहनमार्फत युवाको सृजनशिलता विकास गर्ने ।

## ४.५.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

युवा तथा खेलकुद विकास उपक्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.५.१ युवा तथा खेलकुद विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| यूवा तथा खेलकुद | | | | | |
| सक्रिय युवाक्लब, सञ्जाल तथा संस्था | संख्या | २२ | २४ | २७ | ३० |
| क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा | प्रतिशत | ४० | ४५ | ५० | ५३ |
| उद्यम व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | प्रतिशत | १२ | १५ | २० | २५ |
| कभर्ड हल तथा खेलकुद मैदान | संख्या | २ | ३ | ५ | ७ |
| जिल्ला, प्रदेश, राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | ८ | १० | १२ | १५ |

### ४.५.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको त्रिबर्षीय अनुमान

सामाजिक विकास क्षेत्रको समग्र त्रिबर्षीय खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### **४.५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

युवा तथा खेलकुद विकास उपक्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ४.५.२ मा प्रस्तुत गरिएको छ । (आवधिक योजनामा समाबेश गरिएका आयोजना तथा क्रियाकलापलाई एकीकृत गरि तयार गरिएको छ )

**तालिका ४.५.२ युवा तथा खेलकुद र नवप्रबर्तन विकास उपक्षेत्र तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रम अवध(शुरु र समासी) | अनुमानित लागत(रु हजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| ५.१ | युवा रोजगार प्रवद्र्धन कार्यक्रम | युवा रोजगारी सृजना गर्ने | सालवसाली | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | करिब १५०० युवाहरु स्वरोजगार/रोजगार हुनेछन् ।प्रधानमन्त्री रोजगार कार्यक्रम समेत |
| ५.२ | खेलकुद पूर्वाधार विकास कार्यक्रम | नगरपालिकामा खेलकुद विकास गर्न | सालवसाली | | | खेलकुद पूर्वाधार निर्माण र स्तरोन्नति हुने |
| ५.३ | खेलकुद आयोजना, खेलाडी उत्प्रेरणा तथा प्रतिभा प्रवद्र्धन कार्यक्रम | खेलकुद प्रबद्धन गर्न | सालवसाली | | | प्रत्येक वडामा खेलकुद आयोजना हुनेछ । |
| ५.४ | नवप्रबर्तनमा आधारित रोजगारी तथा ब्यबसाय संचालनको लागि प्रोत्साहन कार्यक्रम | युवाको उर्जा, सिप र क्षमताको उपयोग मार्फत नगरपालिकाको समृद्धिमा टेवा पुर्याउने | सालवसाली | | | करिब ६० युवाहरु नवप्रबर्तनमा आधारित स्वरोजगार/रोजगार हुनेछन् ।प्रधानमन्त्री रोजगार कार्यक्रम समेत |

## ४.५.८ जोखिम पक्ष तथा अनुगमन

प्रस्तावित कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हासिल नहुन सक्छ ।

## ४.६ कला, भाषा, साहित्य र संस्कृति

### ४.६.१ पृष्ठभूमि

लुम्बिनी साँस्कतिक नगरपालिका मौलिक साँस्कृतिक विविधतामा धनी नगरपालिका हो । यस नगरपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र समुदायका मानिसहरू बसोबास गर्दछन् । मुसलमान, यादव, लोध, मगर, ब्राम्हण, क्षेत्री, थारु/चौधरी, कामी, गुरुङ्ग, दमै, नेवार, लोध, चाई, चमार,श्रीवास्तव, कुर्मी, बढई धोवि, कहार, कोहाँर, भर, नाउ आदि जातिका मानिसहरूको बसोवास रहेको यो नगरपालिकामा हिन्दु धर्म मान्ने मानिसहरूको बाहुल्यता रहेको छ भने यसबाहेक इस्लाम, बौद्ध, किराँत र क्रिस्चियन लगायत अन्य धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाति र सम्प्रदायका आ—आफ्नै खाले धर्म, संस्कृति र चालचलनहरू छन् । दशै, दिपावली, छठ, इद, बकर इद, होली, माघी, तीज, गाईजात्रा, शिवरात्री, गौरा, लोसार, बुद्धजयन्ति, कृष्णजन्माष्टमी, आईतबारी, जितिया, मोहरम, क्रिसमस जस्ता विभिन्न चाड पर्व, आजमा को पूर्णीमा नुहाउने मेला (कार्तिक पूर्णिमा) एवं साँस्कृतिक उत्सवहरू मनाइने गरिन्छ । नौटङ्की नाच, जलसा, थारु नाच, सोहर, धोवि नाच, कहार नाच पचरा नाच, झाँक्री प्रर्दशनी आदि नाचहरु नाचिन्छन् भने वाद्यवादन तथा बाजाहरुमा ब्रमदेव नटुवाको व्याण्ड बाजा, हार्मुनियम, अंगेजी बेण्ड बाजा, ढोल तासा, झ्याली, ढोलक, मजिरा, झाँज, डफला, बाँसुरी  विशेष समय/अवसरहरुमा बजाइन्छ । सोहर, साउने गीत, गाली गीत, होली, तकरिर र नजम, विरह, कृष्ण भजन, सखीया गीत, कजरी गीत जस्ता स्थानीय लोक गीत लोकगाथाहरुमा पर्दछन् । यहाँका बासिन्दाको भेषभुसामा कुर्ता पाइजामा, कमिज सुरुवाल, बुर्का, थारु भेष, लुङ्गी, कुर्ता सलवार, सारी ब्लाउज, चिवर (गेरु वस्त्र), आचला (सेतो धोती) हरु पर्दछ । डिक्री, घोङ्गी, सेभई, खसीको मासु, खिंचडी, पुडी, मिठाई जस्ता परिकारहरु नगरवासीको विषेश खानपानमा पर्दछन् । यो नगरपालिकामा विभिन्न धार्मिक, साँस्कृतिक, संङ्ग्राहालय एवं ऐतिहासिक स्थलहरू (जस्तै राम जानकी मन्दिर, निपनिया धर्मशाला, थारु संग्राहालय आदि) रहेका छन् ।

### ४.६.२ संभावना र अवसर

नेपालको संविधानले सभ्य संस्कृतिको विकास र साँस्कृतिक विविधता कायम राख्दै सम्पदाको संरक्षणलाई राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा समावेश गरेको छ। सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्नु आजको मुख्य आवश्यकता रहेको छ। साँस्कृतिक विविधता कायम राख्दै ऐतिहासिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाको संरक्षण, संवद्र्धन र विकास गर्ने स्थानीय सरकारको महत्वपुर्ण जिम्मेवारीका रुपमा रहेको देखिन्छ।यस लुम्बिनी सांस्कृतिक नगरपालिकाको सस्कृति क्षेत्रको सम्भावना र अवसर देहाय बमोजिम रहेका छनः

- विविध जात, धर्म, सम्प्रदाय र संस्कृतिका समुदायहरू सौहार्दपूर्ण तरिकाले बसोबास गरेका
- विविध समुदायहरूको मानवशास्त्रीय अध्ययनका लागि शैक्षिक पर्यटनको गन्तव्यस्थल बनाउन सकिने
- आदिवासी जनजातिका विविध साँस्कृतिक सम्पदाहरू रहेकोले साँस्कृतिक सङ्ग्रहालय तथा साँस्कृतिक केन्द्रहरूको रूपमा विकास गर्ने पहल भइरहेको
- नगरपालिकालाई मौलिक संस्कृति र सभ्यताको केन्द्रको रूपमा विकास गरी साँस्कृतिक पर्यटन प्रवद्र्धन गर्न सकिने
- नगरपालिका क्षेत्रमा रहेका विभिन्न धार्मिक तथा साँस्कृतिक स्थलहरूको विकास गर्न सकिने
- लोपोन्मुख सोहर, साउने गीत, गाली गीत, होली, तकरिर र नजम, विरह, कृष्ण भजन, सखीया गीत, कजरी गीत जस्ता लोकभाका तथा परम्परागत बाजागाजाको संरक्षण गरी लोक संस्कृतिको उत्थान गर्न सकिने ।

### ४.६.३ समस्या र चुनौती

नगरपालिका भरी यत्रतत्र छरिएर रहेका सम्पदा, कला तथा स्थानीय रितिरिवाजहरु क्रमशः लोप हुँदै जानु, युवा पुस्ता आधुनिकताकानाममा विदेशी संस्कार तथा रिवाज प्रति आकर्षित हुँदै जानु कला तथा संस्कृति क्षेत्रका विशेष चुनौतीहरु हुँन ।

### ४.६.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

"सभ्य र सुसंस्कृति समाजको निर्माण"

**लक्ष्य**

- संस्कृति, भाषा, कला र साहित्यको जर्गेना र विकासमार्फत सभ्य र सौहार्द समाजको स्थापना गर्ने ।

**उद्देशय**

नगरपालिकाको कला, भाषा, साहित्य र संस्कृति उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छनः

१ स्थानीय पहिचान कायम हुने भाषा कला, संस्कृति, साहित्यको संरक्षण र प्रवद्र्धन गर्नु
२ संस्कृति भाषा, कला तथा साहित्यको श्रृजनात्मक विकासमा टेवा पुऱ्याउनु ।

**रणनीति**

कला, भाषा, साहित्य र संस्कृति उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछः

१ संस्कृति, भाषा, कला तथा साहित्यको वस्तुगत अभिलेखिकरण गर्ने,

२ भाषा संस्कृति, कला साहित्यलाई जीवन्त तुल्याउने,

३ कला, साहित्य, भाषा संस्कृतिका सर्जकहरूलाई सहयोग र प्रोत्साहन गर्ने,

४ साँस्कृतिक, साहित्यिक भाषिक तथा कला सम्बन्धी पूर्वाधार निर्माण गर्ने ।

### ४.६.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

भाषा,कला, साहित्य तथा संस्कृति विकास उपक्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः ४.६.१ भाषा,कला, साहित्य तथा संस्कृति विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| कला, भाषा र साहित्य | | | | | |
| स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी अध्ययन तथा अनुसन्धान | संख्या | १ | १ | २ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| व्यवस्थित रुपले संरक्षित ऐतिहासिक सार्वजनिक स्थल | संख्या | ३ | ५ | ८ | १० |
| स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन | संख्या | १ | १ | २ | ३ |

### ४.६.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको त्रिबर्षीय अनुमान

सामाजिक विकास क्षेत्रको समग्र त्रिबर्षीय खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ४.६.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

भाषा, कला, साहित्य तथा संस्कृति विकास उपक्षेत्रको आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ४.६.२ मा प्रस्तुत गरिएको छ । (आवधिक योजनामा समाबेश कार्यक्रम तथा क्रियाकलापलाई एकीकृत गरी तयार गरिएको)

तालिका २.६.२ भाषा, कला, साहित्य तथा संस्कृति विकास उपक्षेत्र तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रअ वध (शुरु र समासी) | अनुमानित लागत(रु हजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदा संरक्षण, प्रबर्धन तथा पहिचान | सम्पदाहरुको संरक्षण गर्ने | सालबसाली | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | विद्यमान साँस्कृतिक धार्मिक तथा ऐतिहासिक सम्पदाहरुको संरक्षण, विकास, पहिचान, अध्ययन र अभिलेखन हुनेछ । |
| २ | मौलिक गीत, साहित्य तथा कला प्रतियोगिता र संरक्षण | मौलिक संस्कृतिको प्रबर्धन र प्रतिभा प्रस्फुटन गर्ने | सालबसाली | | | मौलिक संस्कृतिको प्रबर्धन र प्रतिभा प्रस्फुटन भएको हुनेछ |
| ३ | स्थानीय संस्कृतिको संरक्षण र प्रबर्द्धन कार्यक्रम | मौलिक संस्कृतिको प्रबर्धन | सालबसाली | | | मौलिक संस्कृतिको प्रबर्धन हुनेछ । |
| ४ | परम्परामा आधारित लोक संस्कृतिको पहिचान र संरक्षण | प्राचिन संस्कृतिको जगेर्ना हुने | सालबसाली | | | प्राचिन संस्कृतिको पहिचान र प्रचार प्रसार भएको हुनेछ |

### ४.६.८ जोखिम पक्ष तथा अनुगमन

माथि उल्लेखित समस्याहरू तथा चुनौतीहरूलाई सम्वोधन गर्न लागत प्रभावकारी कार्यक्रम तयार गरी लागू गरिनेछ। तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हालिल नहुन सक्छ ।

# परिच्छेद - ५
# पूर्वाधार विकास

## ५.१ सडक, पूल तथा यातायात

### ५.१.१ पृष्ठभूमि

दिगो, सन्तुलित, फराकिलो र समाबेशी भौतिक पूर्वाधारको विकास बिना आर्थिक, सामाजिक विकास तथा गुणस्तरीय र सहज सेवा प्रबाह सुनिस्चित हुन सक्दैन। भौतिक पूर्वाधारको विकासले अन्तरआवद्धता र अन्तरसम्बन्ध विकास तथा विस्तार गरी सो मार्फत आर्थिक-सामाजिक विकासको नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुर्याउदछ। नगरपालिकाको विकास प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा सञ्चालन गरी दिगो सुधार गर्न भौतिक पूर्वाधार विकासले विकास प्रतिफलको प्रवेशद्धारको रुपमा कार्य गर्दछ ।

विकास प्रतिफललाई नगर विकासको दीर्घकालिन सोच र लक्ष्य तर्फ उन्मुख गराउन तथा अपेक्षित नतिजा हासिल गर्न मूलत सडक, पूल तथा यातायात विषय उपक्षेत्रको विकास, विस्तार र दिगो सञ्चालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्रलाई पूर्वाधार विकास योजनामा समावेश गरिएको छ।

### ५.१.२ संभावना तथा अवसर

लुम्बिनी सांस्कृतिक नगरपालिका पक्कि सडक संजालमा जोडिएको छ | भैरहवा-लुम्बिनी सडक खण्डको समिपमा रहेको यस नगरपालिकामा सडक तथा यातायात पूर्वाधारको विकास गर्न सहज रहेको छ | यस उपक्षेत्रको सम्भाबना र अवसरलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :

- सडकहरुको निर्माण, विस्तार तथा मर्मत हुँदे जाने तर पुल/कल्भर्टहरु क्रमशः साँधुरा र जिर्ण हुँदै गएको तथ्यलाई ध्यानमा राखी नगरपालिका क्षेत्रमा आर.सि.सि. बक्स सहितका कल्भटहरु निर्माण गर्ने नीतिलाई प्राथमिकिकरण गरेको
- नगरभित्रका सम्पूर्ण बाटोहरुको नामाकरण गरी वैज्ञानिक घर नम्बर वितरण गर्ने कार्यको आरम्भ गर्ने नीति लिएको
- नगरपालिकाका सडकहरुलाई मापदण्ड बनाई सो अनुसारको स्तरोन्नती कार्यलाई तीव्रता दिइएको हुनाले केही वर्षभित्रै गुणस्तरीय सडक सञ्जाल तयार हुने
- नगरपालिकाले १३ वटै वडा केन्द्रमा सडकको पहुँच हुनाले नगरपालिकामा कृषि, पर्यटन तथा उद्योगको विकासको राम्रो सम्भावना रहेको |

### ५.१.३ समस्या र चुनौति

नगरपालिकाको क्षेत्रमा व्यवस्थित र सुरक्षित पार्किङ स्थल र यातायातको सहज व्यवस्थापन हुन सकेको छैन। नगरपालिका क्षेत्रमा सडक मापदण्ड लागू हुन नसक्दा मुख्य सडक बाहेक धेरैजसो भित्रि सडकहरु साँघुरो रहेका छन र सडकको अधिकार क्षेत्र निर्धारण भए पनि स्पष्ट हुन सकेको छैन भने सडकको दायावायाँ वृक्षारोपण गरी सुन्दरता कायम गर्न नसकेको देखिन्छ ।

नगरपालिकामा पक्की, ग्राभेल र कच्ची सडकहरुमा विभिन्न स्थानमा खाल्डाखुल्टी रहेको र आवश्यक स्थानहरुमा पुल तथा कल्भर्टको व्यवस्था हुन नसकेको देखिन्छ। सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन। वातावरणीय संरक्षणको उपाय अवलम्बन नगरी र आर्थिक तथा सामाजिक विश्लेषण विना सडक निर्माण गर्ने क्रम बढ्दै गईरहेको छ। नगरपालिकामा विकास निर्माणका क्षेत्रमा कार्य गर्ने निकायहरु बीचको समन्वय र सहकार्य नगर विकासको प्रमुख चूनौतिको रुपमा देखिएको छ|

## ५.१.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### दीर्घकालीन सोच

"सहज, सुरक्षित र भरपर्दो सडक तथा यातायात सेवाको सुनिश्चितता"

### लक्ष्य

- नगरपालिकाभित्रको सडक सञ्जालको वाताबरणमैत्री स्तरोन्नति तथा विस्तार गरी यातायातलाई सुरक्षित, सहज र भरपर्दो बनाउने ।

### उद्देश्य

नगरपालिकाको सडक,पूल तथा यातायात विकास उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्:

१ नगरपालिका वासीमा गुणस्तरीय सडक तथा यातायातको पहुँच पुऱ्याउनु,

२ नगरपालिकामा सडक तथा यातायात सेवाको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु ।

### रणनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न यस उपक्षेत्र अन्तर्गत देहाय अनुसारका रणनीति अवलम्ब गरिनेछः

१ नगरपालिका केन्द्रबाट सबै वडा केन्द्र, मुख्य बस्ति तथा बजार क्षेत्र र महत्वपूर्ण स्थानमा सडक सञ्जाल स्तरोन्नति र विस्तार गर्ने ।

२ सार्वजनिक यातायात प्रणालीको विकास गर्ने ।

३ सडक तथा यातायात गुरुयोजना निर्माण गर्ने ।

४ दिगो तथा वातावरण मैत्री प्रविधि सहितको सडकको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याइने ।

## ५.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

सडक,पूल तथा यातायात विकास उपक्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६.१ सडक,पूल तथा यातायात विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना )

| सूचक | इकाई | आधार वर्ष ०८०/८१ | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| सडक तथा यातायात | | | | | |
| बाह्रै महिना सवारी साधन सञ्चालनयोग्य सडकको २ कि.मि. दूरीभित्र बसोबास गर्ने घरपरिवार | प्रतिशत | ५३ | ६० | ६७ | ७० |
| घरबाट ३० मिनेटको पैदलयात्रामा पक्कि सडकमा पहुँच भएका जनसंख्या | प्रतिशत | ४५ | ५५ | ६५ | ७१ |
| सडक घनत्व | कि.मि. | १३० | १२० | ११० | ११८ |
| नगरपालिका केन्द्रबाट वडा केन्द्र जोड्ने कालोपत्रे सडकको लम्बाई | कि.मि | ८० | ९० | १०० | १०५ |
| नगरपालिकाको सडकको जम्मा लम्बाई | कि.मि | २१० | २१५ | २२० | २३० |
| नगरपालिकाको कालोपत्रे सडकको जम्मा लम्बाई | कि.मि | ९५ | ११० | १२० | १२५ |
| कृषि सडकको लम्बाई | कि.मि | ५५ | ६० | ६५ | ७० |

### ५.१.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

भौतिक पूर्वाधार विकास क्षेत्रको मध्यमकालीन अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ५.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सडक,पूल तथा यातायात विकास उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल लागत, उद्धेश्य तथा उपलब्धि सूचक देहाय अनुसार तालिका ५.१.२ मा प्रस्तुत गरिएको छ ।

तालिकाः ५.१.२ सडक, पुल तथा यातायात उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण (आबाधिक योजनामा समावेश आयोजना तथा क्रियाकलापलाई समावेश गरी एकीकृत गरिएको छ )

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु हजारमा) | आयामी ३ वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|
| १ | पक्की सडक निर्माण र स्तरोन्नति | नगरपालिकाको भौतिक अवस्था र आवागमन व्यवस्थित गर्ने | निरन्तर | | प्राथमिकताक्रमको आधारमा नगर स्तरीय थप पक्की सडक निर्माण तथा स्तरोन्नति गर्ने |
| २ | संरचना सहित ग्राभेल सडक निर्माण | ग्रामीण वस्ती र उत्पादन र यातायातलाई सहज र व्यवस्थित बनाउने | निरन्तर | | प्राथमिकताको आधारमा सडक मापदण्ड अनुसार पूर्वाधार निर्माण गरी स्तरोन्नति भएको हुनेछ । |
| ३ | नयाँ ट्र्याक (सडक) निर्माण | नगरको सवै स्थानमा सहँज यातायात पुर्याउन | सालबसाली | | नगरका विभिन्न स्थानमा नयाँ सडक खोलिने छ |
| ४ | सडक पक्की पूल तथा कल्भर्ट निर्माण | आवागमन सहज र सुलभ बनाउने | सालबसाली | | मोटरेवल पुल तथा कल्भर्ट निर्माण भई आवागमन सहज हुने |
| ५ | सडक मर्मत तथा स्तरोन्नति कार्यक्रम | आवागमन सहज र अन्ताराबद्धता कायम गराउने | सालबसाली | | नियमित मर्मत सम्भार तथा स्तरोन्नतिले आवागमन सहज भएको हुनेछ । |

## ५.१.८ जोखिम पक्ष तथा अनुमान

वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्न प्राविधिक, आर्थिक र सामाजिक संभाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन तयार आयोजना बैंक तयार गर्ने र आयोजना बैंकमा सूचीकृत आयोजनाको प्राथमिकताक्रम अनुसार मध्यमकालीन खर्च संरचनामा बजेट विनियोजन गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ । यस प्रकार आयोजना छनौट र स्रोत विनियोजन नहुँदा गुणस्तरीय रुपमा कार्य सम्पन्न गर्न जग्गाको प्राप्ती, वन तथा वातावरणीय श्रोतको संरक्षण र विपद जोखिम न्यूनीकरणका कार्यक्रम समावेश गर्दा आयोजनाको लागत र समय बढन सक्ने जोखिम रहन्छ।जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न नसक्दा यसबाट अपेक्षित हासिल गर्न नसकिने अवस्था समेत रहेको छ ।

उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चिता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लिखित उपलब्धी हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.२ आवास, वस्ती, भवन तथा शहरी विकास

### ५.२.१ पृष्ठभूमि

दिगो, सन्तुलित, फराकिलो र समाबेशी भौतिक पूर्वाधारको विकास बिना आर्थिक, सामाजिक विकास तथा गुणस्तरीय र सहज सेवा प्रबाह सुनिस्चित हुन सक्दैन। भौतिक पूर्वाधारको विकासले अन्तरआवद्धता र अन्तरसम्बन्ध विकास तथा विस्तार गरी सो मार्फत आर्थिक-सामाजिक विकासको नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुर्याउदछ।

विकास प्रतिफललाई नगर विकासको दीर्घकालिन सोच र लक्ष्य तर्फ उन्मुख गराउन तथा अपेक्षित नतिजा हासिल गर्न मूलतः आवास, बस्ती तथा शहरी विकास जस्ता विषय उपक्षेत्रको विकास, विस्तार र दिगो सञ्चालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्रलाई पूर्वाधार विकास योजनामा समावेश गरिएको छ । लुम्बिनी साँस्कृतिक नगरपालिकाका घरको बाहिरी गारोको आधारमा माटोको जोडाइ भएको ईंटा/ढुङ्गाले बनेका घरधुरी सबैभन्दा धेरै संख्या ४५.५० प्रतिशत छ भने सबैभन्दा कम काठ/फल्याकका काँचो ईंटाको बाहिरी गारो भएको घरधुरी संख्या ०.६६ प्रतिशत रहेको छ । यसैगरी सिमेन्टको जोडाइ भइको ईंटा/ढुंगाको बाहिरी गारो भएको घरधुरी संख्या ४०.३२ प्रतिशत, बाँस जन्य सामग्रीबाट बाहिरी गारो भएको घरधुरी संख्या ३.८८ प्रतिशत, माटोको जोडाई भएको ईंटा/ढुंगाको बाहिरी गारो भएको घरधुरी संख्या १.९९ प्रतिशत रहेको छ भने अन्य घरधुरी संख्या ६.०२ प्रतिशत घरधुरी संख्या रहेको देखिन्छ । तथ्यांक अनुसार नगरपालिकाका अधिकांश घरहरु कच्ची तथा विपन्न अवस्थामा रहनुले यस नगरपालिकाका घरहरु भूकम्पीय तथा अन्य प्रकोप सुरक्षाको दृष्टिकोणले अत्यन्त असुरक्षित तथा जोखिमयुक्त अवस्थामा रहेको स्पष्ट हुन्छ ।(स्रोतःआवधिक योजना)

### ५.२.२ संभावना तथा अवसर

स्थानीय सरकार गठन संगै नगरपालिका क्षेत्रमा भौतिक पूर्वाधार विकासका आयोजना संचालनमा तिब्रता आएको छ । नगरपालिकामा बस्ती विकास तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ को मापदण्डमा आधारित भई नगरपालिकाले योजना तथा भवन निर्माण मापदण्ड तयार गरी स्विकृत गरेको छ । साथै नगरपालिकामा यातायात गुरुयोजना अनुसार सडकको मापदण्ड तयार भई कार्यान्वयनमा रहेको छ र यसै अनुसार घरनक्शा पास र भवन तथा भौतिक विकास निर्माणको कार्य सञ्चालनमा रहेको छ । नगरपालिकाको आवास, वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको अन्य सम्भाबना र अवसरलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ :

- समथर भूमि भएकाले प्रत्येक वडामा रहेका खुला क्षेत्रलाई सम्भाव्यता अध्ययन गरी एकीकृत बस्ती विकास गर्न सजिलो ।
- स्थानीय स्तरमा आवास निर्माण सामग्रीहरू जस्तै— गिट्टी बालुवा आदि उपलब्धता भएको र यथेष्ट मात्रामा सडक सञ्जालको विस्तारका कारण ढुवानीमा समस्या नरहेको हुँदा स्थानीय स्रोतसाधनको प्रयोग गरी निर्माण गर्न सकिने ।
- नगरभित्र बन्ने नयाँ घरहरुलाई व्यवस्थित गर्न घर निर्माण सम्बन्धी मापदण्ड निर्माण गरी आ.व. ०८०/८१ देखि कार्यान्वयनमा ल्याउने नीति लिएको
- भूकम्प प्रतिरोधी वातावरण मैत्री सुविधासम्पन्न तथा सुरक्षित भवन निर्माणमा जनचासो बढ्दै गएको ।

### ५.२.३ समस्या र चुनौति

नगरपालिकाको क्षेत्रमा व्यवस्थित र सुरक्षित बस्ती तथा आवास निर्माणमा चूनौति रहेको छ । यस नगरपालिका क्षेत्रमा भवन संहिता २०७२ लागू हुनु भन्दा अगाडि बनेका नीजि, व्यवसायिक, सरकारी र सार्वजनिक भवनहरु भूकम्प प्रतिरोधी भए नभएको एकिन गरी सो अनुसार नियमन हुन सकेको छैन। नगरपालिकाको ग्रामीण क्षेत्रको विकास निर्माण र सेवा प्रवाहलाई उपलब्धीमूलक र प्रभावकारी बनाउन नगर कार्यपालिकाको एकीकृत भवन, वडा कार्यालय भवन, सभा हल, पार्क, मनोरञ्जन स्थल लगायतका भौतिक पूर्वाधारहरुको कमी रहेको छ | अन्य समस्या तथा चुनौती देहाय बमोजिम रहेका छन्ः

- अधिकांश घरहरु कच्ची, झुप्रोको रुपमा रहेकाले सुरक्षित नभएका
- भू—उपयोग योजना निर्माण र कार्यान्वयनमा आउन नसकेको
- सुकुम्बासी, विपन्न, लोपोन्मुख जाति तथा आर्थिक रूपले पिछडिएका परिवारका निम्ति आवास निर्माणसम्बन्धी ठोस नीति आवश्यक रहेको
- भवन तथा सुरक्षित आवास निर्माणका लागि स्थानीयस्तरमा प्राविधिक र दक्ष जनशक्तिको अभाव भएको |

### ५.२.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

#### दीर्घकालीन सोच

- वातावरणमैत्री पूर्वाधारयुक्त, व्यवस्थित र सहज वस्तीको विकास

#### लक्ष्य

- सुरक्षित र न्यूनतम सुविधायुक्त आवास तथा बस्ती विकास गर्ने

#### उद्देश्य

नगरपालिकाको आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

१ न्यूनतम सुविधा सम्पन्न एकीकृत आवासको विकास गर्नु

२ सुरक्षित वस्ती, आवास तथा भवनहरु निर्माण गर्नु |

#### रणनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको देहायअनुसारका रणनीति अवलम्ब गरिनेछः

१ भवन संहिता पूर्ण रुपमा कार्यान्वयन गर्ने |

२ भूउपयोग योजना क्षेत्र निर्धारण गरी सो अनुसार आवास क्षेत्र, कृषि क्षेत्र, औद्योगिक क्षेत्र, व्यवसायिक क्षेत्र, संस्थागत, संरक्षण क्षेत्रको निर्धारण गरी ब्यबस्थित वस्ती विकास गर्ने ।

३ छरिएर रहेका तथा विपदको जोखिममा परेका बस्तीहरुलाई एकीकृत बस्तीको निर्माण गरी स्थानान्तरण गर्दै लैजाने ।

४ घना बस्ती रहेको स्थानमा बस्ती व्यवस्थित गर्ने ।

५ एकीकृत सेवा प्रदायक बहुउपयोगी तथा बहुउद्देश्यीय भवन निर्माण गर्ने ।

६ आवास तथा भवन निर्माणमा स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गर्ने ।

### ५.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.२.१ आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र सम्बन्धित शाखा )

| सूचक | इकाई | आधार वर्ष ०८०/८१ | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| झुपडीमा बस्ने परिवार | प्रतिशत | १४ | ८ | ५ | ३ |
| खर/पराल/पातले छाएको घरमा बस्ने परिवार | प्रतिशत | ४ | ३ | २ | २ |
| बाढी, डुबान तथा भूकम्पबाट सुरक्षित र सुबिधायुक्त घरमा बस्ने परिवार | प्रतिशत | ५५ | ६५ | ७२ | ८० |
| एकीकृत आवासमा छुट्टाछुट्टै घरमा बस्ने परिवार संख्या | प्रतिशत | ६ | ७ | ९ | ११ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन र संरचना | संख्या | १५ | १७ | २१ | २५ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | १७ | २१ | २८ | ३५ |
| व्यवस्थित नालाको लम्बाई | कि.मि. | १९ | २४ | ३० | ३७ |

### ५.२.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

भौतिक पूर्वाधार विकास क्षेत्रको मध्यमकालीन अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ५.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल लागत, उद्धेश्य तथा उपलब्धि देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिकाः ५.२.२ आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समासी) | अनुमानित लागत (रु हजारमा) | आयामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| १ | स्थानीय बसपार्क तथा पार्किङस्थल मर्मत, निर्माण, स्तरोन्नति र सञ्चालन | बढ्दै गएको सवारी साधनको पाकिङ्ग व्यवस्थित गरी आम्दानी गर्ने | सालवसाली | | नगर क्षेत्रको विभिन्न स्थानमा व्यवस्थित पार्किङ स्थल निर्माण भई संचालनमा आउने |
| २ | फोहोरमैला प्रशोधन तथा व्यवस्थापन | बसोबास विस्तार गर्ने एवं सुरक्षित र व्यवस्थित बनाउने | सालबसाली | | फोहोर प्रशोधन तथा व्यवस्थापन केन्द्र निर्माण हुनेछ । |
| ३ | सबै वडा कार्यालय भवन निर्माण | व्यवस्थित र सहज सेवा प्रबाह गर्न | २०७८/७९-२०८१/८२ | | सवै वडा कार्यलयको आफ्नै आधुनिक भवन हुनेछन्। |
| ४ | भूकम्प प्रतिरोधी निर्माण प्रविधि, सामाग्री, गुणस्तर लगायत प्राबिधिक क्षमता विकास तालिम सञ्चालन | रोजगारी सिर्जना र बलियो भवन निर्माणलाई प्रवर्धन गर्ने | सालवसाली | | कर्मचारी तथा स्थानीय इच्छुक युवालाई दक्ष बनाउने |
| ५ | ब्यबस्थित नाला निर्माण कार्यक्रम | सहज र ब्यबस्थित शहरी पूर्वाधार निर्माण गर्नु | सालबसाली | | शहरी क्षेत्र ब्यबस्थित भएको हुनेछ |
| ६ | शहरी आधारभूत मापदण्ड सहित पूर्वाधार विस्तार कार्यक्रम | सहज र ब्यबस्थित शहरी पूर्वाधार निर्माण गर्नु | सालबसाली | | शहरी क्षेत्र ब्यबस्थित भएको हुनेछ |

## ५.२.८ जोखिम पक्ष तथा अनुमान

वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्न प्राविधिक, आर्थिक र सामाजिक संभाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन तयार आयोजना बैंक तयार गर्ने र आयोजना बैंकमा सूचीकृत आयोजनाको प्राथमिकताक्रम अनुसार आवधिक खर्च संरचनामा बजेट विनियोजन गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ। यस प्रकार आयोजना छनौट र स्रोत विनियोजन नहुँदा गुणस्तरीय रुपमा कार्य सम्पन्न गर्न जग्गाको प्राप्ती, वन तथा वातावरणीय श्रोतको संरक्षण र विपद जोखिम न्यूनीकरणका कार्यक्रम समावेश गर्दा आयोजनाको लागत र समय बढन सक्ने जोखिम रहन्छ । जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न नसक्दा यसबाट अपेक्षित हासिल गर्न नसकिने अवस्था समेत रहेको छ ।

उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चिता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लिखित उपलब्धी हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.३ विद्युत तथा वैकल्पिक उर्जा

### ५.३.१ पृष्ठभूमि

जल विद्युत आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्वपूर्ण साधन हो। नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिंदै जलस्रोतको बहुउपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ। दिगो, सन्तुलित, फराकिलो र समाबेशी भौतिक पूर्वाधारको विकास बिना आर्थिक, सामाजिक विकास तथा गुणस्तरीय र सहज सेवा प्रबाह सुनिस्चित हुन सक्दैन। भौतिक पूर्वाधारको विकासको लागि सर्ब सुलभ र दिगो बिधुत आपूर्ति अनिबार्य शर्त हो | नगरपालिकाको विकास प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा सञ्चालन गरी दिगो सुधार गर्न बिधुत उर्जालाई प्रतिफलको प्रवेशद्धारको रुपमा कार्य गर्दछ ।

विकास प्रतिफललाई नगर विकासको दीर्घकालिन सोच र लक्ष्य तर्फ उन्मुख गराउन तथा अपेक्षित नतिजा हासिल गर्न विद्युत तथा वैकल्पिक उर्जा विषय उपक्षेत्रको विकास, विस्तार र दिगो सञ्चालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्रलाई पूर्वाधार विकास योजनामा समावेश गरिएको छ ।

### ५.३.२ संभावना तथा अवसर

स्थानीय सरकार गठनसंगै नगरपालिका क्षेत्रमा भौतिक पूर्वाधार विकासका आयोजना संचालनमा तिब्रता आएको छ। यस नगरपालिका क्षेत्रका सबै वडा र बस्तीहरुमा विद्युत सेवा उपलब्ध रहेको छ। नगरपालिकाको लगभग शतप्रतिशत घरपरिवारले राष्ट्रिय प्रसारण लाईनबाट वितरित विद्युत सेवा उपयोग गरिरहेको देखिन्छ ।नगरपालिका क्षेत्रका विभिन्न स्थानहरुमा सोलार तथा बिधुतिय स्ट्रीट लाइट रहेको छ। नगरपालिकाको बिभिन्न क्षेत्रमा सडक बत्ती जडान गरिएको छ | ऊर्जा विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने देखिन्छ ।

आधुनिक प्रविधिको प्रयोग गरी परम्परागत व्यवहारलाई परिवर्तन गरी उत्पादनलाई वृद्धि गर्न सकिन्छ । ऊर्जा विकासबाट साना तथा घरेलु र ठूला उधोग स्थापना तथा सञ्चालनमा सहजता भै औद्योगिक विकास गर्न सहज हुनेछ । फोहरमैला व्यवस्थापनका लागि ठोस फोहरको प्रशोधनबाट मिथेन ग्याँस उत्पादन गरी विक्री गर्ने सम्भावना रहेको छ ।

### ५.३.३ समस्या र चुनौति

नगरपालिका क्षेत्रमा वायोग्यास, सुधारिएको चुल्हो तथा स्वस्थ उर्जा प्रयोगको अवस्था न्यून रहेको देखिन्छ। नगरपालिकाको ग्रामिण क्षेत्रमा उद्योग व्यवसाय सञ्चालन, सिंचाईको लागि प्रयोग गर्न आवश्यक पर्ने थ्रिफेजको विद्युत लाईनको कमी रहेको छ । नगरपालिकाको प्रमुख सडक, चोक र स्थानमा सोलार प्रणालीमा आधारित सडक वत्तीको सुविधा उपलब्ध हुन सकेको छैन। नगर क्षेत्रमा विकास निर्माणका क्षेत्रमा कार्य गर्ने निकायहरु बीचको समन्वय र सहकार्य नगर विकासको प्रमुख चूनौतिको रुपमा देखिएको छ | उपलब्ध विद्युत सेवा पनि नियमित र व्यवस्थित हुन सकेको छैन। स्वच्छ उर्जाको रूपमा गोवर ग्यास, वायो विक्रेट र धुवाँ रहित सुधारिएको चुलोको उपयोग पर्याप्त मात्रामा हुन सकेको छैन।

वस्ती विकास, शहरीकरण तथा आर्थिक गतिविधिको विस्तारका कारण बढ्दै गएको विद्युतको माग बढ्दै गए अनुसार विद्युत आपूर्ति गर्नु, र ग्रामीणस्तरमा छरिएको बस्तीहरूमा सुरक्षित तथा दिगो विद्युतीकररण गर्नु चुनौतीको रूपमा रहेका छन् ।

## ५.३.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### दीर्घकालीन सोच

"स्वच्छ उर्जाको सहज तथा नियमित उपलब्धता र दिगो उपयोग"

### लक्ष्य

"नवीकरणीय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँच वृद्धि गर्ने"।

### उद्देश्य

नगरपालिकाको विद्युत तथा वैकल्पिक उर्जा क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेको छः

- नियमित विद्युत र स्वच्छ उर्जाको उपलब्धता, गुणस्तर र उपभोगमा वृद्धि गर्नु ।

### रणनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न विद्युत तथा वैकल्पिक उर्जा देहायअनुसारका रणनीति अवलम्ब गरिनेछः

१ विद्युत आपूर्ति क्षमता र गुणस्तर वृद्धि गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने ।

२ नवीकरणीय ऊर्जा प्रविधिको विस्तार र प्रवर्धन गरी स्वच्छ उर्जाको पहुँच र उपयोग बृद्धि गर्ने

## ५.३.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

विद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५.१.१ पू विद्युत तथा वैकल्पिक उर्जा क्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र सम्बन्धित शाखा )

| सूचक | इकाई | आधार वर्ष ०८०/८१ | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८२/८३ |
| विद्युत तथा वैकल्पिक उर्जा | | | | | |
| विद्युतमा पहुँच भएका जनसंख्या | प्रतिशत | ९९ | ९९.५ | १०० | १०० |
| वैकल्पिक तथा नविकरणीय उर्जा जस्तै सोलार प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २.५ | ४ | ५.५ | ७ |
| खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २५ | २० | १५ | १३ |

| सूचक | इकाई | आधार वर्ष ०८०/८१ | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८२/८३ |
| खाना पकाउन विद्युतीय चुलो प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ३ | ५ | ८ | १३ |
| खाना पकाउन बैकल्पिक ऊर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १० | १२ | १४ | १७ |

### ५.३.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

भौतिक पूर्वाधार विकास क्षेत्रको मध्यमकालीन अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ५.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

विद्युत तथा वैकल्पिक उर्जा क्षेत्रको आगामी आर्थिक वर्ष समेत मध्यमकालीन खर्च संरचना अबधिमा वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल लागत, उद्धेश्य तथा उपलब्धि देहाय अनुसार तालिका ५.३.२ मा प्रस्तुत गरिएको छ ।

## तालिकाः ५.३.२ विद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु हजारमा) | आयामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| | विद्युत तथा स्वच्छ उर्जा | | | | |
| १ | सडक वत्ती मर्मत, विकास र विस्तार | चोक, बजार र आवास क्षेत्रमा सडक बत्ति जडान गर्ने | सालवसाली | | सोलार प्रणालीमा आधारित सडक बत्ती जडान भई चोक, बजार र वस्तीमा उज्यालो कायम हुनेछ । |
| २ | ग्रामिण बिधुतिकरण कार्यक्रम | दिगो बिधुतको आपूर्ति सुनिस्चित गर्नु | | | दिगो बिधुत सेवा प्राप्त भएको हुनेछ | |
| ३ | जिर्ण र काठे पोल प्रतिस्थापन कार्यक्रम | सम्भावित दुर्घटना न्यूनीकरण गर्ने | सालवसाली | | जिर्ण र काठे पोल प्रतिस्थापन भएको हुनेछ |
| ४ | सोलार, वायोग्यास र सुधारिएको चुल्हो जस्ता वैकल्पिक उर्जाको प्रवद्र्धन | स्वच्छ उर्जाको प्रयोग बढाउने | सालवसाली | | सार्बजनिक कार्यालय तथा घरधुरीमा वायोग्यास, सोलार विद्युतीय चुल्हो, सुधारिएको धुवारहित चुल्हो जडान भई संचालन हुनेछ । |
| ५ | कार्यालयमा पावर व्याकअप प्रणाली जडान | सहज तथा सुलभ सेवा प्रवाह गर्न | सालवसाली | | कार्यालयमा पावर व्याकअप प्रणाली जडान हुनेछ । |

### ५.३.८ जोखिम पक्ष तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चिता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा, सरोकारवाल निकायसँग प्रभावकारी समन्वय र सहकार्य हुनसकेमा उल्लिखित उपलब्धी हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.४ सूचना, संचार र प्रविधि

### ५.४.१ पृष्ठभूमि

नगरपालिकाको सबै क्षेत्रमा मोबाइल टेलिफोनको सुबिधा पुगेको छ। नगरपालिकाको कुल जनसंख्या मध्ये ९० प्रतिशत जनसंख्यासँग मोवाइल तथा टेलिफोन उपलब्ध रहेको अनुमान गरिएको छ। यसैगरी कूल घरपरिवार मध्ये ४० प्रतिशतसँग कम्प्युटर र ६५ प्रतिशत इन्टरनेट सेवाको पहुँच उपलब्ध रहेको देखिन्छ । नगरपालिकाको योजनामा इन्टरनेट सेवाको पहुँच बढाउनुको साथै अन्य सूचना तथा सञ्चारमा सुबिधाको विकासलाई बढोत्तरी गर्ने कार्यक्रम तय गरिएका छन् । नगर कार्यपालिका कार्यालय, ७ वटै वडा कार्यालय र स्थास्थ्य संस्था र सबै माध्यमिक विद्यालयमा इन्टरनेट सेवा विस्तार गरिएको छ ।

नगरपालिकामा वेवसाइट, मोबाइल एप्स् र विभिन्न सूचना व्यवस्थापन प्रणाली तथा सफ्टवयर जडान भई शासन सञ्चालन र सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउँदै लाने प्रयास गरिएको छ। नगरपालिकाको इन्टरएक्टिभ वेवसाइट र मोबाइल एप्स्, स्थानीय रेडियो तथा टेलिभिजन तथा राष्ट्रियस्तरका रेडियो र टेलिभिजन, पत्रपत्रिका र अनलाईनमार्फत सूचनाहरू नियमित रूपमा अद्यावधिक, प्रकाशन र प्रसारण भैरहेको छ। टेलिभिजन, केवल नेटवर्क, र इन्टरनेटको सरल पहुँचका कारण सूचना तथा संचार विकास दिनानुदिन बढ्दै गइरहेको छ।

### ६.४.२ संभावना तथा अवसर

नगरपालिकाको लगभग सबै क्षेत्र सूचना तथा संचारमा सुविधाको पहुँचको रहेको देखिन्छ | नगरपालिका क्षेत्र भित्र कार्यपालिका कार्यालय, सबै वडा कार्यालयहरु, माद्यामिक विद्यालय अस्पताल, स्वास्थ्य चौकीहरुमा इन्टरनेट सुविधा उपलब्ध रहेको छ । नगरपालिकामा वेवसाइट, मोबाइल एप्स् र विभिन्न प्रकारका सूचना व्यवस्थापन प्रणाली तथा सफ्टवयर जडान भई शासन सञ्चालन र सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउँदै लाने प्रयास गरिएको छ । नगरपालिकाको वेवसाइट र मोबाइल एप्स्, स्थानीय रेडियो तथा टेलिभिजन र राष्ट्रियस्तरका संचार माध्यममार्फत समेत सूचनाहरु नियमित रुपमा अद्यावधिक, प्रकाशन र प्रसारण भैरहेको छ । अन्य सम्भाबना र अवसरलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ :

- नगरपालिकाका विभिन्न वडाहरुमा मोबाइल टावर रहेका
- वडा नं. ३, १० र ९ मा तारसहितको टेलिफोनको सेवा तथा नगरपालिकाका केही स्थानहरुमाइन्टरनेट सेवा पुगेको
- मोवाइल डाटाको प्रयोगबाटै भएपनि नगरपालिकावासीहरुमा सामाजिक सञ्जालको प्रयोगमा वृद्धि हुँदै गएको
- विभिन्न राष्ट्रिय दैनिकहरु गोरखापत्र, कान्तिपुर तथा स्थानीय पत्रिकाहरु लुम्बिनी साँस्कृतिक बुलेटिन आदिको नगरपालिका तथा अन्य सरकारी कार्यालयहरुमा पहुँच भएको
- उपभोक्ताको माग राम्रो भएको खण्डमा निजी सञ्चार सेवा प्रदायक मोबाइल तथा इन्टरनेट कम्पनीहरुलाई सेवा विस्तारमा आकर्षण गर्न सकिने |

## ५.४.३ समस्या र चुनौति

अप्टिकल फाइबर विस्तारमा गति दिने कार्य, सूचना तथा सञ्चार क्षेत्रमा विकसित नवीनतम प्रविधि समय सापेक्ष प्रयोगमा ल्याउने कार्य, विद्युत प्रसारण भरपर्दो बनाउने कार्य, नगर क्षेत्रको ऐतिहासिक महत्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित राख्ने कार्य, साइवर सुरक्षा सम्वन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने कार्य, र सामाजिक सञ्जालको वृद्धिसँगै यसमा बढ्दै गएको दुरूपयोग तथा विकृतिलाई रोक्ने कार्य चुनौती पूर्ण देखिएको छ ।

नगरपालिका क्षेत्रभित्र सबै विद्यालय तथा सार्बजनिक निकाय र स्थलमा इन्टरनेट सुबिधा उपलब्ध हुन सकेको छैन र उपलब्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर कमजोर रहेको छ। सबै विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरूमा पावर ब्याकअप सहित सूचना प्रविधिमा आधारित सेवा सुचारु हुन सकेको छैन।

## ५.४.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### दीर्घकालीन सोच

- "सूचना तथा सञ्चार प्रविधिमैत्री सार्बजनिक सेवा प्रवाह"

### लक्ष्य

- सूचना तथा सञ्चार प्रविधिको विकास गर्दै सबै नागरिकको पहुँच तथा उपयोग सुनिश्चित गरी सूचना प्रबिधिमैत्री सेवा प्रबाह सुनिस्चित गर्ने।

### उद्देश्य

नगरपालिकाको सूचना, संचार र प्रविधि उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेको छः

- सूचना तथा संचार सुबिधाको दिगो र विश्वसनीय उपभोगमा अभिवृद्धि गर्नु ।

### रणनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न सूचना, संचार र प्रविधि उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्ब गरिनेछः

१: . विद्युतीय सुशासनको प्रवद्र्धन गर्ने ।

२ सार्बजनिक सेवा, सुरक्षा, रोजगारी, विपद जोखिम न्यूनीकरण लगायतका विषयमा पहुँच अभिवृद्धि गर्न स्थानीय सञ्चार तथा सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने ।

३ सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।

## ५.४.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

सूचना, संचार र प्रविधि उपक्षेत्रको सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.४.१ सूचना, संचार र प्रविधि क्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र सम्बन्धित शाखा )

| सूचक | इकाई | आधार वर्ष ०८०/८१ | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| **सूचना तथा संचार प्रविधि** | | | | | |
| टेलिफोन तथा मोबाइल सेवामा पहुँच पुगेको घरपरिवार संख्या | प्रतिशत | ९० | ९३ | ९५ | ९७ |
| इन्टरनेट प्रयोगकर्ता घरपरिवारको संख्या | प्रतिशत | ६५ | ६८ | ७२ | ८० |
| रेडियोको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | ८६ | ९० | ९३ | ९५ |
| टेलिभिजनको पहुँच पुगेका घरपरिवार संख्या | प्रतिशत | ३२ | ३८ | ४५ | ५० |

### ५.४.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

भौतिक पूर्वाधार विकास क्षेत्रको मध्यमकालीन अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ५.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सूचना, संचार र प्रविधि क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल लागत, उद्धेश्य तथा उपलब्धि देहाय अनुसार तालिका ५.४.२ मा प्रस्तुत गरिएको छ ।

तालिका ५.४.२. : सूचना, संचार र प्रविधि कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु हजारमा) | आयामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| | विद्युतीय सुशासन, सूचना र संचार | | | | |
| १ | इन्टरनेट र टेलिफोन सेवाको क्षमता विस्तार | सूचना प्रविधिमा आधारित सेवा र कार्य प्रणाली संचालन गर्ने | सालवसाली | | सबै वडा कार्यालय, स्थास्थ्य संस्था र माध्यमिक विधालयमा कप्युटर, प्रिण्टर र इन्टरनेट सूचना प्रणालीमा आधारित सेवा सुचारु हुनेछ |
| २ | प्रकाशन, प्रशारण र मिडिया परिचालन कार्यक्रम | नागरिकमा सुचना प्रवाह गर्न | सालवसाली | | प्रकाशन, प्रशारण र मिडिया परिचालन कार्यक्रम सञ्चालन गर्न |
| ३ | प्रबिधि मैत्री नगरपालिका निर्माण कार्यक्रम | सूचना प्रविधिमा आधारित सेवा र कार्य प्रणाली संचालन गर्नु | सालवसाली | | प्रविधिको प्रयोग मार्फत कार्यक्षमता वृद्धि भएको हुने |

## ५.४.८ जोखिम पक्ष तथा अनुमान

वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्न प्राविधिक, आर्थिक र सामाजिक संभाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन तयार आयोजना बैंक तयार गर्ने र आयोजना बैंकमा सूचीकृत आयोजनाको प्राथमिकताक्रम अनुसार मध्यमकालीन खर्च संरचनामा बजेट विनियोजन गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ । यस प्रकार आयोजना छनौट र स्रोत विनियोजन नहुँदा, सम्बन्धित सेवा प्रदयाक निकायसँग प्रभावकारी समन्वय हुन नसक्दा आयोजनाको लागत र समय बढन सक्ने तथा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

# परिच्छेद —६

# वन, वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ वन तथा जैविक बिबिधिता

### ६.१.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको ब्यबस्था गरेको छ। उल्लिखित संबैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति २०७५ र राष्ट्रिय वातावरण नीति र राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ र वन ऐन, २०७६ तथा वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन् ।उपरोक्त नीति तथा कानूनको उद्देश्य स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदुषणबाट हुने क्षति बापत पीडितलाई प्रदुषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चूनौतीलाई सामाना गर्ने रहेको छ। नगरपालिकामा ठूला वन जंगल नभए तापनि नगरपालिकाको कुल भ—ूभाग मध्ये करीब ५.६ प्रतिशत भुभाग बनजंगलले ओगटेको छ । दिगो विकास लक्ष्यको लक्ष नं. १५ मा वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने, भूक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने कुरा उल्लेख गरिएको छ । तसर्थ पर्यावरणीय प्रणाली सन्तुलन, वायुमण्डलको स्वच्छता तथा जीवजन्तुको वासस्थान कायम राख्न वनजंगलको संरक्षण प्राथमिकतामा राख्नु जरुरी छ । अर्कोतर्फ यस नगरपालिकामा बाँझो जमिन प्रशस्त मात्रामा रहेकोले उक्त जमिनमा ब्यापक जनपरिचालन गरी बृक्षारोपण गर्नुपर्ने देखिन्छ जसले गर्दा नगरपालिकालाई एक प्रकारको हरित बगैंचाको रुपमा विकास गरी सीमित मात्रामै भएपनि वनलाई आयआर्जनसँग जोड्न सकिन्छ ।

### ६.१.२ संभावना र अवसर

नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम किसान तथा उद्यमीले नीजि तथा आवादी जग्गामा वृक्षरोपण गरी हुर्काएका रुखहरु कटान गरी बिक्री वितरण गरे वापत नगरपालिकाले राजस्व बढाउन सक्ने स्थिति समेत देखिन्छ ।वन, जमीन र जलश्रोत लगायत जलाधारका श्रोतको संरक्षण र व्यवस्थापनद्धारा नगरपालिकामा आर्थिक विकास तथा वातावरणीय सन्तुलन कायम गर्न सकिने प्रचुर संभावना रहेको छ।

जैविक विविधताको दृष्टिकोणबाट महत्वपूर्ण रहेको लुम्बिनी सांस्कृतिक नगरपालिकामा यस उपक्षेत्रको सम्भाबना र अवसर देहाय बमोजिम रहेका छन्:

- नगरपालिकाको कुल भू—भाग मध्ये ५.६ प्रतिशत बनजंगलले ओगटेको
- नगरपालिकाको शहरी क्षेत्रमा रहेका चोक, चौबाटो र बाटोको बिचमा रहेको क्षेत्रलाई हरित क्षेत्रको रुपमा विकास गर्न सकिने
- खेर गएका तथा खालीरहेका सार्वजनिक जग्गालाई सामुदायिक वनको रुपमा विस्तार गरी आयआर्जनका विशेष कार्यक्रममा आवद्ध गरी गरिबी निवारणमा जोड्न सकिने |

### ६.१.३ समस्या तथा चुनौती

वन, जैविक विविधताका श्रोतहरुको व्यवस्थापनमा स्थानीय जनप्रतिनिधि, उपभोक्ता समिति तथा आम उपभोक्ताहरुमा सचेतना र क्रियाशिलताको कमी रहेकोछ। विकास निर्माण कार्यमा हरित पर्बर्द्धन तथा वाताबरण संरक्षणको क्षेत्रमा लगानी हुन सकेको छैन | नदि तथा सडक किनार र नगरपालिका क्षेत्रको खालि तथा सार्बजनिक स्थलमा फलफुलजन्य तथा अन्य वृक्षरोपण कार्यले मूर्तरुप पाउन सकेको छैन | वैज्ञानिक वन व्यवस्थापन गरी काठ दाउराको उत्पादन र उपलब्धता बढाउनु, वन तथा कृषि क्षेत्रमा जडिबुटी लगायत आयमूलक क्रियाकलाप सञ्चालन गर्नु तथा वन क्षेत्रलाई ग्रामीण तथा पर्यापर्यटनको आकर्षण केन्द्र बनाउनु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन् । वन क्षेत्रमा रहेका मिचाहा प्रजातिका वनस्पति नियमित रुपमा गोडमेल गरी नियन्त्रण गर्नुपर्ने, दिगो वन व्यवस्थापन तथा भू—संरक्षणका लागि प्राबिधिक जनशक्ति उत्पादन गर्नुपर्ने लोपोन्मुख वनस्पति र वन्यजन्तुको संरक्षणका लागि विशेष कार्यक्रम लागू गर्नुपर्ने चुनौतिको रुपमा रहेको छ|

### ६.१.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

यस नगरपालिकाको वन तथा जैविक विविधता उपक्षेत्रको लक्ष्य, उद्धेश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

#### सोच

“जल, जमीन, जंगल र जडीबुटीको दिगो संरक्षण तथा सदुपयोगमार्फत दिगो विकास ”

#### लक्ष्य

वन, जैविक विविधता तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापन र उपयोग मार्फत वातावरण संरक्षण र आर्थिक लाभ हासिल गर्ने।

#### उद्देश्य

नगरपालिकाको वन तथा जैविक विविधता उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- वन, हरियाली र जैविक विविधताको दिगो व्यवस्थापन र उपयोग गर्नु |
- वन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु |

#### रणनीति

नगरपालिकाको दीर्घकालीन सोचतर्फ हासिल गर्न केन्द्रित रही वन तथा जैविक विविधता उपक्षेत्रको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति अबलम्बन गरिनेछ ।

१ वन तथा हरित क्षेत्रको विस्तार गर्ने ।

२ हरित क्षेत्र विस्तारलाई कृषि तथा आय आर्जनसँग विस्तार गर्ने

३ वन तथा जैविक बिबिधता संरक्षण र हरियाली प्रबर्द्धन सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

४ सम्पूर्ण कटानग्रस्त क्षेत्रको अभिलेख संकलन गर्ने |

### ६.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

वन तथा जैविक विविधता उपक्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६.१.१ वन तथा जैविक विविधता उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| वन तथा जैविक विविधता | | | | | |
| रुख विरुवाले ढाकेको/हरियाली क्षेत्रको वृद्धि (बार्षिक) | प्रतिशत | ६.५ | ८ | ९ | ११ |
| वनमा आधारित उद्यमबाट रोजगार जना | संख्या | ४५ | ५० | ५७ | ६३ |
| वनमा आधारित उद्योग व्यवसाय | संख्या | ६ | ७ | ८ | १० |
| वृक्षरोपण गरिएको क्षेत्रफल | हेक्टर | २ | ३.५ | ४.२ | ६ |
| वनमा आधारित उद्यम र आयआर्जन कार्यक्रमबाट लाभान्वित परिवार | परिवार | २२ | २५ | २८ | ३२ |

### ६.१.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको आवधिक अनुमान

वन, वातावरण तथा विपद ब्यबस्थापन क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ।

## ६.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

वन तथा जैविक विविधता उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित लागत, उद्देश्य र उपलब्धी देहायअनुसार तालिका ६.१.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७.३ वन तथा जैविक विविधता उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजनाको समयावधि | लागत अनुमान | पुष्ट्याईका आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | वन, हरियाली र जैविक विविधता | | | | | |
| १ | हरियाली प्रवद्र्धन र वृक्षारोपाण कार्यक्रम | हरियाली क्षेत्रको विकास र विस्तार गर्ने | सालबसाली | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | सार्वजनिक, नीजि र संस्थागत रुपमा ग्रामिण तथा शहरी क्षेत्रमा हरियालीको विकास हुनेछ । |
| २ | वन पैदावार चोरी निकासी नियन्त्रण अभियान | जैविक विविधता, वातावरण संरक्षण र विपद व्यवस्थापन शिक्षा प्रदान गर्ने | सालबसाली | | | वन, समूह, इको क्लब, सामुदायिक संस्था र टोल विकास संस्थामार्फत संचालन गर्ने |
| ३ | वन व्यवस्थापन कार्यक्रम | वन व्यवस्थापन तथा संरक्षण गर्न | सालबसाली | | | वन व्यवस्थापन कार्यविधि निर्माण गर्न |
| ४ | जैविक बिबिधिता पहिचान तथा प्राकृतिक संरक्षण कार्यक्रम | जैविक बिबिधिताको प्रकृति पहिचान गरि प्राक्रित्क अवास्थामनै संरक्षण गर्नु | सालबसाली | | | जैविक बिबिधता पहिचान र संरक्षण भएको हुने । |
| ५ | वन उद्यम प्रबर्धन तथा संरक्षण कार्यक्रम | वनमा आधारित ब्यबसाय तथा रोजगारीलाई ब्यबस्थित र प्रतिफलयुक्त बनाउनु | सालबसाली | | | उद्यम तथा ब्यबसाय प्रबर्द्धन भएको हुने । |

### ६.१.८ जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तनको असर, विपद जोखिममा बृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् । उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल हुन सक्ने देखिन्छ ।संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ । अन्तरनिकाय समन्वय, स्थानीयसँगको साझेदारी तथा अन्तरतह समन्वय हुन नसकेको खण्डमा प्रस्तावित कार्यक्रम तथा आयोजना कार्यान्वयन हुन नसकी अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहेको छ ।

## ६.२ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरेको छ। उल्लिखित संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वातावरण नीति र राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन् ।उपरोक्त नीति तथा कानूनको उद्देश्य स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदुषणबाट हुने क्षति बापत पीडितलाई प्रदुषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चूनौतीलाई सामाना गर्ने रहेको छ।

### ६.२.२ संभावना र अवसर

यस नगरपालिकालाई हरित स्थानीय तहको रुपमा विकास गर्ने लक्ष्य राखिएको छ।नगरपालिकाको शहरी क्षेत्रमा ठोस तथा तरल फोहोरमैलाको मात्रा बढ्दै गएको देखिन्छ।नगरपालिकाको मुख्य गरी शहरी क्षेत्रमा प्लाष्टिक लगायत प्रदुषणजन्य पदार्थको प्रयोग बढ्दै गईरहेको छ।तसर्थ प्लाष्टिकजन्य सामाग्रीको प्रयोगलाई समयमै प्रतिस्थापन र व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राख्न सकिने अवस्था छ।यसैगरी स्वास्थ्य संस्था र मेडिकल सेवाको वृद्धिसँगै अस्पतालजन्य फोहोर पनि बढ्दो क्रममा रहेको छ।वाताबरण तथा फोहोरमैला ब्यबस्थापन उपक्षेत्रको सम्भाबना र अवसरलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ :

- पार्क तथा हरित क्षेत्र विस्तार गर्न नगरपालिकाले योजनाबद्ध रुपमा काम गरिरहेको
- नगरपालिकाका सार्वजनिक स्थल, नदी खोला किनार तथा अनुकूल स्थानमा वृक्षारोपण गरिएको
- यातायातका साधन र कलकारखानाहरू न्युन रहेका तथा हरियाली पर्याप्त भएका कारण तुलनात्मक रुपमा सहरी क्षेत्रभन्दा स्वच्छ वातावरण रहेको
- नगरपालिकाका विभिन्न ठाउँमा व्यापक वृक्षारोपण गर्नुका साथै बगैंचा, पार्कहरु निर्माण गरी हरियाली प्रवर्द्धन गर्न सकिने ।

### ६.२.३ समस्या तथा चुनौती

सरकार, नागरिक समाज र समुदायमा वन तथा वातावरण संरक्षण र व्यवस्थापन प्रतिको जिम्मेवारी बोधको कमी देखिएको छ |स्थानीय आयोजना संचालनको सन्दर्भमा वातावरण ऐन र नियमको व्यवस्था बमोजिम वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था पूर्ण पालना हुन सकेको छैन। सरोकारवाला निकायहरु बीच समन्वय कमी हुनु र यस सम्बन्धमा स्थानीय सरकारका निर्वाचित पदाधिकारी, कर्मचारी र स्थानीय समुदायको ज्ञान, सीप र अनुभवको सिर्जनात्मक उपयोगमा कमी यस क्षेत्रका प्रमुख चूनौतिको रुपमा रहेका छन् । यसै गरी फोहोरमैलाको उचित ब्यबस्थापनको लागि आबश्यक नीति तथा योजना कार्यान्वयन, संरचना निर्माण र ब्यापक जनचेतना अभिवृद्धि गर्नु प्रमुख चुनौतिका रुपमा रहेको छ ।

## ६.२.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

यस नगरपालिकाको वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी अधिकार क्षेत्र बमोजिमको उद्धेश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

"स्वच्छ, सफा, हराभरा हाम्रो लुम्बिनी साँस्कृतिक नगरपालिका"

**लक्ष्य**

- स्वच्छ वाताबरण तथा दिगो फोहोरमैला व्यवस्थापन प्रबर्द्धन गर्ने

**उद्देश्य**

नगरपालिकाको वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको उद्देश्य देहाय अनुसार रहेको छः

- पर्यावरणीय सन्तुलन, सुन्दरता र वातावरणीय स्वच्छतामा अभिवृद्धि गर्नु, र
- फोहोरमैलाको बैज्ञानिक ब्यबस्थापन गर्नु,

**रणनीति**

नगरपालिकाको दीर्घकालीन सोच हासिल गर्न केन्द्रित रही वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको समष्टिगत लक्ष्य, उद्देश्य हासिल गर्न देहायअनुसारका रणनीति अबलम्बन गरिनेछ।

१ वातावरण अनुकुलित विकास, स्वच्छ उर्जा तथा प्रविधि र हरियाली अभिबृद्धी गर्ने ।

२ सचेतना र व्यक्तिगत व्यवहार परिवर्तनको माध्यमबाट वातावरणीय स्वच्छता अभिबृद्धि गर्ने ।

३ फोहोरमैला ब्यबस्थापन सम्बन्धी व्यवस्था नियम पालनामा जनचेतना अभिबृद्धि गर्ने ।

४ फोहोरमैलाको दिगो ब्यबस्थापनको लागि संस्थागत संरचना र पूर्वाधारको विकास गर्ने ।

## ६.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६.२.१ नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना, सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| वातावरण तथा फोहोरमैला व्यवस्थापन | | | | | |
| मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | स्थान | ४ | ६ | ८ | १० |
| कम्पोष्ट–विन प्रयोग गर्ने तथा फोहोर वर्गीकरणको अभ्यास गर्ने परिवार | प्रतिशत | १५ | २५ | ३५ | ४२ |
| संचालित व्यवस्थित सार्वजनिक शौचालय | संख्या | ७ | ९ | ११ | १७ |
| स्थानीय विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा र कार्यान्वयन | भए/ नभएको | नभएको | भएको | भएको | भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| बार्षिक नयाँ वृक्ष रोपन | संख्या | १०० | २०० | ३५० | ५०० |

### ६.२.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

वातावरण संरक्षण तथा विपद ब्यबस्थापन क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ।

### ६.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित लागत, उद्देश्य र उपलब्धी देहायअनुसार तालिका ६.२.२ मा प्रस्तुत गरिएको छ ।

## तालिका ६.२.२ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजनाको समयावधि | लागत अनुमान | पुष्ट्याईका आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | वातावरण व्यवस्थापन | | | | | |
| १ | फोहोरमैला प्रशोधन केन्द्र निर्माण तथा व्यबस्थापन कार्यक्रम | विसर्जन हुने फोहोर मैलाको वर्गीकरण, पुनप्रयोग, संकलन, भण्डारण, प्रशोधन गर्नु | २०७९/८०-२०८१/८२ | | नगरपालिकाको प्रथम आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रमको प्राथमिकता | फोहोरमैला वर्गीकरण, पुनप्रयोग, संकलन र भण्डारण, प्रशोधन र विसर्जनको व्यवस्था हुनेछ । |
| २ | वरपिपल, समी, लागायत बढी अक्सिजन उत्सर्जन गर्ने बिरुवा रोपण, पार्क तथा उद्यानको निमाण कार्यक्रम | नगरमा हरियाली प्रबद्धन गर्न | सालबसाली | | | वरपिपल, समी, लागायत बृक्षा रोपण तथा पार्क निर्माण, संरक्षण र स्तरोन्नति कार्यक्रम सञ्चालन हुनेछ । |
| ३ | आयोजनाको वातावरणीय अध्ययन | वातारण अनुकलन वनाउन | सालबसाली | | | वातावरणीय अध्ययन प्रतिवेदन तयार हुनेछ |
| ४ | विद्यालयस्तरमा वातावरण, जलवायु, फोहोरमैला व्यवस्थापनसम्बन्धी सचेतीकरण | कार्यालयमा सरसफाई र वातावरण सुधार सम्बन्धी नमूना प्रस्तुत गर्ने | सालबसाली | | | विद्यालय लगायत सार्वजनिक कार्यालयमा व्यवस्थित् र स्वस्थ वातावरण सम्वन्धी जनाचेतना कार्यक्रम सञ्चालन हुनेछन् |
| ५ | समुदायस्तरमा वातावरण प्रवद्र्धन कार्यक्रमलाई सहयोग | हरियाली, वातावरणीय सेवा र प्रर्यटन प्रवद्र्धन गर्ने | सालबसाली | | | नगर क्षेत्रमा १ वोटानिकल गार्डेन समेत पार्क र होमस्टे स्थापना हुनेछ । |
| ६ | वन तथा वातावरण संरक्षण र प्रबर्धन सम्बन्धि सशर्त सहितका सालबसाली कार्यक्रम | निरन्तर कार्यक्रम सञ्चालन गर्न | सालबसाली | | | वन क्षेत्र विकास र वाताबरण संरक्षणमा प्रतक्ष्य सहयोग पुग्नेछ । |

## ६.२.८ जोखिम पक्ष तथा अनुमान

वातावरण संरक्षण तथा फोहोरमैला ब्यबस्थापनको क्षेत्रमा मुलत अनियन्त्रित प्राकृतिक स्रोत साधनको दोहन, बढ्दो बजारीकरण, जनचेतनाको कमि, पर्याप्त लागानी हुन नसक्नु जस्ता बिषय प्रमुख चुनौतिको रुपमा रहेका छन् | यसै गरि वातावरण संरक्षण र फोहरमैला ब्यबस्थापनमा व्यक्ति देखि घर टोल समुदाय सम्मको सहयोग र साझेदारी आवश्यकता पर्दछ हाल यसो हुन नसक्नु यस क्षेत्रको अर्को चुनौतिको रुपमा रहेको छ | उल्लिखित जोखिम पक्षको सम्बोधन भएर प्रस्तावित कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयन हुन सकेको खण्डमा अपेक्षित नतिजा हासिल हुन सक्ने देखिन्छ ।संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ ।

## ६.३ भूसंरक्षण तथा जलाधार ब्यबस्थापन

### ६.३.१ पृष्ठभूमि

नगरपालिकामा कोइलीहवा खोला, तेलार नदी, गर्तहवा नाला, सोइया नाला, कोठी खोला, धुपही ताल, नौखनीया ताल, हाथिहवा ताल, थरुनीया ताल, अमारी बिच नाला, भुताहा नाला नदीहरु तथा सामाजिक पोखरीहरु महत्वपूर्ण जलाधार क्षेत्रका रुपमा रहेका छन् । तथापि यस्ता जलाधार क्षेत्रहरूको ठोस योजना नहुँदा यसको पूर्ण सदुपयोग नभई जलस्रोत खेर गइरहेको अवस्था छ । समृद्धिका आधारहरु मध्ये जलस्रोत पनि एक हो । तसर्थ यस नगरपालिकाका महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्बर्धन गरी पारिस्थितिक सन्तुलन कायम राख्न र नगरपालिकालाई आर्थिक समृद्धितर्फ लैजान जरुरी छ ।

### ६.३.२ संभावना र अवसर

नगरपालिकाको भूसंरक्षण तथा जलाधार ब्यबस्थापन उपक्षेत्रको सम्भाबना र अवसरलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ :

- नगरपालिकाको कुल क्षेत्रफल मध्ये १.७१ प्रतिशत जलक्षेत्रले ओगटेको (स्रोतःआवधिक योजना)
- नगरपालिकामा कोइलीहवा खोला, तेलार नदी, गर्तहवा नाला, सोइया नाला, कोठी खोला, धुपही ताल, नौखनीया ताल, हाथिहवा ताल, थरुनीया ताल, अमारी बिच नाला, भुताहा नाला नदीहरु तथा सामाजिक पोखरीहरु महत्वपूर्ण जलाधार क्षेत्रका रुपमा रहेका
- जलाधार क्षेत्रमा कछुवा, भ्यागुता, सर्प, माछा, विच्छी, गंगटो जस्ता जलचरहरु पाइने
- जलस्रोत तथा जलाधार क्षेत्रको उच्चतम प्रयोग गरी कृषि, उद्योग, पर्यटन आदिको विकास गरी आर्थिक समृद्धि हासिल गर्न सकिने |

### ६.३.३ समस्या तथा चुनौती

परापूर्बकाल देखि प्रचलन र उपयोगमा रहेका ताल तलैया तथा पोखरीहरू संरक्षण र पुनर्निर्माणको अभाबमा विस्तारै नासिदै जान थालेको छन। जलाधार क्षेत्र संरक्षणका लागि अध्ययन अनुसन्धानमा आधारित रही कुनै काम हुन सकेको छैन । विभिन्न स्थानमा सडक निर्माणपश्चात् सडकको किनार तथा नजिक रहेका जमिन कम्जोर हुने तथा पोखरी सुक्ने समस्या रहदै आएको छ। अन्य समस्या तथा चुनौतीलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- बर्षेनी कटान, बाढी र डुबानको समस्या आउने गरेको साथै जलाधार क्षेत्र वरिपरिका मानव बस्ती उच्च जोखिममा रहेको
- वन, जलाधार र भू—संरक्षणका लागि दिगो रुपमा दीर्घकालीन कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन गर्नुपर्ने
- जलाधार क्षेत्र संरक्षणको महत्व आममानिसमा बुझाउन नसकिएको
- जलस्रोत तथा जलाधार क्षेत्रको संरक्षण गर्न नसके भविष्यमा पानीको मुहानहरु सुक्न गई पिउने पानी तथा सिँचाइको चरम अभाव हुनसक्ने
- वैज्ञानिक जलाधार व्यवस्थापन कार्यक्रम लागू गर्नुपर्ने |

## ६.३.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

यस नगरपालिकाको भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको सोच, लक्ष्य, उद्धेश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

"दिगो संरक्षित जमिन तथा जलाधारः सुरक्षित लुम्बिनी सांस्कृतिक को आधार"

**लक्ष्य**

- भू-संरक्षण तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापन मार्फत उत्थानशिलता प्रवद्र्धन गर्नु ।

**उद्देश्य**

नगरपालिकाको भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्ः

- जल, जमीन र जलाधारको दिगो संरक्षण तथा उपयोगमा वृद्धि गर्नु,

**रणनीति**

नगरपालिकाको दीर्घकालीन सोच हासिल गर्न केन्द्रित रही भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति अबलम्बन गरिनेछः

१। सार्वजनिक पूर्वाधार निर्माण, भूमि व्यवस्थापन, खेती प्रणाली र वन व्यवस्थापनसँग एकीकृत गरी भू–संरक्षण तथा जलाधार व्यवस्थापन कार्य संचालन गर्ने

२। जलाधार व्यवस्थापन योजना अनुसार भू–क्षय हुने जमिनको स्थायीकरण, भूक्षय तथा गल्छी नियन्त्रण तथा विकासका पूर्वाधारहरुको संरक्षण गर्ने ।

## ६.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिका ६.३.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ६.३.१ भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना, सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८१/८२ |
| भू तथा जलाधार संरक्षण | | | | | |
| ताल, सिमसार र तलाउ/पोखरीको | संख्या | १५५ | १५८ | १६० | १७० |
| संकटासन्न तालहरु/पोखरीहरु | प्रतिशत | १.५ | १ | ०.५ | ०.३ |
| संकटयुक्त अर्थात् सुख्खाका कारण सुक्ने खतरामा रहेका सिमसार क्षेत्रको संख्या | संख्या | १ | १ | ० | ० |
| नयाँ निर्माण गरिएका पोखरी, ताल वा अन्य जलक्षेत्रले ओगटेको क्षेत्र | प्रतिशत | ६ | ८ | १२ | १७ |

### ६.३.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको आवधिक अनुमान

वन, वातावरण तथा विपद ब्यबस्थापन क्षेत्रको मध्यमकालीन खर्च संरचना अवधिको समग्र खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ।

## ६.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तिन वर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित लागत, उद्देश्य र उपलब्धी देहायअनुसार तालिका ६.३.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.३.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजनाको समयावधि | लागत अनुमान | पुष्ट्याईका आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | भूसंरक्षण र जलाधारका व्यवस्थापन | | सालबसाली | | | |
| १ | नदी, खोला खोल्सा नियन्त्रण तथा प्राकृतिक पोखरी एबं ताल तलैया संरक्षण कार्यक्रम | पहिरो र कटान लगायतका प्रकोपको जोखिम न्यूनीकरण गरी उर्वराशक्ती र विकासका पूर्वाधारको संरक्षण गर्ने | सालबसाली | | नगरपालिका को नीति तथा कार्यक्रम र प्रथम आवधिक योजनाको प्राथमिकता | प्राकृतिक जल पुनर्भरण पोखरी, ताल तलैया निर्माण तथा संरक्षण हुने , खोला, खहरे र गल्छी नियन्त्रण हुने र क्षतिग्रस्त भूमी पुनरुत्थान हुनेछ |
| २ | विकासका पूर्वाधार संरक्षण | विकासका पूर्वाधारलाई दीगो र व्यवस्थित बनाउने | सालबसाली | | | सडक, पुल, कुलो, बाँध तथा भवन लगायतका विकासका पूर्वाधारको दीगो संरक्षण र संचालन हुनेछ । |
| ३ | भू—उपयोग क्षेत्र पहिचान, निर्धारण तथा योजना तर्जुमा र कार्यान्वयन | जमीनको क्षमता, उपयोग र विकासको आवश्यकता अनुसार समोचित व्यवस्थापन र व्यवस्थित विकासको आधार तयार गर्ने | सालबसाली | | | निर्धारित भूउपयोगको क्षेत्र अनुसार भूमिको उपयोग र स्वरुपको र व्यवस्थापन हुनेछ । |
| ४ | भूमिगत पानीको पुनर्भरण तथा संरक्षण र आकासेपानी संकलन | पानीको संरक्षण तथा व्यवस्थापन गर्न | सालबसाली | | | भूमिगत पानीको पुनर्भरण तथा संरक्षण र आकासेपानी संकलन सुरुवात हुनेछ । |

### ६.३.८ जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तनको असर, विपद जोखिममा बृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् । उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल हुन सक्ने देखिन्छ ।संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ ।

## ६.४ विपद व्यबस्थापन तथा जलवायू परिबर्तन अनुकुलन

### ६.४.१ पृष्ठभूमि

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ले लिएको मूल उद्धेश्यलाई टेवा पुग्ने गरी स्थानीय सरकारले समेत विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा विपद् उत्थानशील स्थानीय तह निर्माण गर्दै दीगो विकासमा योगदान पुऱ्याउने दीर्घकालिन सोच, ध्येय र लक्ष्य सहित प्राकृतिक र गैर प्राकृतिक विपदबाट हुने क्षति उल्लेख्य रुपमा कम गर्ने मुल उद्देश्य अनुरुप आयोजना तथा कार्यक्रम तय गर्ने र सोहि मुताबिक बजेट सुनिस्चितता गर्नुपर्ने आबश्यकता रहेको छ ।

### ६.४.२ संभावना र अवसर

यस नगरपालिका क्षेत्रमा पार्ने प्रभावका आधारमा विभिन्न विपद जोखिमहरु मध्ये आगलागी, सडक दुर्घटना र बाढी, पहिरो प्रमुख रुपमा देखिएका छन। विपदको रोकथाम तथा पूर्व तयारी, प्रतिकार्य र पुनःस्थापना तथा पुनःर्लाभ सम्बन्धी नीतिगत र व्यवहारिक सम्बोधनको लागि नगरपालिकामा  नगरस्तरीय विपद व्यवस्थापन समिति गठन भएको छ भने स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना भई सञ्चालनमा रहेको छ।

विपदमा परेकालाई तत्काल राहत सहयोगका लागि विपद व्यवस्थापन कोष स्थापना गरी सोको परिचालनको लागि कार्यविधि समेत तयार गरिएको छ। साथै नगरपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन गरी नियमित बैठक गर्ने र समितिको काम, कर्तव्य र अधिकारका विषयमा अभिमुखीकरण समेत सञ्चालन गरिएको छ। यसैगरी नगरपालिकाको स्थानीय विपद व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा गरिएको छ । स्थानीय समुदायमा विपद् व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र सचेतनामा वृद्धि हुँदै गएको छ । यसबाट  विपदको असरलाई समेत कम गर्न सहयोग पुग्ने संभावना रहेको छ। नगरपालिकामा विपद जोखिम न्यूनीकरण र विपद् जोखिम व्यवस्थापनका लागि विभिन्न कार्यक्रमहरु कार्यान्वयनमा ल्याउन सकिने तथा भुकम्प, कोभिड—१९, बाढी जस्ता प्रकोप नियन्त्रणका लागि नगरपालिकामा आपतकालीन विपत व्यवस्थापन कोष स्थापना गरिएको छ ।

### ६.४.३ समस्या तथा चुनौती

सरोकारवाला निकायहरु बीच समन्वय कमी हुनु र यस सम्बन्धमा स्थानीय सरकारका निर्वाचित पदाधिकारी, कर्मचारी र स्थानीय समुदायको ज्ञान, सीप र अनुभवमा कमी यस क्षेत्रका प्रमुख चूनौतिको रुपमा रहेका छन्। नगरपालिकामा  भूकम्प, आगलागी, बाढी-पहिरो, हावाहुरी, सवारी दुर्घटना, बन्यजन्तुको आक्रमण, पशुजन्य तथा अन्य स्वास्थ्यसंग सम्बन्धित महामारी जस्ता विपदको जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि संस्थागत तथा सामुदायिक क्षमता कम हुनु विपद् व्यवस्थापनका लागि नगरपालिकाको प्रमुख चुनौतिका रुपमा रहेको छ। नगरपालिकामा भएका बस्ती वर्षायाममा बाढी र डुबानको जोखिममा रहेको छ भने वर्षातको समयमा नदी कटान तथा भू—क्षय समस्या हुनेगरेको छ । जलवायु परिवर्तनले भएको अतिवृष्टि, अनावृष्टि, तापक्रम वृद्धि आदिका कारण वार्षिक खेतीपाती क्यालेन्डर परिवर्तन हुन थालेको, बालीनालीमा रोग, किराको समस्या देखिनुका साथै उत्पादनमा नकारात्मक प्रभाव देखिनु चुनौतिको रुपमा रहेको छ ।

## ७.४.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

यस नगरपालिकाको विपद व्यवस्थापन तथा जलबायू परिवर्तन अनूकुलन सम्बन्धी उपक्षेत्रको लक्ष्य, उद्धेश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

- “विपद ब्यबस्थापनमा सवल तथा जलबायु उत्थानशील नगरको स्थापना”

**लक्ष्य**

“जलवायू परिवर्तनका अनुकुलन विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना लागू गरी पूर्णत कार्यान्वयन गर्ने”

**उद्देश्य**

विपद व्यवस्थापन तथा जलवायू परिवर्तन अनुकूलन उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्:

१ विपद् जोखिम तथा विपद्जन्य क्षति नोक्सानीको दर न्यूनीकरण गर्नु,
२ विपदको दिगो ब्यबस्थापन गर्नु |
३ जलबायू परिवर्तन अनुकूलनका कार्यक्रमको प्रबर्द्धन गर्नु |

**७.५.४ रणनीति**

नगरपालिकाको दीर्घकालीन सोच हासिल गर्न केन्द्रित रही विपद व्यवस्थापन तथा जलवायू परिवर्तन अनुकूलन उपक्षेत्रको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहाय अनुसारका रणनीति अबलम्बन गरिनेछ।

१। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनकालागि आवश्यक नीतिगत तथा कानूनी ब्यबस्था सहित विकास व्यवस्थापन प्रक्रियामा मूलप्रवाहीकरण गर्ने |
२। विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण, विपद व्यवस्थापनका लागि समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्य अभिबृद्धी गर्ने |
३। जलवायु परिवर्तन अनुकुलन लाई विपद जोखिम न्यूनीकरण र व्यवस्थापनसँग एकीकृत गरी स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने |

## ६.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

विपद व्यवस्थापन तथा जलबायु परिवर्तन अनुकूलन उपक्षेत्रको सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६.४.१ विपद व्यवस्थापन तथा जलबायु परिवर्तन अनुकूलन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोत: आवधिक योजना र सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष ०८०/८१ | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/०८४ |
| विपद व्यवस्थापन | | | | | |
| विपद्को कारण घाइते हुनेको संख्या | संख्या | ८ | ६ | ४ | ३ |
| विपद्बाट प्रभावित घरपरिवार | प्रतिशत | ३० | २२ | १५ | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| विपद्को बेला भेला हुने स्थानको | संख्या | १५ | १९ | २२ | २४ |
| दमकल संख्या | संख्या | १ | २ | २ | २ |
| विपद् पूर्वसंकेत दिन जडित उपकरणहरूको संख्या | संख्या | २ | ४ | ५ | ६ |
| जलवायु अनुकूलनका वनस्पति तथा बालीनालीको संख्या | संख्या | ९ | ११ | १४ | १६ |
| जलवायु परिवर्तनसम्बन्धी शिक्षा समावेश गरेका विद्यालयहरूको संख्या | प्रतिशत | ३२ | ३५ | ४० | ४१ |

### ६.४.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको आवधिक अनुमान

विपद व्यवस्थापन तथा जलबायू परिबर्तन अनुकुलन क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ।

## ६.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

विपद व्यवस्थापन तथा जलबायु परिवर्तन अनुकूलन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत ३ वर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित लागत, उद्देश्य र उपलब्धी देहायअनुसार तालिका ६.४.२मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.४.२ विपद व्यवस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क.सं. | रणनीतिक कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजनाको समयावधि | लागत अनुमान | पुष्ट्याईका आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | विपद् व्यवस्थापन | | | | | |
| १ | नगर विपद व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा तथा अद्यावधिक | नगरपालिकाको विपदको व्यवस्थापन र जलवायु उत्थानशिलतामा बृद्धि गर्ने | निरन्तर | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता एबम नीति तथा कार्यक्रमको प्राथमिकता | विपद रोकथाम, न्यूनीकरण, प्रतिकार्य र पुनर्लाभ र जलवायु उत्थानशिल सम्बन्धी लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र लगानी योजना तयार हुनेछ । |
| २ | वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति गठन र क्षमता विकास तालिम तथा सचेतना कार्यक्रम सञ्चालन | विपद व्यवस्थापनमा वडा र समुदायको क्षमता विकास र उत्थानशिलता बृद्धि गर्ने | सालबसाली | | | सबै वडामा समुदायलाई लक्षित गरी विपद न्यूनीकरण, पूर्व तयारी, खोज उद्दार, कृत्रिम अभ्यास, प्राथमिक उपचार, खोज उद्दार तालिम र सामाग्री व्यवस्थापन हुनेछ। |
| ३ | महामारी, बाढी, आगलागीबाट हुने जोखिम क्षेत्र, पहिचान, नक्सांकन र पूर्व तयारी तथा प्रतिकार्य | नगर क्षेत्रका प्रमुख विपदको जोखिम पहिचान, नक्शाकंन गरी जोखिम न्यूनीकरणको लागि पूर्व तयार गर्ने | सालबसाली | | | कोभिड १९ लगायत नगर क्षेत्रका प्रमुख विपदको जोखिम पहिचान र नक्शाकंन गरी पूव तयारी कार्ययोजना तयार हुनेछ। |
| ४ | आपत्कालीन सामग्री भण्डारण तथा गोदाम घर निर्माण | विपद उद्धार तथा राहत सामग्री व्यवस्थापनलाई सहज र व्यवस्थित बनाउने | सालबसाली | | | नगरपालिकामा विपद ब्यवस्थापनको लागि आवश्यक सामाग्रीको भण्डारण र सहज आपूर्तीको व्यवस्था हुने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | दमकल तथा एम्बुलेन्सको व्यवस्थापन | विपद् व्यवस्थापनमा सहज गर्न | सालबसाली | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | दमकल तथा एम्बुलेन्सको व्यवस्थापन हुनेछ। |
| ६ | वन्यजन्तु बाट सुरक्षा कार्यक्रम | जंगलि जनावरको व्यवस्थापन गर्न | सालबसाली | | | वन्यजन्तु (बाँदर, दुम्सी, चितुवा, बँदेल) बाट सुरक्षा कार्यक्रम |
| ७ | विपद व्यस्थास्थापन कोष वृद्धि तथा सञ्चालन | विपदको प्रतिकार्य र राहतमा वृद्धि गर्ने | सालबसाली | | | स्थानीय विपद व्यवस्थापन कोष संचालन हुनेछ । |

## ७.४.८ जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तनको असर, विपद जोखिममा बृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन्। उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल हुन सक्ने देखिन्छ। संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ।

# परिच्छेद- ७

# सुशासन तथा संस्थागत क्षमता विकास र सेवा प्रबाह

## ७.१ नीति, ऐन तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन सञ्चालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारहरुको रहेको हुन्छ । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय सरकारको फराकिलो संवैधानिक अधिकार क्षेत्र र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा र समस्याहरु पनि निरन्तर बढी रहेका छन्। यसलाई मध्यनजर गर्दै नगरपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय नीति, कानून तथा कार्यविधि र सेवा प्रबाह मापदण्ड तर्जुमा र कार्यान्वयन मार्फत जनआकांक्षा सम्बोधन गर्नुपर्ने छ | नगरपालिकाले कार्यालयहरूमा नागरिक वडापत्रको व्यवस्था, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम, नागरिक भेला, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, अनुगमन तथा नियन्त्रण कार्यप्रणालीलाई चुस्त, व्यवस्थित तथा पारदर्शी बनाउने जस्ता कार्य गरिरहेको छ। आगामी दिनमा यी कार्यहरूलाई अझ सुदृढ गर्ने नगरपालिकाको योजना पनि रहेको छ।

### ७.१.२ विद्यमान स्थिति तथा संभावना

संविधानको अनुसूची ८ मा रहेको स्थानीय तहको एकल अधिकार सूची र धारा ९ मा रहेका सांझा अधिकार सूची तथा सो को आधारमा नेपाल सरकार मन्त्रिपरिषदवाट स्वीकृत कार्य बिस्तृतिकरण समेतको आधारमा स्थानीय तहको अधिकार तथा कार्य कार्यान्वयनका लागि नगरपालिकाले आबश्यकता र पहिचानको आधारमा बिभिन्न ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा रहेका छन। संविधान तथा प्रचलित कानून अनुसार नगर सभाबाट न्यायिक समिति, विद्यायन समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरु गठन भई तत्सम्बन्धी विषयमा क्रियाशिलता उन्मुख रहेका छन् । साथै समुदाय र नागरिक समाज समेतको सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भैरहेको छ।

नगरपालिकावाट हुने सेवा प्रबाह र बिकास ब्यबस्थापन तथा सुशासन प्रबर्द्धनको लागि आवश्यक ऐन, नियम, विधि तथा कार्यविधि संबिधान र प्रचलित कानुन बमोजिम तर्जुमा र स्वीकृत तथा प्रमाणीकरण गरी स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयन मा रहेका छन् । आवश्यक उपकरण तथा जनशक्ति भएका कारण संस्थागत सुशासन कायम राख्ने विषयमा पर्याप्त कार्य गर्न सकिने अवस्था रहेको हुँदा यसलाई अवसरका रुपमा लिएको खण्डमा यस पालिकामा संस्थागत सुशासन मजबुत बनाउँन सकिने संभावना रहेको छ ।

### ७.१.३ समस्या तथा चुनौति

संबिधान तथा स्थानीय सरकार संचालनले स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा नीति, कानून, योजना तथा बजेट तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने साथै जनमैत्री सेवा प्रवाहको लागि सुशासन प्रबर्धन गर्ने

समस्या तथा चूनौतिहरु विद्यमान रहेका छन् । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सूसूचित गराउने, प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सो को पालना हुन सकिरहेको छैन ।

प्राप्त नमूना कानुन, विधि तथा नियमावलीलाई समेत आधार मानी आवश्यकताका आधारमा ऐन, नीति, नियम, कार्यविधि निर्माण गरिएको। तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सुसूचित गराउने, प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सो को पालना हुनु जरुरी छ । विषय क्षेत्रगत रुपमा बजेट विनियोजना सन्तुलित गरी रोजगार, उत्पादनमूलक तथा आयमूलक आयोजनामा लगानी अपेक्षाकृत कम रहेको छ।

## ७.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस नगरपालिकाको नीति, कानून तथा सुशासन उपक्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ।

**सोच**

"लुम्बिनी साँस्कृतिक नगरपालिकाको सरोकार, जनमुखी सरकार"

**लक्ष्य**

"सेवा प्रवाहलाई छिटो, छरितो, सुलभ जनउत्तरदायी र प्रभावकारी बनाई जनचासोमा केन्द्रित हुने।"

**उद्देश्य**

नगरपालिकाको नीति, कानून तथा सुशासन उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्ः

- स्थानीय सुशासन प्रबर्द्धनका लागि आवश्यक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन गर्नु|

**रणनीति**

नीति, कानून तथा सुशासन उपक्षेत्रको देहायअनुसारका रणनीति अबलम्बन गरिनेछ ।

१। स्थानीय शासन संचालनको लागि आवश्यक नीति, कानून तथा प्रणालीको विकास र कार्यान्वयन गरी निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र जनमुखी बनाउने |

२। सहभागितामूलक नीति, कानून तथा निर्णय तर्जुमा र कार्यान्वयन प्रणाली अवलम्बन गर्ने

## ७.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

नीति, कानून तथा सुशासन उपक्षेत्रको सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिका ७.१.१ मा प्रस्तुत गरिएको छ।

तालिका ७.१.१ नीति, कानून तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य( स्रोतः सम्बन्धित शाखा)

| सूचक | इकाई | आ.व.०८०/८१ सम्मको उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| नीति, ऐन तथा सुशासन | | | | | |
| नगरपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ७२ | ८० | ८५ | ८८ |
| सशक्तिकरण र क्षमता विकास कार्यक्रमबाट लाभन्वित लक्षित वर्ग | प्रतिशत | १७ | २१ | ३० | ३७ |
| क्रियाशिल नीतिगत समिति तथा संयन्त्र | संख्या | ९ | १० | ११ | १३ |
| अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारको प्रकार | प्रकार | ४ | ५ | ६ | ६ |
| स्थानीय कानून, नीति र योजना तर्जुमा प्रक्रियामा नागरिक पृष्ठपोषण र सुझाव लिने माध्यम | प्रकार | ३ | ३ | ३ | ४ |
| नगरपाालिका पेश भएका नीति, योजना र सेवा प्रवाह सम्बन्धी गुनासो अभिलेख भएका मध्ये समाधान भएका गुनासो | प्रतिशत | ८० | ९५ | १०० | १०० |

## ७.१.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

सुशासन तथा संस्थागत क्षमता विकास र सेवा प्रबाह क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ७.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

नीति, कानून तथा सुशासन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत ३ बर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम तथा उपलब्धी सूचक देहायअनुसार तालिका ७.१.२ मा प्रस्तुत गरिएको छ | (आवधिक योजनामा समाबेश कार्यक्रम तथा क्रियाकलापलाई एकीकृत गरी तयार गरिएको छ)

## तालिका ७.१.२ नीति, कानून तथा सुशासन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना तथा कार्यक्रमको अवधि | अनुमानित लागत (रु.०००) | पुष्टयाईको आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | सुशासन तथा विकास नीति | | | | | |
| १ | नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण, परिमार्जन तथा प्रकाशन | तर्जुमा गर्नुपर्ने र बाँकी रहेका विषयमा नीति ऐन, नियम र कार्यविधि तर्जुमा गर्ने | सालबसाली | | संबैधानिक र कानूनी व्यवस्था पालना | आवश्यक नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड तर्जुमा तथा परिमार्जन हुनेछ । |
| २ | सुशासन तथा जबाफदेहिता प्रवद्र्धन कार्यक्रम | सामाजिक जवाफदेहिता प्रवर्धन गर्ने | सालबसाली | | जनविश्वास अभिवृद्धि गर्न | सार्बजनिक जवाफदेहिताको औजारको अभ्यास हुनेछ। |
| ३ | सूचना प्रविधिमैत्री शासन प्रवर्धन | सेवा प्रवाहलाई सहज र पारदर्शी बनाउने | सालबसाली | | राष्ट्रिय नीति र कार्यक्रम | सेवाग्राहीको संख्यामा बढ्धि र गुनासोमा कमी आउनेछ । |
| ४ | मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप, न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम | कानूनी सचेतना बृद्धि गर्ने तथा सामाजिक मेलमिलाप र सद्भाव अभिबृद्धि गर्ने | सालबसाली | | कानूनी दायित्व पुरा गर्न | शान्तिपूर्ण प्रक्रियाद्धारा विवाद निरुपणमा २५ प्रतिशतले बृद्धि हुनेछ । |
| ५ | नगर कार्यपालिका बैठक, सभा र बिभिन्न समितिको बैठक संचालन | कानुन, नीतिगत निर्णय तथा बजेट एबं कार्यक्रम माथि छलफल र स्वीकृत गर्ने | सालबसाली | | नीति तथा कानूनी व्यवस्था | बैठक र सभा व्यवस्थित तथा प्रभावकारी रुपमा संचालन हुनेछ । |
| ६ | वडा कार्यालय संचालन | प्रशासनिक कार्य, राजस्व र अनुगमन सम्बन्धी कार्य संचालन गर्ने | सालबसाली | | नीति तथा कानूनी व्यवस्था | वडा कार्यालयबाट सेवा सुचारु हुनेछ । |

## ८.१.८ जोखिम पक्ष तथा अनुमान

संबिधान र तीनै तहको सरकारको प्रचलित नीति तथा कानुन बमोजिम अन्तरतह समन्वय र सहकार्य प्रभावकारी हुनुका साथै सुशासन प्रबर्धनमा साझेदारी हुन सकेको खण्डमा अपेक्षित नतिजा हासिल हुन सक्दछ | यसै गरी स्थानीय तह र बिकास साझेदार, गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालनमा स्थानीय आवश्यकता अनुसार सहकार्य हुन सकेमा अपेक्षित नतिजा प्राप्त हुनेछ। उपरोक्त व्यवस्थाको अभाबमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

## ७.२ संगठन तथा क्षमता विकास

### ७.२.१ पृष्ठभूमि

बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशिलता र वैकल्पिक उपायहरु अबलम्बन गर्न जरुरी छ। अबका दिनमा नगरपालिकाले सगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, समुदाय, नीजि तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

### ७.२.२ विद्यमान स्थिति तथा संभावना

संविधान तथा प्रचलित कानून अनुसार नगर सभाबाट विद्यायन समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरु गठन भई तत्सम्बन्धी विषयमा क्रियाशिलता उन्मुख रहेका छन। एकीकृत सेवा सहितको नगर कार्यपालिका, वडाको केन्द्रमा आधारभूत सुविधा सहित वडा कार्यालय, स्वास्थ्य संस्थाहरुबाट सेवा प्रवाह भैरहेको र उपरोक्त कार्यालयहरुको स्तरोन्नतिको लागि प्रयास भैरहेको छ। कार्यालयमा इन्टरनेट, विषयगत सेवा प्रवाहको लागि न्यूनतम कार्यकक्ष र भौतिक सामग्रीको व्यवस्थापन गरिएको छ। संघीय संरचना अनुसार कर्मचारीको समायोजन प्रक्रियासँगै हाल नगरपालिकामा विषय क्षेत्रसँग सम्बन्धित कर्मचारी कार्यरत रहेका छन ।

### ७.२.३ समस्या तथा चुनौति

नगर कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र इकाईहरुमा आवश्यकता र दरबन्दी अनुसार प्राबिधिक, तथा विषयगत कर्मचारीहरुका पदपूर्ती नहुँदा सेवा प्रवाह र कार्यसम्पादन कठिनाई भैरहेको छ। कार्यपालिका कार्यालयमा विषयगत शाखाहरु सञ्चालनमा आएको भएता पनि एकीकृत सेवा प्रवाहमा कठिनाई रहेको छ। नगर कार्यपालिका र अन्तर्गतका कार्यालयवाट हुने कतिपय सेवा प्रवाहलाई प्रविधिमा आधारित बनाइएको भएता पनि सबै सेवालाई सूचना प्रविधिमा आधारित बनाउनु चुनौती रहेको छ | यसै गरि संस्थागत क्षमता विकासको लागि पर्याप्त लगानु बढाउन नसक्नु अर्को समस्याको रुपमा रहेको छ |

### ७.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस नगरपालिकाको संगठन तथा क्षमता विकास उपक्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

- सवल, जनमैत्री, र सुशासनयुक्त नगर सरकारको स्थापना

**लक्ष्य**

- संस्थागत क्षमता विकास, तथा उच्च मनोबलयुक्त र नतिजामुखी मानव संसाधन ब्यबस्थापन मार्फत सार्बजनिक सेवा प्रबाह एबम् सुशासन प्रबर्धनमा गुणात्मक वृद्धि गर्नु

**उद्देश्य**

नगरपालिकाको संगठन तथा क्षमता विकास उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेको छः

- स्थानीय सेवाको व्यवस्थापन, संस्थागत क्षमता, गुणस्तरीय मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु

**रणनीति**

संगठन तथा क्षमता विकास उपक्षेत्रको देहायअनुसार रणनीति अबलम्बन गरिनेछ।

१। सार्बजनिक सेवा प्रवाहलाई पारदर्शी, गुणस्तरीय र जनमैत्री बनाउने |

२। नगर कार्यपालिका तथा वडा कार्यालय र अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारी तथा संगठनको संस्थागत क्षमता विकास गर्ने |

३। सक्षम र उच्च मनोबलयुक्त जनशक्ति विकास गर्ने ।

### ७.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

संगठन तथा क्षमता विकास उपक्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिका ७.२.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ७.२.१ संगठन तथा क्षमता विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य( स्रोतः आवधिक योजना र सम्बन्धित शाखा)

| **सूचक** | **इकाई** | **आ.व.०८०/८१ सम्मकोउपलब्धी** | **मध्यमकालीन लक्ष्य** | | |
|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| संगठन तथा क्षमता विकास | | | | | |
| संस्थागत क्षमता विकासको लागि बार्षिक लगानी (जम्मा बजेटको) | प्रतिशत | १.५ | २ | २.५ | ३ |
| योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व | प्रतिशत | ४० | ४५ | ५० | ६० |
| नगरपालिकावाट बार्षिक संचालित क्षमता विकास तालिम | संख्या | ५ | ७ | ८ | १० |

### ७.२.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

सुशासन तथा संस्थागत क्षमता विकास र सेवा प्रबाह क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ७.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

संगठन तथा क्षमता विकास उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी ३ वर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कून अनुमानित रकम देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७.२.१ संगठन तथा क्षमता विकास उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | अनुमानितलागत (रु.000) | पुष्ट्याईको आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | संगठन तथा क्षमता विकास | | | | | |
| १ | कार्यालय व्यवस्थापन एवं भौतिक निर्माण तथा सुधार कार्यक्रम | संस्थागत सुशासन र प्रभावकारी सेवा प्रबाह गर्नु | सालबसाली | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | सबै विषयगत शाखा र वडा कार्यालयको न्यूनतम भौतिक सुविधा उपलब्ध हुनेछ। |
| २ | स्थानीय सरकारको कार्य सम्पादन तथा संस्थागत स्वमूल्याङ्कन कार्यक्रम | संस्थागत सुशासन र प्रभावकारी सेवा प्रबाह गर्नु | सालबसाली | | | संस्थागत स्वमूल्यांकनमा सुधार हुनेछ। |
| ३ | जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था क्षमता अभिबृद्धि, अध्ययन अबलोकन कार्यक्रम | संस्थागत सुशासन र प्रभावकारी सेवा प्रबाह गर्नु | सालबसाली | | | कार्य सम्पादनमा ३३ प्रतिशतले बृद्धि हनेछ । |
| ४ | टोल विकास संस्था गठन तथा परिचालन | संस्थागत सुशासन र प्रभावकारी सेवा प्रबाह गर्नु | सालबसाली | | | टोल विकास संस्था विकास र परिचालन बृद्धि हुनेछ । |
| ५ | लक्षित वर्ग संस्थागत संरचना तथा क्षमता विकास कार्यक्रम | संस्थागत सुशासन र प्रभावकारी सेवा प्रबाह गर्नु | सालबसाली | | | लक्षित वर्गको सहभागिता र विस्वासमा बृद्धि हुनेछ । |
| ६ | सालबसाली प्रशासनिक खर्च | संस्थागत सुशासन र प्रभावकारी सेवा प्रबाह गर्नु | सालबसाली | | | कार्यालय प्रभावकारी रुपमा संचालन हुनेछ। |

### ७.२.८ जोखिम पक्ष तथा अनुमान

संबिधान र तीनै तहको सरकारको प्रचलित नीति तथा कानुन बमोजिम अन्तरतह समन्वय र सहकार्य प्रभावकारी हुनुका साथै सुशासन प्रबर्धनमा साझेदारी हुन सकेको खण्डमा अपेक्षित नतिजा हासिल हुन सक्दछ | यसै गरी स्थानीय तह र बिकास साझेदार, गैसस, समुदाय, सहकारी र नागरिक बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालनमा स्थानीय आवश्यकता अनुसार सहकार्य हुन सकेमा अपेक्षित नतिजा प्राप्त हुनेछ। उपरोक्त व्यवस्थाको अभाबमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

## ७.३ राजश्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय सरकारको फराकिलो संवैधानिक अधिकार क्षेत्र र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा र समस्याहरु पनि निरन्तर बढी रहेका छन्। बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशिलता र वैकल्पिक उपायहरु अबलम्बन गर्न जरुरी छ। नगरपालिकाको आन्तरिक राजश्वलाई थप ब्यबस्थित गरी बिस्तृत योजना मार्फत आन्तरिक आय वृद्धि गर्नु पर्नेछ | राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार गरिएको छ।

### ८.३.२ विद्यमान स्थिति तथा संभावना

स्थानीय राजस्व परामर्श समितिको अध्ययन र सिफारिशका आधारमा सम्पत्ती कर, मालपोत, व्यवसाय कर, घरवहाल कर तथा वहाल विटौरी शुल्क लगायत सिफारिस तथा प्रमाणित शुल्क तथा दस्तुरका दर निर्धारण गरी सो अनुसार कर तथा गैरकर राजश्व संकलन हुदै आएको छ | नगरपालिकाको स्रोतसाधन, सेवा प्रवाह र कार्यसम्पादन स्तरमा स्थानीय समुदायको चासो र निगरानीमा वृद्धि हुँदै गएको छ। नगरपालिकाको वित्तीय स्रोत बढ्दै गएको र नगरपालिकाको संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरुको सहयोग र तदारुपता पनि क्रमशः बढदै गएको छ।

### ७.३.३ समस्या तथा चुनौति

संबिधान तथा स्थानीय सरकार संचालनले स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा नीति, कानून, योजना तथा बजेट तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने, उपलब्ध सिमित श्रोत —साधनको उच्चतम प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने, प्रभावकारी र गुणस्तरीय विकास ब्यबस्थापन गर्ने साथै जनमैत्री सेवा प्रवाहको लागि मानब स्रोत परिचालन गर्ने अवसर प्रदान गरेको भयता पनि संस्थागत क्षमता विकासको अभावले अपेक्षाकृत सफलता हासिल गर्न सकिएको छैन। स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्वको संभाव्यता विश्लेषण तथा राजस्व प्रशासन सम्बन्धी ज्ञान, सीप, दक्षताको कमी रहेको छ। नगरपालिकाको आन्तरिक आय न्यून हुँदा विकासमा सङ्घीय र प्रदेश सरकारको अनुदानमा भर पर्नु पर्ने अवस्था रहेको छ।

### ७.३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस नगरपालिकाको राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

- सवल नगर सरकार निर्माणः साधन स्रोतको उच्चतम ब्यबस्थापन

**लक्ष्य**

- आन्तरिक आम्दानी वृद्धि तथा उपलब्ध वित्तीय स्रोत साधनको बिबेकपूर्ण र प्रतिफलयुक्त परिचालन मार्फत सार्बजनिक वित्तको समुचित ब्यबस्थापन गर्ने

**उद्देश्य**

नगरपालिकाको राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- आन्तरिक तथा वाह्य श्रोत परिचालनमा गुणस्तरीय वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउनु ।

**रणनीति**

राजस्व तथा श्रोत परिचालन उपक्षेत्रमा देहायअनुसारका रणनीति अबलम्बन गरिनेछ ।

१। राजस्वको दायरा बृधि गरी आन्तरिक आयमा बृद्धि तथा सवलिकरणमा गर्ने ।

२। स्रोतको प्राप्ति, राजस्वको स्रोत, आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने ।

३। सार्वजनिक सम्पत्तीको अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने ।

४। स्रोत परिचालनका लागि गैसस, सरकारी तथा गैरसरकारी र निजी क्षेत्रका निकायसँग समन्वय साझेदारी विकास गर्ने ।

## ७.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७.३.१ राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य ( स्रोतः सम्बन्धित शाखा)

| सूचक | इकाई | आ.ब.०८०/८१ सम्मको उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| राजश्व तथा स्रोत परिचालन | | | | | |
| आन्तरिक आयमा बार्षिक वृद्धि | प्रतिशत | १० | १२ | १५ | १७ |
| राजश्व परामर्श समितिको बैठक (बार्षिक) | संख्या | ३ | ४ | ४ | ४ |
| राजस्व परामर्श समिति पदाधिकारी र राजस्व शाखामा कार्यरत कर्मचारीको क्षमता विकास तालिम | भए/नभएको | भएको | भएको | भएको | भएको |
| राजश्व संकलन सुचना प्रविधिमा आधारित | भए/नभएको | भएको | भएको | भएको | भएको |
| राजश्व सुधार कार्ययोजना तर्जुमा तथा परिमार्जन | भए/नभएको | भएको | भएको | भएको | भएको |

## ७.३.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

सुशासन तथा संस्थागत क्षमता विकास र सेवा प्रवाह क्षेत्रको मध्यमकालीन खर्च संरचना अवधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ७.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी ३ वर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कून अनुमानित रकम देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७.३.२ राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना तथा कार्यक्रमको अवधि | अनुमानितलागत (रु.000) | पृष्टयाईको आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | राजस्व तथा श्रोत परिचालन | | | | | |
| १ | आन्तरिक आयको संभाव्यता अध्ययन तथा प्रक्षेपण (राजश्व सुधार कार्ययोजना तर्जुमा तथा परिमार्जन र कार्यान्वयन) | कानून अनुसार कर तथा गैरकर राजस्व, दस्तुर स्रोतको दायरामा गुणात्मक सुधार मार्फत आन्तरिक आय बृद्धि गर्ने | सालबसाली | | | आन्तरिक आयमा कम्तिमा १७ प्रतिशतका दरले बार्षिक बृद्धि हुनेछ । |
| २ | राजस्व व्यवस्थापन सूचना प्रणाली विकास तथा संचालन र करदाता शिक्षा तथा प्रोत्साहन कार्यक्रम | स्थानीय करको विषय क्षेत्र, दायरा, दर, छुट र भुक्तानी प्रक्रिया बारे जानकारी गराउने र असुली लाई सहज बनाउने | सालबसाली | | नगरपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | बिधुतिय भुक्तानी प्रणाली लागु भई कर असुली सहज हुनुका साथै करदाताको सहभागिता र सहयोगमा बृद्धि हुनेछ । |
| ३ | राजस्व राजस्व परामर्श समिति र शाखा संचालन तथा राजस्व परिचालन तथा अनुगमन र क्षमता विकास | कर प्रशासन र अभिलेख लाई सेवाग्राहीमैत्री र व्यवस्थित बनाउने | सालबसाली | | | राजस्व ब्यबस्थापन लाई प्रभावकारी हुनुकासाथै नागरिकको सन्तुष्टीको स्तरमा ४० प्रतिशतले बृद्धि हुनेछ । |

### ७.३.८ जोखिम पक्ष तथा अनुमान

संबिधान र तीनै तहको सरकारको प्रचलित नीति तथा कानुन बमोजिम अन्तरतह समन्वय र सहकार्य प्रभावकारी हुनुका साथै सुशासन प्रबर्धनमा साझेदारी हुन सकेको खण्डमा अपेक्षित नतिजा हासिल हुन सक्दछ । यसै गरी स्थानीय तह र बिकास साझेदार, गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालनमा स्थानीय आवश्यकता अनुसार सहकार्य हुन सकेमा अपेक्षित नतिजा प्राप्त हुनेछ। उपरोक्त व्यवस्थाको अभाबमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

## ७.४ योजना र विकास ब्यबस्थापन

### ७.४.१ पृष्ठभूमि

नगरपालिकाले सगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, समुदाय, नीजि तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ ।यसलाई मध्यनजर गर्दै नगरपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय योजना तथा विकास व्यवस्थापनलाई उच्चतम महत्व दिएको छ | योजना र विकास ब्यबस्थापन उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार गरिएको छ।

### ७.४.२ विद्यमान स्थिति तथा संभावना

स्थानीय तहको अधिकार तथा जिम्मेवारी कार्यान्वयनका लागि नगरपालिकाले आबश्यकता र पहिचानको आधारमा बिभिन्न योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ। साथै समुदाय र नागरिक समाज समेतको सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भैरहेको छ।

बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियमा जनसहभागिता सुनिस्चित हुने गरी टोल एबम् बस्तीस्तरबाटै सहभागितामूलक योजना छनौट प्रक्रियाको अभ्यास भैरहेको छ ।नगरपालिकामा संचालित स्थानीय संचित कोष र अन्य स्रोतबाट संचालित आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति विवरण समीक्षा कार्यलाई नियमित गरिएकोछ।नगरपालिकामा योजना तर्जुमा र विकास गतिविधिको कार्यान्वयन, अनुगमन तथा नतिजा मापन प्रणालीमा समावेशी, सहभागितामूलक, परामर्श तथा सहकार्यमा आधारित पद्धतिहरुको विकास तथा अनुशरण हुँदै गएको छ।

### ७.४.३ समस्या तथा चुनौति

संबिधान तथा स्थानीय सरकार संचालनले स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा योजना तथा बजेट तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने, उपलब्ध सिमित श्रोत —साधनको उच्चतम प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने, प्रभावकारी र गुणस्तरीय विकास ब्यबस्थापन गर्ने साथै जनमैत्री सेवा प्रवाहको लागि मानब स्रोत परिचालन गर्ने समस्या तथा चूनौतिहरु विद्यमान रहेका छन् ।

विषय क्षेत्रगत रुपमा बजेट विनियोजन सन्तुलित नभई पूर्वाधार क्षेत्र अधिक हुने गरेको र रोजगार, उत्पादनमूलक तथा आयमूलक आयोजना तथा कार्यक्रममा लगानी अपेक्षाकृत कमजोर रहेको छ।संस्थागत संरचना, मानव श्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धति अवैज्ञानिक र परम्परागत देखिन्छ।

नगरपालिकाको विकासको अग्रणी क्षेत्रहरु पर्यटन विकास, बस्ती तथा भौतिक विकास, यातायात, उद्यम विकास तथा कृषि सम्बन्धी गुरुयोजना आदीको तर्जुमा नहुँदा ठोस तथा नतिजामुखी योजना तर्जुमाका साथै प्राथमिकताका आधार र प्रक्रिया निर्धारण नहुँदा वितरणमुखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुने

गरेको छ । फलस्वरुप आयोजना तथा कार्यक्रमलाई समयमा सम्पन्न गर्न र गुणस्तर कायम गरी ठोस उपलब्धी हासिल गर्न सकिएको छैन ।

### ८.४.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस नगरपालिकाको योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

- सवल, जनमैत्री, र सुशासनयुक्त नगर सरकारको स्थापना

**लक्ष्य**

- योजना तथा विकास ब्यबस्थापनको प्रभावकारितामा गुणात्मक वृद्धि गर्ने

**उद्देश्य**

नगरपालिकाको योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- योजना तथा विकास ब्यबस्थापन प्रणाली सूचना प्रविधिमा आधारित बनाउने,

**रणनीति**

योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको देहायअनुसारका रणनीति अबलम्बन गरिनेछ ।

१ योजना व्यवस्थापन प्रक्रिया लाई सरल, सूचना प्रविधि तथा नागरिकमैत्री, सहभागितामूलक र पारदर्शी बनाउने ।

२ विकास ब्यबस्थापनका लागि गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने ।

### ७.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको विषय क्षेत्रगत सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिका ७.४.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ७.४.१ योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः सम्बन्धित शाखा)

| सूचक | इकाई | आ.व.०८०/८१ सम्मकोउपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८१/८२ | ०८२/८३ | ०८१/८२ |
| विकास व्यवस्थापन | | | | | |
| खण्डीकृत विषयगत र श्रोत नक्शा सहित वस्तुगत विवरण तयारी तथा अद्यावधिक | भए/नभए को | नभएको | भएको | भएको | भएको |
| स्वीकृत स्थानीय गौरवका आयोजना सम्पन्न | संख्या | ० | ० | १ | २ |
| नतिजामूलक ढाँचामा योजना तर्जुमा | भए/नभए | नभएको | भएको | भएको | भएको |
| अनुगमन तथा मूल्याङ्कन ढाँचा र योजना | भए/नभए | भएको | भएको | भएको | भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| समयमा सम्पन्न आयोजनाको अनुपात | प्रतिशत | ५० | ५५ | ७० | ७५ |
| आयोजना/कार्यक्रम अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, बार्षिक) | पटक | २ | ३ | ४ | ५ |
| योजना तर्जुमा तथा अनुगमन प्रक्रियामा लक्षित वर्ग/समुदायको प्रतिनिधित्व | प्रतिशत | ४० | ४५ | ५० | ६० |

### ८.४.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

सुशासन तथा संस्थागत क्षमता विकास र सेवा प्रबाह क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ७.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी ३ वर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कून अनुमानित रकम, उद्देश्य तथा उपलब्धी देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७.४.२ योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना तथा कार्यक्रमको अवधि | अनुमानितलागत (रु.000) | पृष्टयाईको आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | योजना र विकास व्यवस्थापन | | | | | |
| १ | आवधिक योजना, मध्यमकालीन योजना तथा बिभिन्न बिषयगत रणनीतिक योजना निर्माण तथा कार्यान्वयन, समिक्षा, अध्यावधिक र पूर्व संभाव्यता अध्ययन एवं डिपिआर र आयोजना वैक तयारी | बार्षिक योजनालाई ठोस र उपलब्धी बनाउन आयोजना बैंक तयार गर्ने | सालबसाली | | नगरपालिकाको प्रथम आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रमको प्राथमिकता | आयोजना ब्यबस्थापन प्रभावकारी भई आयोजनाको संख्यामा ४५ प्रतिशतले कमी हुने र गुणस्तरीय आयोजना छनौट तथा कार्यान्वयन र सम्पन्न हुने आयोजनाको संख्यामा बृद्धि हुनेछ । |
| २ | योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र सिकाई प्रणाली संचालन | योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, प्रभाव लेखाजोखा र यस सम्बन्धी ज्ञानलाई व्यवस्थित बनाउने | सालबसाली | | | योजना प्रणालीलाई नतिजा र श्रोतसँग आवद्ध हुनेछ । |
| ३ | उपभोक्ता समिति र टोल विकास संस्था गठन, क्षमता विकास तथा परिचालन कार्यक्रम | उपभोक्ता समितिबाट हुने अयोजना कार्यान्वयनलाई | सालबसाली | | | उपभोक्ता समितिले तोकिएको मापदण्ड र समयतालिका भित्र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गुणस्तरीय, लागत प्रभावकारी र उपलब्धीमूलक बनाउने | | | | आयोजना सम्पन्न गर्न सफल हुनेछन् । |
| ४ | राहत कोष, मर्मतसंभार कोष र अन्य कोष स्थापना तथा संचालन | बार्षिक योजनालाई नतिजा मा आधारित प्राथमिकता प्राप्त क्षेत्रमा लगानी बढाउने | सालबसाली | | नगरपालिकाको प्रथम आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रमको प्राथमिकता | कोष संचालन सम्बन्धि बार्षिक योजना तर्जुमा हुनेछ । |
| ५ | सेवा प्रवाह सम्बनधी सफ्टवेयर प्रणाली सञ्चालन र सेवा प्रबाह, सुशासन तथा संस्थागत क्षमता विकास सम्बन्धि बिबिध कार्यक्रम | विद्युतीय माध्यमबाट नियमित रुपमा विना रोकाबाट सेवा र सूचना प्रवाह गर्नुका साथै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने | लवसाली | | | राजस्व, योजना, प्रशासन, व्यावसाय दर्ता र नविकरण, सम्पत्ती व्यवस्थापन सम्बन्धी सेवा प्रणाली सम्बन्धी सफ्टवयर संचालन भई सेवा अटोमेशन हुनेछ । |

# अनुसुचीहरु

## अनुसूची १ :

**अनुसूची १ : प्रति इकाई लागत अनुमान** लागत (रु. हजारमा)

| प्रतिफल | एकाई | प्रति एकाई लागत | कैफियत | |
|---|---|---|---|---|
| कृषि वन तथा भुमि सुधार | | | | |
| रासायनिक मल | | | अन्तराष्ट्रिय मुल्य, र विनिमय दर ओभरहेड खर्चको आधारमा औषत लागत | |
| युरिया | मे.टन | | | |
| डी.ए.पी. | मे.टन | | | |
| पोटास | मे.टन | | | |
| प्राङगारिक मल | मे.टन | बजार मुल्यको आधारमा निर्धारण हुने | | |
| कम्पोष्ट (धुलो) | क्विन्टल | | बजारमा उपलव्ध विभिन्न ब्रान्ड तथा गुणको प्रांगारिक मलको औषत मुल्यको आधारमा | |
| कम्पोष्ट (दानादर) | क्विन्टल | | | |
| भर्मी कम्पोस्ट | क्विन्टल | | | |
| बीउ | /के.जी क्विन्टल | | विभिन्न तरकारी तथा खाद्यन्न बिउहरुको उत्पादन लागत औषतको आधारमा | बिउको प्रकार उल्लेख गर्ने ) |
| फलफुल तथा तरकारी बिरुवा | गोटा | | विभिन्न फलफुल बिरुवाहरुको सरकारी मूल्यको औषतको आधारमा | बिरुवाको प्रकार उल्लेख गर्ने |
| साना कृषि यन्त्रहरु | गोटा | | | यन्त्रको प्रकार उल्लेख गर्ने |
| चिलिंग भ्याट | गोता/लिटर | | | |
| बिभिन्न प्रजातिका जनावर तथा कुखुरा वितरण | गोटा | | | प्रकार उल्लेख गर्ने |

| | | | | |
|---|---|---|---|---|
| बिभिन्न खोर तथा गोठ निर्माण | संख्या | | | प्रकार अनुसार लागत गणना गर्ने |
| बिभिन्न तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन | वटा | | कार्यक्रमको अबधि, सहभागी संख्या, संचालन स्थल तथा स्रोत व्यक्तिको उपलब्धता समेतको आधारमा आर्थिक प्रस्ताब तयार गरी यकिन गर्ने | |
| व्यवसायीक तथा सीप विकास तालिम | पटक | | कार्यक्रमको अबधि, सहभागी संख्या, संचालन स्थल तथा स्रोत व्यक्तिको उपलब्धता समेतको आधारमा आर्थिक प्रस्ताब तयार गरी यकिन गर्ने | |
| बिभिन्न चेतनामुलक कार्यक्रम | पटक | | | |
| भौतिक पुर्बाधार तथा यातायत | | | | |
| पिच सडक | कि.मि | | डबल लेन | |
| ग्रावेल सडक | कि.मि | | डबल लेन | |
| नयाँ ट्र्याक खोल्ने सडक | कि.मि | | डबल लेन | |
| पुल | प्रति मि. | | डबल लेन | |
| सिंचित क्षेत्र विकास कार्य | कि.मि | | | |
| नहर संचालन तथा मर्मत | प्र.श | | | |
| तटवन्ध निर्माण | कि.मि | | | |

*नोटः प्रत्येक आयोजना तथा कार्यक्रमको प्रकृति अनुरुप इकाई पहिचान गरी सोको आधारमा प्रति इकाई लागत अनुमान बस्तुपरक निर्धारण गरी सोहि आधारमा उपरोक्त कार्यक्रम तथा आयोजनाको जम्मा लागत निकाल्ने ।*

# अनुसूचि २
## श्रोत अनुमान तथा प्रक्षेपण

| क्र.स. | विवरण | आ.व. ०७९/८०को यथार्थ | आ.व. ०८०/०८१ को संशोधित अनुमान | मध्यमकालीन वजेट अनुमान र प्रक्षेपण (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आ.ब. २०८१/०८२ | आ.ब.२०८२/०८३ | आ.ब.२०८३/०८४ | तीन वर्षको कूल |
| १ | खर्च अनुमान | १०३५९११ | ११४३५१० | ८७४९८४ | ९१८७३३ | १०१०६०७ | २८०४३२४ |
| | चालु खर्च | ६४१९५८ | ६३८२४६ | ५४२५०९ | ५६९६३५ | ६२६५९८ | १७३८७४२ |
| | पुँजीगत खर्च | ३९३९५३ | ५०५२६४ | ३३२४७५ | ३४९०९९ | ३८४००९ | १०६५५८२ |
| | वित्तीय व्यवस्था | ० | ० | ० | ० | 0 | ० |
| | कुल | १०३५९११ | ११४३५१० | ८७४९८४ | ९१८७३३ | १०१०६०७ | २८०४३२४ |
| २ | आय अनुमान | | | | | | |
| २.१ | आन्तरिक आय | २५२०३८ | ३९४९८० | ७१६०० | ७५१८० | ८२६९८ | २२९४७८ |
| २.२ | राजस्व बाँडफाँटबाट प्राप्त रकम (सङ्घीय सरकार) | १४७१६० | १४४१९७ | १५३१०० | १६०७५५ | १७६८३१ | ४९०६८६ |
| २.३ | राजस्व बाँडफाँटबाट प्राप्त रकम (प्रदेश सरकारवाट) | २८३०१ | २३८३४ | १९५६४ | २०५४२ | २२५९६ | ६२७०३ |
| २.४ | रोयल्टी बाँडफाँट (बिधुत) | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.५ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | ५५१५११ | ५४११८३ | ५८२१५१ | ६११२५९ | ६७२३८४ | १८६५७९४ |
| | समानिकरण अनुदान | २००७०० | १७३१०० | १७५००० | १८३७५० | २०२१२५ | ५६०८७५ |
| | ख.सशर्त अनुदान (चालु र पूँजीगत ) | ३४०८११ | ३४३५८३ | ४०११५१ | ४२१२०९ | ४६३३२९ | १२८५६८९ |
| | विषेश अनुदान | ० | ११५०० | ० | ० | 0 | ० |
| | समपुरक अनुदान | १०००० | १३००० | ६००० | ६३०० | ६९३० | १९२३० |
| २.६ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | ५०३४६ | ३९३१७ | ४८५६९ | ५०९९७ | ५६०९७ | १५५६६४ |
| | क.समानीकरण अनुदान | ११३४६ | १३१६७ | १२५६९ | १३१९७ | १४५१७ | ४०२८४ |
| | ख.सशर्त अनुदान (चालु र पूँजीगत ) | ११००० | १११५० | ११००० | ११५५० | १२७०५ | ३५२५५ |
| | ग. बिशेष अनुदान | ८००० | ० | ५००० | ५२५० | ५७७५ | १६०२५ |
| | घ. समपूरक अनुदान | २०००० | १५००० | २०००० | २१००० | २३१०० | ६४१०० |
| २.७ | आन्तरिक ऋण | ० | ० | ० | ० | ० | ० |
| २.८ | जनसहभागिता | ० | ० | ० | ० | ० | ० |
| ३ | मौज्दात रकम ( आन्तरिक आयमा गणना गरिएको) | | | | | | |
| | कुल | १०२९३५६ | ११४३५११ | ८७४९८४ | ९१८७३३ | १०१०६०७ | २८०४३२४ |

# अनुसूचि ३

## बजेट खर्च तथा स्रोतको विषय क्षेत्रगत त्रिबर्षीय अनुमान

### १। आर्थिक विकास क्षेत्र

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | | | खर्चको स्रोत (रु. हजार) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य श्रोत |
| २०८१/०८२ | ४५५४७ | २७३२८ | १८२१९ | १४६६२ | २५६३५ | ५२५० | |
| २०८२/०८३ | ४७८२४ | २८६९५ | १९१३० | १५३९५ | २६९१७ | ५५१३ | |
| २०८३/०८४ | ५२६०७ | ३४१९४ | १८४१२ | १६९३५ | २९६०८ | ६०६४ | |
| जम्मा | **१४५९७८** | **९०२१७** | **५५७६१** | **४६९९२** | **८२१६०** | **१६८२६** | |

### २ सामाजिक विकास क्षेत्र

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | | | खर्चको स्रोत (रु. हजार) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य श्रोत |
| २०८१/०८२ | ४१०१०४ | ३६७२२५ | ४२८७९ | ४१४२६ | ३५५२०० | १३४७९ | |
| २०८२/०८३ | ४३०६०९ | ३८५५८६ | ४५०२३ | ४३४९७ | ३७२९६० | १४१५३ | |
| २०८३/०८४ | ४७३६७० | ४१२५७७ | ६१०९३ | ४७८४७ | ४१०२५६ | १५५६८ | |
| जम्मा | १३१४३८३ | ११६५३८८ | १४८९९५ | १३२७७० | ११३८४१६ | ४३२०० | |

## ३ पूर्वाधार विकास क्षेत्र

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | | | खर्चको स्रोत (रु. हजार) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य श्रोत |
| २०८१/०८२ | २५१५४७ | १२५७७ | २३८९७० | २५२९० | १९९४०७ | २६८५० | |
| २०८२/०८३ | २६४१२४ | १३२०६ | २५०९१८ | २६५५५ | २०९३७७ | २८१९३ | |
| २०८३/०८४ | २९०५३७ | १४५२७ | २७६०१० | २९२१० | २३०३१५ | ३१०१२ | |
| जम्मा | ८०६२०८ | ४०३१० | ७६५८९८ | ८१०५४ | ६३९०९९ | ८६०५४ | |

## ४ वन, वाताबरण तथा विपद ब्यबस्थापन क्षेत्र

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | | | खर्चको स्रोत (रु. हजार) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य श्रोत |
| २०८१/०८२ | २१९८ | २१९८ | ० | २१९८ | ० | ० | |
| २०८२/०८३ | २३०८ | २३०८ | 0 | २३०८ | ० | ० | |
| २०८३/०८४ | २५३९ | २५३९ | 0 | २५३९ | ० | ० | |
| जम्मा | ७०४५ | ७०४५ | ० | ७०४५ | ० | ० | |

## ५ सुशासन तथा संस्थागत क्षमता विकास

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | | | खर्चको स्रोत (रु. हजार) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य श्रोत |
| २०८१/०८२ | १६५५८८ | १४०७५० | २४८३८ | १६०६८८ | १९१० | २९९० | |
| २०८२/०८३ | १७३८६७ | १४७७८७ | २६०८० | १६८७२२ | २००६ | ३१३९ | |
| २०८३/०८४ | १९१२५४ | १६८३०४ | २२९५० | १८५५९५ | २२०६ | ३४५३ | |
| जम्मा | ५३०७०९ | ४५६८४१ | ७३८६८ | ५१५००५ | ६१२२ | ९५८२ | |